# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

खोटाङको नौलामा वि.सं २००३ असार १५ गते पिता शिव प्रसाद लम्साल र माता चन्द्रवदना लम्सालका दोस्रो पुत्रका रूपमा विश्वगोपाल लम्सालको जन्म भएको हो । उनले खोटाङबाट भोजपुर आएर प्राथमिक र निम्न माध्यमिक शिक्षा पूरा गरेका हुन् । अनौपचारिक शिक्षा मार्फत माध्यमिक वा सोसरहको शिक्षा हासिल गरेका लम्सालले राजविराजबाट दर्शनशास्त्र र साहित्य विषयको अध्ययन गरी आई.ए. उत्तीर्ण गरेका हुन् । वि.सं २०२६ सालमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकको उपाधि हासिल गरेका लम्सालले पछि उच्चशिक्षा स्नातकोत्तरमा भर्ना भए पनि कार्यव्यस्तता र समय अभावका कारण अध्ययन पूरा गर्न सकेनन् ।

वि.सं २०२१ सालमा सरकारी नोकरी गर्न सुरू गरेका लम्साल उपसचिव तहको कार्यभार सम्हाल्दै साहित्य सिर्जनालाई अगाडि बढाएका व्यक्ति हुन् । उनी **आवरण** (२०२८) उपन्यास लेखेर नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेका व्यक्ति हुन् । पद्य साहित्यमा भन्दा गद्य साहित्यमा विशेष अभिरूचि राख्ने लम्सालका हाल सम्ममा पाँच वटा उपन्यास **आवरण** (२०२८), **प्रतिशोध** (२०२९), **अन्तिम परिच्छेद** (२०३६), **कलंकिनी** (२०४२), **सम्बन्ध** (२०६७) प्रकाशित भइसकेका छन् ।

उपन्यास लेखन बाहेक **सपना** (२०३१), **सपनाको विहे** (२०३२) गीति काव्य, **मुक्तकै मुक्तक** (२०४५) मुक्तक नाटक, **रसिक बूढो अन्योलमा** (२०४१) गीति नाटक, **आऊ गला मिलाऊ** (२०६६) दोहोरी गीत, **असह्य प्रेम** (२०६६) खण्डकाव्य प्रकाशित भएका छन् । उनले साहित्यका विविध विधामा कलम चलाए पनि उनी मूलतः उपन्यासकार नै हुन् । उपसचिवबाट अवकाश लिई साहित्य सिर्जनामा केन्द्रित रहेका लम्साल पछिल्लो समयमा मधुमेह, उच्च रक्तचाप, हड्डी खिइने आदि रोगबाट पीडित जीवन बिताइ रहेका छन् । यस्तो व्यक्तित्वका

बारेमा अहिले सम्म गरिएका खोज र अनुसन्धानलाई आधार बनाई अझ बढी खोज र अनुसन्धान गरी यस शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा प्रकाश पारिएको छ । **विश्वगोपाल लम्सालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** नामक यस शोध शीर्षकको पहिलो परिच्छेदमा समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि, र शोधपत्रको रूपरेखाको बारेमा चर्चा गरिएको छ ।

## १.२ समस्याकथन

विश्वगोपाल लम्साल नेपाली साहित्यका उपन्यास, गीत, नाटक, खण्डकाव्य जस्ता विविध विधामा कलम चलाउदै आएका व्यक्ति हुन् । उनका पाँच वटा उपन्यास, दुई वटा गीति काव्य, एक दोहोरी गीत, एक खण्डकाव्य, एक गीति नाटक, र एक मुक्तक नाटक प्रकाशित भइसकेका छन् । उनको **रसिक बूढो अन्योलमा** गीति नाटक मैथिली भाषामा समेत अनुवाद भएको छ र यस कृतिले पटनामा अखिल भारतीय मैथिली नाटकबाट सम्मान र पुरस्कार समेत प्राप्त गरेको छ ।

नेपाली साहित्य जगतमा संख्यात्मक र गुणात्मक दुवै योगदान दिएका यस्ता व्यक्तिको जीवनी, व्यक्तित्व, र कृतित्वको प्राज्ञिक शोधबाट वास्तविकता उजागर गर्नु पर्ने ज्ञानात्मक पक्ष हो । यही मुख्य समस्यामा केन्द्रित भएको प्रस्तुत शोधकार्यका अन्य समस्याहरू निम्न लिखित छन् :

(क) विश्वगोपाल लम्सालको जीवनी के कस्तो छ ?

(ख) विश्वगोपाल लम्सालको व्यक्तित्वका के-कस्ता पाटाहरू छन् ?

(ग) विश्वगोपाल लम्सालका साहित्यिक कृतिहरू के कस्ता छन्  ?

## १.३ शोधकार्यको उद्देश्य

यस शोधकार्य अन्तर्गत उपर्युक्त समस्या कथनसँग सम्बधित निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(क) विश्वगोपाल लम्सालको जीवनी प्रस्तुत गर्नु,

(ख) विश्वगोपाल लम्सालका व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु,

(ग) विश्वगोपाल लम्सालका साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कुनै पनि जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गर्ने पृष्ठभूमिमा सम्बन्धित विषयमा केही न केही अध्ययन भएको हुन्छ । यसरी भएको अध्ययनमा कुनै विषयमा बढी कुनै विषयमा न्यून अध्ययन भएको हुन्छ । विश्वगोपाल लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने कार्यमा नेपाली समालोचना जगतले पनि चेष्टा गरी रहेको नै देखिन्छ । तिनलाई संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ -

तारानाथ शर्मा (२०२८) ले **आवरण** उपन्यासको प्रकाशकीयमा उपन्यासकारलाई आफ्नै उपन्यास लेखन शैलीका अनुकरणकर्ता मानेका छन् । उनले लम्सालको उपन्यासकारिताको यसरी प्रशंसा गरेका छन् - “लम्सालजीको उपन्यासमा मेरो लेखन शैली प्रतिविम्वित भएको छ ।”

जगदीश साहु (२०३६) ले **अन्तिम परिच्छेद** उपन्यासको भूमिकामा विश्वगोपाल लम्सालको उपन्यास कारिताका बारेमा छोटो कुरा लेखेका छन् - “विषय वासना प्रतिको क्षुद्र आसक्तिबाट उत्पन्न हुने मानसिक विकार जस्ता सूक्ष्म मनोवैज्ञानिक विषयलाई सफलता पूर्वक औपन्यासिक रूप दिएर लम्साल ज्यूले निसन्देह नेपाली साहित्यको एउटा ठूलो खाँचो पूरा गरिदिनु भएको छ ।”

घटराज भट्टराई **(२०५६) ले नेपाली लेखककोश** मा विश्वगोपाल लम्साललाई विविध विधामा कलम चलाएका तर उपन्यास लेखनमा सफल भएका लेखक मानेका छन् । भट्टराईका अनुसार लम्सालका रचना सामाजिक परिवेशमा आवद्ध छन् र लम्सालका लगन र सिर्जनात्मक प्रतिभाले उपन्यासमा राम्रो अभिव्यक्ति पाएका छन् ।

दधिराज सुबेदी (२०६६) ले **असह्य प्रेम** खण्डकाव्यको भूमिकामा भनेका छन् - "लम्साल ज्यू द्वारा रचिएको प्रस्तुत काव्यलाई नेपाली काव्य मालाको एक पवित्र पुष्पका रूपमा स्वीकार्दै कवि, कला, र पाठकको पवित्र सम्बन्धलाई सहर्ष स्वीकार्न सकिन्छ ।"

बालकृष्ण पोखरेल (२०६६) ले **असह्य प्रेम** खण्डकाव्यको भूमिकामा विश्वगोपाल लम्सालको काव्यलाई प्रतीकको एउटा सफल प्रयोग मानेका छन् ।

मदनकुमार कार्की (२०६६) ले **आऊ गला मिलाऊ**को प्रथम संस्करणमा यो लम्सालको सम्पूर्ण व्यक्तित्व झल्किएको कुरा बताएका छन् । लम्सालको यस कृतिको प्रशंसा गर्दै देवकोटाको मुनामदनसँग तुलना गरेका छन् । कार्कीले साहित्यका विविध विधामा कलम चलाउने लम्साललाई यति विध्न कृतिका जन्म दाता भएर पनि कुनै पदक वा पुरस्कार पाएका छैनन्, भन्ने जानकारी गराउँदै यस सर्न्दभमा लम्सालको भनाइलाई जस्ताको तस्तै अघि सारेका छन् - "महाकवि भोकभोकै मर्ने देश हो यो यहाँ हामी जस्ताको के पुछारी ।" कार्कीले लम्सालको यो भनाइको पनि निक्कै प्रशंसा गरेका छन् ।

रमेश भट्टराई पाखे (२०६७) ले **सम्बन्ध** उपन्यासको भूमिकामा भनेका छन् - "प्रेम र वासनालाई नै उद्देश्य बनाउने परम्परालाई तोड्दै यिनलाई औपन्यासिक श्रृङ्गार वा साधनको रूपमा मात्र प्रयोग गर्न पनि त्यत्तिकै सिद्धहस्त देखिनु हुन्छ ।"

विश्वगोपाल लम्सालका बारेमा आजसम्म गरिएका चर्चाहरू यिनै हुन् । यी फाट्टफुट्ट चर्चाहरूले विश्वगोपाल लम्साललाई केही हदसम्म साहित्यिक क्षेत्रमा स्थापित गराउनमा ठूलो सहयोग गरेका छन् । तर अहिलेसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गहन र व्यवस्थित अध्ययन अनुसन्धान हुन सकेको छैन । उनका आजसम्म जे जति अध्ययन भएका छन् ती अपूर्ण र अधुरा नै रहेका छन् । यसर्थ यिनै अभावको परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गर्न खोजिएको हो ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार विश्वगोपाल लम्साललाई चिनाउने प्रयास गरिएको छ । यस्तै नेपाली साहित्यको विकासका निम्ति विश्वगोपाल लम्सालले पुऱ्याएको मुख्य

योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गरिएको छ, साथै विश्वगोपाल लम्सालको जीवन, व्यक्तित्व र कृतित्त्वको अध्ययनमा केन्द्रित भई अध्ययन, विश्लेषण एवम् मूल्याङ्न गरिने हुनाले आउने पिँढीलाई यिनका बारेमा तथा यिनका कृतिहरूका बारेमा वस्तुगत जानकारी उपलब्ध हुने छ । यिनका बारेमा आजसम्म पूर्णतया अध्ययन हुन नसकेको सन्दर्भमा अध्ययनको आफ्नै औचित्य रहेको छ ।

**विश्वगोपाल लम्सालको जीवनी व्यक्तित्व र कृतित्त्व** शीर्षकको प्रस्तुत शोधपत्रले यिनका बारेमा अध्ययन गर्ने अध्येतालाई थप सहयोग पुऱ्याउने छ । यसरी नै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि प्रस्तुत शोधपत्रले महत्त्वपूर्ण टेवा पुऱ्याउने छ । यी विविध दृष्टिकोणले प्रस्तुत शोधपत्र औचित्यपूर्ण हुन पुगेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

साहित्यकार विश्वगोपाल लम्सालले साहित्यका विविध क्षेत्रमा कलम चलाएका छन् । यस शोधपत्रमा जीवनीका महत्त्वपूर्ण घटना, व्यक्तित्वका महत्त्वपूर्ण पक्षहरू, र उनका प्रकाशित आख्यान भित्रका यौनमनोवैज्ञानिक, सामाजिक, आत्मपरक उपन्यासको परिचय सहित उपन्यास तत्त्वका आधारमा विश्लेषण गरिएको छ । उनको खण्डकाव्य र गीति नाटकको पनि विधागत तत्त्वका आधारमा विश्लेषण गरिएको छ र गीतिकाव्य, मुक्तक नाटक, आदि लेखहरूको यथासम्भव सूची प्रस्तुत गरिएको छ । यिनै विषयवस्तुको अध्ययनमा यो शोधकार्य सीमित रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

## १.७.१ सामग्री सङ्कलन विधि

यस शोधकार्यको निर्माणमा सामग्री सङ्कलनको रूपमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका स्रोतहरूको उपयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा शोध नायकसँग प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिनुका साथै उनका

परिवार र निकटका व्यक्तिसँग सम्पर्क गरी, उनका विषयमा आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरिएको छ ।

त्यसैगरी विश्वगोपाल लम्सालका कृति तथा कृतिका बारेमा लेखिएका भूमिका र मन्तव्यलाई पनि सहायक सामग्रीका रूपमा प्रस्तुत गरिएको छ । द्वितीय स्रोतका रूपमा विभिन्न पत्र-पत्रिका, पुस्तकहरूको प्रयोग, पुस्तकालय अध्ययनबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ शोधविधि

प्रस्तुत शोधकार्यमा विश्वगोपाल लम्सालका जीवनी अध्ययनका क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार मानिएको छ र कृतिपक्षको र विधागत सैद्धान्तिक तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोधपरिचय |
| दोस्रो परिच्छेद : | विश्वगोपाल लम्सालको जीवनी |
| तेस्रो परिच्छेद : | विश्वगोपाल लम्सालको व्यक्तित्व |
| चौथो परिच्छेद : | विश्वगोपाल लम्सालको कृतित्वको अध्ययन, |
| पाँचौ परिच्छेद : | उपसंहार |

उपर्युक्त परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजित गरी अध्ययन गरिएको छ । शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्री सूची पनि समावेश गरिएको छ ।

# दोस्रो परिच्छेद

## विश्वगोपाल लम्सालको जीवनी

### २.१ विषय परिचय

यस परिच्छेदमा साहित्यकार विश्वगोपाल लम्सालको जीवनीलाई चिनाउने प्रयास गरिएको छ । उनको वंश परम्परा, जन्म र जन्मस्थान, बाल्यकाल, उपनयन संस्कार, शिक्षादीक्षा, दाम्पत्य जीवन र छोराछोरी, पारिवारिक वियोग, आर्थिक अवस्था, बसोबास, कार्यक्षेत्र, साहित्य लेखन, प्रेरणा र प्रभाव, लेखनको प्रारम्भ र प्रकाशित कृतिहरू, पुरस्कार तथा सम्मान, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय भ्रमण, रूचि तथा स्वभाव, साहित्यिक मान्यता र जीवनदर्शन प्रस्तुत गरिएको छ ।

### २.२ वंश परम्परा

खोटाङ्ग बर्बोटे र नौला गाउँका विर्ताका लम्सालहरू विश्वगोपाल लम्सालका पुर्खा हुन् । **लम्साल वंशावली, शिवा सन्तति महाकाव्य** (२०४२) १७५.पृ. मा उल्लेख गरिएअनुसार विश्वगोपाल लम्साल ब्रजलालका पाँचौ पुस्ताका सन्तति हुन् । व्रजलालका तिन छोराहरू भए । देवी भक्त, विष्णु भक्त र हरिचरण । विष्णु भक्तका जयप्रसाद नाम गरेका एक मात्र छोरा भए । जयप्रसादका चार छोरा जन्मिए ती हुन् इश्वरी, शिव प्रशाद, अम्विका, लटराज । शिवका छ जना छोराहरू शंकर, विश्वगोपाल, प्रभाकर, विद्या, विनोद र विकास हुन् । विश्वगोपाल लम्साल जय प्रसादका नाति र शिव प्रसादका छ भाइ छोरामध्येका माइला छोरा हुन् ।

### २.३ जन्म र जन्मस्थान

विश्वगोपाल लम्सालको जन्म शिव प्रसाद लम्साल र उनकी श्रीमती चन्द्रवदना लम्सालका कोखबाट वि.सं २००३ असार १५ गते खोटाङ्गको नौलामा भएको हो । यिनको न्वारनको नाम कुमार लम्साल हो । उनका माता-पिताले उनको नाम गोपाल राखिदिएका थिए ।

उनले पछि माता-पिताले नामकरण गरेको 'गोपाल' शब्द मात्र पनि उनलाई स्वीकार भएन र 'गोपाल' अघि 'विश्व' जोडेर आफ्नो नाम आफैले राखेको देखिन्छ ।

## २.४ बाल्यकाल

बाल्यकाल जीवनयात्राको एक महत्त्वपूर्ण क्षण हो । यस समयमा बालमस्तिष्कमा पर्न गएका छापहरूले पछिसम्म प्रभाव पारिरहेको हुन्छ । यस उमेरमा जुनसुकै बालक पनि बालसुलभ आचरण मनोरञ्जन तथा खेलकुदमा रमाउने र बिताउने गर्दछन् । कतिपय मानिसको बाल्यकालमा थुप्रै आपत्- विपत् आइपर्छन् जसको कारणले उसको शारीरिक तथा मानसिक विकासमा समेत असर पर्न जान्छ । मध्यम वर्गीय परिवारमा जन्मेका विश्वगोपाल लम्सालको बाल्यकालमा नै आमाको दुःखद निधन भयो । त्यसपछि सौतेनी आमासँग मिल्न नसकेका कारण सानैदेखि उनको स्वभिमान जुर्मुरायो र १७ वर्षको उमेर देखि नै स्वाबलम्बी बन्दै सङ्घर्षमा होमिएका पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । बाल्यकालमा नै आमाको मायाबाट बञ्चित हुन पुगेका कारण सानै उमेर देखि विभिन्न दुःख, कष्ट र संघर्ष गर्दै उनको बाल्यकाल बितेको पाइन्छ ।

## २.५ उपनयन संस्कार

हिन्दू संस्कार अनुसार ब्राह्मण र क्षेत्रीय कुलमा छोरालाई ब्रतबन्ध गराई जनै लगाइदिने, गुरुमन्त्र सुनाउने परम्परा पाइन्छ । त्यसैअनुरूप विश्वगोपाल लम्सालको उपनयन संस्कार वि.सं २०१५ सालमा १२ वर्षको उमेरमा वैदिक विधि अनुसार खोटाङको नौलामा भएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.६ शिक्षादीक्षा

सानैमा आमाको निधन भएका कारण विश्वगोपाल लम्सालले सानै उमेर देखि नै धेरै संघर्ष गरेको पाइन्छ । उनले खोटाङमा सामान्य लेखपढ गर्न सुरू गरे पनि भोजपुरमा आएर प्राथमिक र निम्न माध्यमिक तह सम्मको औपचारिक शिक्षा हासिल गरेको पाइन्छ भने माध्यमिक तहको शिक्षा चाँहि लम्साले सानातिना नोकरी गर्दै, विराटनगरका कार्यलयहरू चाहार्दै

अनौपचारिक रूपमा पूरा गरेको पाइन्छ । त्यसपछि राजविराजमा दर्शनशास्त्र र साहित्यको अध्ययन गरी आई.ए उत्तीर्ण गरे । वि.सं २०२६ सालमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकको उपाधि हासिल गरे । पढाइमा उनी सधै अब्वल थिए । स्कुल तथा कलेजमा आयोजना गरिएका विविध साहित्यिक प्रतियोगितामा उनी सधै पुरस्कृत हुने गर्थे । पछि त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तरमा भर्ना भएका लम्साल कार्यव्यस्तता र समय अभावका कारण अध्ययन गर्ने मन हुँदाहुदै पनि पूरागर्न नसकेको बताउँछन् । उनी अनौपचारिक रूपमा अध्ययन, चिन्तन, मनन आदिजस्ता कार्यहरूमा भने निरन्तर लागिरहेको पाइन्छ ।

## २.७ दाम्पत्य जीवन र छोराछोरी

विश्वगोपाल लम्सालले वि.सं २०३२ सालमा विराटनगर बालिका विद्यालयकी विज्ञान विषयकी शिक्षिका सुशीला शर्मासँग हिन्दू परम्परा र संस्कार अनुसार विवाह गरेका हुन् । सुशीलाबाट निरन्तर गृहस्थी जीवनमा सहयोग जारी रह्यो । उनका दुई छोरी र एक छोरा जन्मिए । वी.ए.सम्म पढेकी जेठी छोरीको विवाह विराटनगरमा भयो । कान्छी छोरी डाक्टर भइन् । कृषि विषयमा वी.एस्.सी.अनर्स गरेर विदेश गएका छोरा अध्ययन पूरा गरी हाल नेपालमा नै फर्किएका छन् (सुशीला शर्माबाट प्राप्त जानकारी अनुसार) ।

विश्वगोपाल लम्सालको परिवार सानो र सुखी छ । दुई छोरी र एक छोरामात्र रहेका लम्सालले आफ्ना सन्तानलाई शिक्षादीक्षाको राम्रो प्रवन्ध मिलाएको देखिन्छ ।

## २.८ पारिवारिक वियोग

प्रत्येक मानिसको जीवनमा सुख दुःखको आरोह-अवरोह भइरहन्छ । मानिसका जीवनमा सधैखुसी मात्र आउदैन् दुःख पनि आउछ । वि.सं २००६ सालमा आमा गुमाएका विश्वगोपाल बाल्यकालमा नै आमाको मायाबाट वञ्चित हुनु पऱ्यो । सानै उमेरदेखि अनेक दुःख र संघर्ष गर्दै अघि बढेका लम्सालकी सासूको वि.सं २०४४ सालमा भेलोरमा दुःखद निधन भएको पाइन्छ । त्यसपछि क्रमस ससुरा वि.सं २०५० मा र त्यसको दश वर्षपछि बाबु शिव प्रसाद लम्सालको निधन भयो (सुशीला शर्माबाट प्राप्त जानकारीअनुसार) । यसरी लम्साल दम्पतीका आमाबाबु चारैजनाको निधनले उनलाई हालसम्म पनि पीडाको अनुभूति गराइरहेको छ ।

## २.९ आर्थिक अवस्था

सानो उमेरमा नै आमाको मृत्यु भएका कारण सौतेनी आमासँग मिल्न नसकेर १७ वर्षको उमेरदेखि स्वावलम्बी बन्दै सङ्घर्षमा होमिएका लम्सालले पैत्रिक सम्पतिको कुनै आड नलिइ आफै संघर्ष गरेर जीवनयापन गरेको बताउँछन् । उनी हाल विराटनगर मधुमारा-११ आफ्नै मिहिनेत र परिश्रमले कमाएको दुई तले घरमा बस्तै आएका छन् । लम्सालका आम्दानीका स्रोतहरू यस प्रकार छन् :

- लम्सालको उपसचिव पदबाट प्राप्त हुने पेनसन ।
- श्रीमती सुशीला शर्माको स्कुलबाट प्राप्त हुने पेनसन ।

परिवारका दुईजना सदस्यबाट पेनसन मात्र अम्दानीको स्रोत भएका लम्साल हाल घर भाडामा लगाउने तयारीमा छन् भने उनका छोरा पनि जागिर खाने तरखरमा छन् (सुशीला शर्माबाट प्राप्त जानकारीअनुसार) । समग्रमा हेर्दा लम्सालको आर्थिक स्थिति मध्यम नै रहेको देखिन्छ ।

## २.१० बसोबास

विश्वगोपाल लम्सालको बाल्यवस्था खोटाङ्गको नौलामा नै बितेको पाइन्छ । युवावस्था र प्रौढावस्था जागिरका क्रममा राजविराज, काठमाडौं र विराटनगरमा विताए । विराटनगर मधुमालामा आफ्नै मिहिनेत र कमाइले निर्माण गरेको घरमा हाल स्थायी रूपमा बसोबास गर्दै आएका छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.११ कार्यक्षेत्र

१७ वर्षको उमेरदेखि नै स्वावलम्बी बन्दै सङ्घर्षमा होमिएका लम्सालले नोकरी गर्दै विराटनगरका कार्यलयहरू चाहार्दै राजविराजमा धेरै संघर्ष गरेका थिए । केशोअनिरुद्ध बालिका विद्यालयमा १८ महिना अध्यापन समेत गराएका थिए । वि.सं २०२१ सालदेखि सरकारी नोकरी गर्न सुरू गरेका लम्साल मन्त्रालयको उपसचिव पदबाट वि.सं २०६० सालमा अवकाश लिएका

छन् । लम्सालले आफै नाटक लेखी पूर्वदेखि पश्चिमसम्म मञ्चन समेत गराएका छन् । फुर्सदको समयमा साहित्यलेखन, अध्ययन, चिन्तन, मनन गर्ने उनको बानी छ । अन्य सामाजिक सङ्संस्था र समाजसेवाका कुनै काम नगरेको बताउँने लम्साल हाल निक्कै अस्वस्थ हुन पुगेका छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.१२ साहित्यलेखन

कुनै पनि साहित्यकारले लेख, रचना, कविता, कथा, उपन्यास आदि सिर्जना गरेको हुन्छ र कसै न कसैको प्रभाव वा प्रेरणा प्राप्त गरेको हुन्छ । प्रसिद्ध साहित्यकारहरूका कृतिहरूको अध्ययन, प्रेम प्रसङ्ग, प्रियजनको बिछोड आदिका कारणले पनि साहित्यसिर्जना हुने गर्दछ । विविध ठाउँमा भ्रमण गर्दा प्राप्त हुने प्राकृतिक र सांस्कृतिक पक्षले पनि व्यक्तिलाई साहित्यिक बनाउछ । विश्वगोपाल लम्सालको लेखनकार्यको जागररूकतामा पनि यस्तै विभिन्न क्षेत्र एवम् व्यक्तिबाट प्रभाव र प्रेरणा परेको पाइन्छ ।

### २.१२.१ प्रेरणा र प्रभाव

विश्वगोपाल लम्साल, घरायसी वातावरण, आफ्नै प्रेम प्रसङ्ग, प्रेम प्रसङ्गमा पाएको धोका, सानै उमेरदेखि स्वाबलम्वी बन्दै सङ्घर्ष गर्दा पाएको दुःख, सुख, जागिरका क्रममा गरेका विविध अनुभव ग्रामीण देखि सहरी परिवेशको समेत अनुभव गरेका लम्साल यिनै विविध कारणले साहित्य लेखनतर्फ प्रेरित भएको देखिन्छ ।

विश्वगोपाल लम्सालको पुर्ख्यौली पारिवारिक परिवेश, खोटाङ्ग देखिन्छ भने हालको स्थायी बसोबास विराटनगर देखिन्छ । फलतः लम्सालको साहित्य लेखन ग्रामीण र सहरीया परिवेश, जागिरे जीवनमा भोगेका र देखेका देशविदेशका विविध प्राकृतिक, सांस्कृति, राजनीतिक वातावरण आदिले प्रभाव पारेको पाइन्छ । स्वाध्ययनको उत्तरोत्तर प्रगति, दुर्गम ठाउँमा बस्ने नेपाली जनताहरूका पीडा, आर्थिक र राजनीतिक कारणले जन्माएका विविध समस्या अनि रूढिवादी र परम्परागत धारणाहरू उनका साहित्य लेखनका प्रेरणाका अन्य स्रोत बनेका छन् ।

पाश्चात्य साहित्यकार हेमिङ्वे, मोपासा, स्टेनवर्ग र नेपाली साहित्यकारहरूमा सम, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, विश्वेश्वरप्रसाद कोइराला, विजय मल्ल, लैनसिंह

वाङ्देलका कृतिहरूको अध्ययन पनि उनका आंशिक प्रेरणाका स्रोत रहेको पाइन्छ (केशवप्रसाद उपाध्यायबाट प्राप्त जानकारीअनुसार) । लम्सालले अति मनपराएको कृतिहरूमा सुलोचना महाकाव्य, भिखारी कविता आदि हुन् । यी कृतिले उनलाई निकै प्रभावित पारेका छन् ।

## २.१२.२ लेखनको प्रारम्भ र प्रकाशित कृतिहरू

विश्वगोपाल लम्सालले कलेज पढ्दा देखि नै कविता, निवन्ध तथा कथा लेखनको अभ्यास गरेको जानकारी पाइन्छ । हालसम्म उनका पुस्तककार कृतिका रूपमा उपन्यास, गीतिकाव्य, मुक्तक नाटक र खण्डकाव्य रहेका छन् । उनको **रसिक बूढो अन्योलमा** नाटक प्रदर्शन पनि भएको छ । उनका उपन्यास र अन्य कृतिहरूको प्रकाशन कालक्रमिक रूपमा निम्नअनुसार रहेको पाइन्छ :

| **क.सं.** | **प्रकाशित कृति** | **प्रकाशित वर्ष** | **विधा** |
|---|---|---|---|
| १. | **आवरण** | वि.सं २०२८ | उपन्यास |
| २. | **प्रतिशोध** | वि.सं २०२९ | उपन्यास |
| ३. | **सपना** | वि.सं २०३१ | गीति काव्य |
| ४. | **सपनाको विहे** | वि.सं २०३२ . | गीति काव्य |
| ५. | **अन्तिम परिच्छेद** | वि.सं २०३६ | उपन्यास |
| ६. | **रसिक बूढो अन्योलमा** | वि.सं २०४१ | गीति नाटक |
| ७. | **कलंकिनी** | वि.सं २०४२ | उपन्यास |

| | | | |
|---|---|---|---|
| ८. | **मुक्तकै मुक्तक** | वि.सं २०४५ | मुक्तक नाटक |
| ९. | **आऊ, गला मिलाऊ** | वि.सं २०६६ | दोहोरी गीत |
| १०. | **असह्य प्रेम** | वि.सं २०६६ | खण्डकाव्य |
| ११. | **सम्बन्ध** | वि.सं २०६७ | उपन्यास |

## २.१३ पुरस्कार तथा सम्मान

असल काम गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय बनाउनका लागि इनाम तथा सम्मान दिइने गरिन्छ । यस्ता किसिमका पुरस्कार तथा सम्मानले व्यक्तिमा अझै हौसला प्रदान गर्दछ र उसलाई लगनशील, बनाउछ । लम्साल सानैदेखि विद्यालय तथा कलेज स्तरमा कविता, कथा, निवन्ध प्रतियोगितामा पुरस्कार पाउने गरेको पाइन्छ । उनको **रसिक बुढो अन्योलमा** नाट्य कृतिले पटनामा अखिल भारतीय मैथिली नाटकबाट पुरस्कार समेत प्राप्त गरेको छ ।

यति विध्न कृतिका जन्मदाता भएर पनि हालसम्म कुनै ठूलो सम्मान, प्रशंसापत्र र पुरस्कारहरू भने प्राप्त गरेका छैनन् । यस सन्दर्भमा लम्सालको भनाइ यस्तो छ, 'महाकवि भोकभोकै मर्ने देश हो, यो यहाँ हामी जस्ताको के पुछारी' । ( मदनकुमार, कार्की, **गीति काव्य** २०६६ : प्रकाशकीय) ।

## २.१४ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय भ्रमण

खोटाङ्गको नौलामा जन्मेका विश्वगोपाल लम्साल हाल विराटनगरमा स्थायी रूपमा बसोबास गरिरहेका छन् । उनले जागिरका क्रममा देशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । जागिरे जीवन, व्यस्तताकाकारण भारत बाहेक अन्तराष्ट्रिय भ्रमण गर्ने अवसर नपाएका लम्साल नेपालका पूर्वीपहाडी जिल्ला, खोटाङ्ग, भोजपुर, संखुवासभा, सुनसरी, मोरङ्, सप्तरी, झापा, काठमाडौं, लगायत सुर्खेत, नेपालगन्ज, पोखरा, लगायतका थुप्रै स्थानको भ्रमण गरेका छन् ।

यिनै ठाउँहरूको अवलोकन र भ्रमण गर्दा विभिन्न अनुभवको प्रभाव उनका कतिपय कृतिमा भेटिन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.१५ रुचि तथा स्वभाव

मान्छेको रुचिले उसको व्यक्तित्व निर्धारण गर्दछ । विश्वगोपाल लम्सालका पनि विविध रुचि र स्वभाव रहेका पाइन्छन् । सरल, सहज व्यवहार एवम् मिलनसारिता र मृदुभाषिताले यिनको स्वभाव निष्कपट देखिन्छ । सकभर साधारण पहिरनमा हिड्ने, सफा र आफूलाई चटक्क सुहाउँने सट, पाइन्ट, सुट, टाई, लगाउँने तथा मौसम अनुसारको कपडा लगाउँने उनी दाल, भात, तरकारी, अचार लगायका अन्य परिकार पनि उनलाई अत्यन्त मन पर्छ (प्रतिमा दाहाल र सुशीला शर्माबाट प्राप्त जानकारी अनुसार) ।

कार्यका हिसाबले मन्त्रालयको उपसचिव सेवामा प्रवृत्त भएपनि सबै मानिससँग समान र न्यायोचित व्यवहार देखाउनु उनको स्वभाव रहेको छ । निम्नस्तरका मान्छेहरूप्रति सहानुभूति व्यक्त गर्ने, सामन्ती सोच भएका व्यक्तिहरूप्रति रोष व्यक्त गर्ने, भूगोलप्रति माया, अन्ध परम्पराप्रति सुधारको अपेक्षा राख्ने, देशप्रेम, समाजसुधारको चाहना राख्ने, अनुशासन र नीतिप्रति बढी झुकाउ राख्ने स्वभावका विश्वगोपाल लम्साल शिक्षा र सिर्जनशीलतामा बढी जोड दिन्छन् । व्यक्तिगत स्वार्थ भन्दामाथि उठेर देश र जनताका निम्ति काम गर्ने, वर्गीयताको अन्त्य, समानता र मानवताको व्यवहार गर्ने स्वभाव उनमा पाइन्छ ।

## २.१६ साहित्यिक मान्यता र जीवन दर्शन

जुनसुकै स्रष्टाका सिर्जनाको विश्लेषण एवम् मूल्याङ्कन गर्न उसको जीवन दृष्टि र चिन्तनको अध्ययन गर्नु पर्ने हुन्छ । साहित्यिक कृतिको यथार्थ मूल्याङ्कन गर्नका लागि जीवन, जगत्प्रतिको दृष्टिकोणलाई पनि बुझ्न नितान्त आवश्यक हुन्छ । यसले साहित्यकारको सिर्जनाको धरातल निर्माण गर्दछ । जीवन जगत्का विविध पक्षले उसको चिन्तन र अनुभूतिमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । लम्सालका उपन्यास, गीति नाट्य, खण्डकाव्यमा विविध मानसिक स्थिति, नेपाली समाजका पीडा, रूढीवादी परम्परागत गलत धारणाप्रति व्यङ्ग्य, नारीका समस्या र वैयक्तिक प्रेमको आघात परेर छट्पट्टिएको स्थिति आदि विषय

वस्तुले स्थान पाएका छन् । उनी साहित्यमा मानवीय जीवनको संवेदना देखाउन चाहन्छन् । समाजमा देखिने विखण्डन, अन्याय, अत्याचार र विसङ्गत पक्षको विरोध गरी समाजलाई सुधारको बाटो देखाउनु उनका उपन्यास खण्डकाव्य र गीति नाटकको उद्देश्य रहेको पाइन्छ । समाजमा रहेका विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै समाजलाई सुधारको मार्ग देखाएर प्रत्येक मानिसले प्रगति गर्नुपर्छ र समाजमा आफू पनि माथि उठ्दै समाज सँगसँगै राष्ट्रलाई पनि सुधार गर्नु पर्छ भन्ने धारणा उनका उपन्यास र अन्य कृतिमा पाइन्छ ।

विश्वगोपाल लम्साल मूलतः मनको गहिराइबाट बोल्ने उपन्यासकार हुन् । मनोविज्ञानले मानिसको अर्न्तद्वन्द्वलाई सूक्ष्म रूपले विश्लेषण गरेर अचेतनका यथार्थहरूको अन्वेषण गर्दछ । विश्वगोपाल लम्साल मनोविज्ञानका व्याख्याता होइनन् तर उनी आफ्ना उपन्यासहरूमा जे भन्छन् वा बोल्छन्, ती कुराहरूको आधार भने मनोविज्ञान अवश्य हो । उपन्यासकार, खण्डकाव्यकार, गीतिनाटककार भएको नाताले कलात्मक सौन्दर्यको तहमा उक्लेर उनले मानिसको मनभित्रका तमाम संवेदना, चेतना र वृत्तिलाई विभिन्न माध्यमबाट प्रकाशित पारेका छन् । विश्वगोपाल लम्साले उपन्यासमा मौलिक, सामाजिक र यौनमनोवैज्ञानिक आख्यान लेखनलाई नै उच्चता दिएका छन् । उनले विषय वासना प्रतिको क्षुद्र आसक्तिबाट उत्पन्न हुने मानसिक विकार जस्ता सूक्ष्म मनोवैज्ञानिक विषयलाई सफलतापूर्वक औपन्यासिक रूप दिएका छन् । समाजमा रहेको रूढीवादी अन्धविश्वासी परम्पराको विरोधगर्दै स्वास्थ्य तथा समुन्नत समाजको परिकल्पना गरेका छन् । उनका उपन्यासमा राष्ट्रप्रेमको भावना झल्किएको पाइन्छ ।

लम्सालले पछिल्लो उपन्यासमा भने प्रेम र वासनालाई नै उद्देश्य बनाउने परम्परालाई तोड्दै यिनलाई औपन्यासिक श्रृङ्गार वा साधनको रूपमा मात्र प्रयोग गर्न पनि त्यक्तिकै सिद्धहस्त देखिएका छन् । उनका उपन्यासमा नौली जस्ता अपाङ्ग, सोझा, सिधा नारीप्रति समाजले हेर्ने दृष्टिकोण, समाजका धनी वर्गले नोकरचाकरप्रति गर्ने कुव्यवहार र उनीहरूले भोग्नु परेका पीडालाई मार्मिक ढङ्गले चित्रण गरेको पाइन्छ । सरकारी कर्मचारीले गर्ने नारी शोषण, वलत्कार, कर्मचारीको घुस खाने प्रवृति, वनकार्यलय र यातायात विभागका कर्मचारीको भ्रष्ट प्रवृतिको चित्रण गर्दै इमानदारी कर्मचारी देशमा नभएका कारण नै देश विकास हुन नसकेको कुरा उपन्यासमा चित्रण गरेका छन् । उनका उपन्यास समसामयिक समाजका

प्रतिविम्व हुन् । यिनै विविध विषय वस्तुलाई आफ्ना कृतिमा मिहिन तरिकाले प्रस्तुत गरेका छन् ।

## २.१७ निष्कर्ष

विश्वगोपाल लम्साल शिवप्रशाद लम्सालका ६ छोरा मध्येका माहिला छोरा हुन् । वि.सं २००३ मा खोटाङको नौलामा यिनको जन्म भएको हो । यिनको न्वारनको नाम कुमार लम्साल हो । मध्यम वर्गीय परिवारमा जन्मेका लम्साल सानैमा आफ्नी आमाको मृत्यु भएका कारण, सौतेनी आमाको साथमा बस्नु परेका कारण बाल्यकाल दुःखपूर्वक वित्यो । उनको वि.सं २०१५ सालमा १२ बर्षको उमेरमा खोटाङको नौलामा उपनयन संस्कार सम्पन्न भएको हो । उनले प्राथमिक, निम्न माध्मिक शिक्षा भोजपुरमा आएर पूरागरेका हुन् । त्यसपछि स्वअध्ययन गर्दै सानातिना नोकरी गर्दै विद्यालयको शिक्षा पूरा गरेको पाइन्छ । त्यसपछि राजविराजबाट दर्शनसास्त्र र साहित्यिक विषयबाट आई.ए. उत्तीर्ण गरेका थिए । वि.सं २०२६ सालमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकको उपाधि हासिल गरे । पछि उच्चशिक्षा स्नातकोत्तरमा भर्ना गरेका लम्सालले कार्यव्यस्तता र समय अभावका कारण पढाइ पूरा गर्न सकेनन् । साहित्य सिर्जनामा भावको सरलता र सहज अभिव्यक्ति स्पष्ट शैलीमा रोचक ढङ्गले प्रस्तुत गरी आफ्नो छुट्टै वर्चश्व कायम राख्न सफल लम्सालको चारदशक समयावधि, सरकारी सेवा, र साहित्य सिर्जनामा बितेको छ ।

वि.सं २०३२ सालमा विराटनगर बालिका विद्यालयकी विज्ञान विषयकी शिक्षिका सुशीला शर्मासँग विवाह गरेका हुन् । उनका एक छोरा र दुई छोरी छन् । साहित्यका विविध विधामा कलम चलाएका लम्सालले उपन्यास र नाटकका क्षेत्रमा प्रसिद्धि कमाएका छन् । वि.सं २०२८ सालदेखि हालसम्म प्रकाशित भएका उपन्यासहरू **आवरण** (२०२८), **प्रतिशोध** (२०२९), **अन्तिम परिच्छेद** (२०३६), **कलंकिनी** (२०४२), **सम्बन्ध** (२०६७) हुन् । उनका **सपना** (२०३१), **सपनाको विहे** २०३२ दुई गीति काव्य, **रसिक बुढो अन्योलमा** (२०४१) गीति नाट्य, **मुक्तकै मुक्तक** (२०४५) मुक्तक नाटक, **असह्य प्रेम** (२०६६) खण्डकाव्य, **आऊ, गला मिलाऊ** (२०६६) दोहोरी गीत प्रकाशित भइसकेका छन् ।

निजामती सेवाको उपसचिवबाट अवकाश प्राप्त गरेका लम्साल देशका विभिन्न भू-भागको भ्रमण गरेपनि भारत बाहेक अन्य देशको भ्रमण गरेका छैनन् । हँसिलो र फूर्तिलो अनुहारका आकर्षक व्यक्तित्व भएका उनी सरल र मिजासिला छन् । आफ्नो पदीय हैसियतको घमण्ड नगरी साना ठूला सबैलाई समान रूपले व्यवहार गर्ने लम्साल निकै सहयोगी भावनाका छन् । उनले नेपाली, अंग्रेजी, हिन्दी, संस्कृत सहित्यको अध्ययन गरेका छन् । उनले आफ्ना उपन्यासमा समाजमा रहेका विकृति, विसङ्गति, अन्ध विश्वासी, परम्पराको विरोध गर्दै, धनी गरीबका बीचको भेदभाव, महिला हिम्सा, बलत्कार, जस्ता आपराधिक क्रियाकलाप तथा पञ्चायत कालीन, सरकारी कर्मचारीका सकरात्मक र नकरात्मक क्रियाकलाप खोतल्दै राष्ट्रप्रेमको भावनाले ओतप्रोत विषयवस्तु उनका उपन्यासमा तथा अन्य कृतिमा भेटिन्छ ।

प्रेम र वासनालाई विषयवस्तु बनाएर विविध व्यक्तिका विविध मानसिक अन्तर्द्वन्द्वको अभिव्यक्ति गर्नुका साथै आत्मपरक उपन्यासको माध्यमले प्रयोगात्मक मौलिकतालाई उत्कर्षमा पुऱ्याउन कटिबद्ध भएका छन् । शिष्ट, सभ्य, सौम्य र प्रगतिशील विचार राख्नु उनको जीवन दृष्टि रहेको छ ।

# तेस्रो परिच्छेद

## विश्वगोपाल लम्सालको व्यक्तित्व

### ३.१ विषय परिचय

व्यक्तिको जीवनका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानिसको जीवन बाँच्ने प्रक्रियामा एक रूपता वा अनुरूपताको निर्माण गर्नु हो । एक रूपता भनेको एकै किसिमको मात्र काम नभई परिवेशअनुसारको एक रूपता हो । परिवर्तित स्थतिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट गहन छाप छोड्न सक्नुपर्दछ । यस अर्थमा व्यक्तित्व भनेको परिवर्तनशीलता भन्ने नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने शक्ति हो । यही शक्तिले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन प्रस्तुत गर्छ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।

व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवनभोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक सांस्कृतिक रूचि, पेसा, शिक्षा-दीक्षा आदिले पनि उल्लेख्य सहयोग पुऱ्याएको हुन्छ । यी परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ । जसमा आन्तरिक एवम् बाह्य व्यक्तित्व पर्दछन् । यसैगरी सार्वजनिक व्यक्तित्व भन्नाले समाजअनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारहरूका सन्दर्भमा भने सार्वजनिक व्यक्तित्वलाई साहित्य र साहित्येतरमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई उप कोटिभित्र वर्गीकरण गर्न सकिन्छ । स्रष्टाभित्र सिर्जना गरिएका साहित्यका विविध विधा, उपविधा पर्दछन् भने द्रष्टाभित्र समालोचना, सम्पादन जस्ता कुरा पर्दछन् । साहित्यसँग सम्बद्ध नरही विविध पक्षहरूमा गरेका कार्यहरूलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेरिन्छ ।

विश्वगोपाल लम्साल नेपाली साहित्यका एक सर्जक व्यक्तित्व हुन् । उनी मूलतः साहित्यकार हुन् । तापनि साहित्येतर क्षेत्रको योगदानमा पनि यिनले सहयोग पुऱ्याएका छन् । उनी २०२८ सालदेखि आजसम्म साहित्य एवम् साहित्येतर क्षेत्रमा संलग्न हुँदै आएका छन् । यसबाट यिनको बहुमुखी प्रतिभाको निर्माण र बहुआयामिक व्यक्तित्व निर्माण हुन पुगेको छ । उनले उपन्यास, गीत, नाटक, खण्डकाव्य, कविता, विधा उपविधामा कलम चलाएका छन् तापनि उनले उपन्यासका क्षेत्रमा प्रसिद्धि हासिल गरेका छन् ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिका निजी बानीबेहोरासँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । यही निजी व्यक्तित्वको प्रभाव सामाजिक वा सार्वजनिक व्यक्तित्वमा पर्छ । निजी व्यक्तित्वले व्यक्तिको बाहिरी अर्थात् शारीरिक पक्ष र भित्री तथा आन्तरिक पक्षको बोध गराउने भएकाले यसलाई दुई भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ ।

### ३.२.१ आन्तरिक व्यक्तित्व

कुनै पनि मानिसका आन्तरिक व्यक्तित्वमा उसका बानी, बेहोरा, स्वभाव, आचरण आदि पर्दछन् । यसै आधारमा विश्वगोपाल लम्सालको आन्तरिक व्यक्तित्व बुझ्दा उनी सानै उमेरदेखि गम्भीर स्वभावका व्यक्ति हुन् । अरूको दुःख पीडालाई आफ्नै दुःख पीडा सम्झने विश्वगोपाल लम्साल सहयोगी मिलनसार भावनाका छन् । ठूलो-सानो जात-भात, धनी-गरीब आदिको भेदभाव नगर्ने, सबैप्रति समान मित्रवत् व्यवहार गर्ने, भौतिक विलासिता भन्दा बौद्धिकतामा रुचि राख्ने विश्वगोपाल लम्साल चिन्तनशील र अध्ययनशील छन् । उनको व्यक्तित्व आकर्षक छ । उनी आफू स्रष्टा भइकन पनि अरू स्रष्टाहरूको मूल्याङ्कन र सम्मान गर्दछन् ।

सानैदेखि स्वभिमानी र स्वावलम्बी प्रवृत्तिले गर्दा यिनी विद्यार्थी जीवनदेखि नै परिआउने विविध समस्यामा विचलित नभईकन सङ्घर्ष गर्दै आएको बुझिन्छ । असहाय, गरीब, निमुखाप्रति सदासयता राख्ने विश्वगोपाल लम्साल चाकडी, चाप्लुसी गर्न पटक्कै मन पराउँदैनन् । उनी कर्मयोगी बन्नुपर्छ भन्ने कुरामा विश्वास राख्छन् । विश्वगोपाल लम्सालका

आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा उनमा सरल, सहज, सहयोगी, भावुक, कर्तव्यपरायण, कर्मयोगी र स्वावलम्वी जस्ता विशेषताहरू पाइन्छन् ।

### ३.२.२ बाह्य व्यक्तित्व

शारीरिक वनावट नै बाह्य व्यक्तित्वसँग सम्वन्धित भएकाले विश्वगोपाल लम्साललाई त्यसैअनुसार हेर्दा निम्न कुरा थाहा पाइन्छ । यिनी पाँच फिट नौ इन्च अग्ला छन् । सुन्दर हँसिलो चेहरा, फराकिलो निधार, गोलो अनुहार, मिलेका दाँत, छरितो फूर्तिलो मिलेको जिउडाल, बाक्ला केश र जिज्ञासु स्वभावका विश्वगोपाल लम्साल उमेर र व्यवहारले वार्धक्य अवस्थाका देखिए पनि अनुहारको चमकले आकर्षक व्यक्तित्वका देखिन्छन् ।

स्वावलम्बी र आत्मनिर्भर बन्नु, सबैसँग मित्रता र सौहार्दतापूर्ण व्यवहार गर्नु, कसैको कुभलोनचिताउनु र ठूलो मान्छे हुँ भन्ने अभिमान नराख्नु उनको स्वभाव हो । उनमा आफ्ना मातहतका कर्मचारीलाई माया गर्ने नजानेको काम सिकाउने, सरल र मिजासिलो व्यवहार गर्ने, पदीय हैसियतको घमण्ड नगर्ने प्रवृत्ति पाइन्छ । यिनी मौसम अनुसारको सफा कपडा लगाउन तथा दाह्री जुँगा काटेर चिटिक्क परी बस्न रुचाउँछन् । आफ्ना कुरा स्पष्टसँग राखेर नीतिनियमको पालना गरी सच्चा कर्मचारीका रूपमा राष्ट्रको सेवा गर्ने बताउँछन् । नयाँ कुरा प्रयोग गर्न रूचाउने र नयाँ-नयाँ तरिका र विचार ल्याएर लागू गर्ने यिनको बानी रहेको छ । यिनी जुन क्षेत्रमा हात हाल्छन् त्यस क्षेत्रमा काम पूरा गरेर मात्र छाड्ने गर्दछन् ।

## ३.३ स्रष्टा व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको स्रष्टा व्यक्तित्वको त्यस व्यक्तिका साहित्यिक कृतिको आधारमा गरिन्छ । कविता, नाटक, निबन्ध, गीत, उपन्यास, गजल, जस्ता साहित्यका विविध क्षेत्रको मूल्याङ्कन, विश्लेषण, समालोचना आदिबाट नै उसको साहित्यिक व्यक्तित्व प्रकट भएको छ । विश्वगोपाल लम्सालको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित, अप्रकाशित रचनाहरूको विधागत सापेक्षताका आधारमा छुट्याउँदा सान्दर्भिक हुन्छ । उनी वि.सं (२०२८) मा **आवरण** उपन्यास प्रकाशित गरी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । (२०२९) **प्रतिशोध** उपन्यास, (२०३६) **अन्तिम परिच्छेद**, (२०४२) **कलंकिनी** उपन्यास, (२०६७) **सम्बध** उपन्यास

लेखेर नेपाली साहित्य क्षेत्रमा देखापरेका हुन् । उपन्यासका अतिरिक्त **सपना** (२०३१), **सपनाको विहे** (२०३२) **गीतिकाव्य**, **आऊ गला मिलाऊ** (२०६६) दोहोरी गीत, **असह्य प्रेम** (२०६६) खण्डकाव्य, **रसिक बूढो अन्योलमा** (२०४१) गीति नाटक र **मुक्तकै मुक्तक** (२०४५) मुक्तक नाटक, प्रकाशित भइसकेका छन् । यिनले विभिन्न विधामा कलम चलाए पनि यिनको मुख्य विधा भनेको उपन्यास नै हो । यिनको सिर्जनात्मक योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा राखिने भएकाले यहाँ त्यसैअनुरूप बुँदागत रूपमा राखेर अध्ययन गरिन्छ ।

## ३.३.१ उपन्यासकार व्यक्तित्व

विश्वगोपाल लम्सालले सबैभन्दा बढी सफलता पाएको विधा नै उपन्यास हो । यिनले २०२८ सालदेखि उपन्यास रचना गर्न थालेका हुन् । २०२८ साल विजया दशमीका दिन राजविराजमा **आवरण** उपन्यास प्रकाशक गरेका विश्वगोपाल लम्सालको यो पहिलो उपन्यास हो । २०२९ सालमा **प्रतिशोध** उपन्यास राजविराजमा नै प्रकाशित भएको हो । २०३६ सालमा **अन्तिम परिच्छेद** उपन्यास, २०४२ सालमा **कलंकिनी** उपन्यास, २०६७ सालमा **सम्बन्ध** उपन्यास गरी पाँच वटा उपन्यास प्रकाशित गरिसकेका विश्वगोपाल लम्सालको मुख्य विधा उपन्यास नै हो ।

विश्वगोपाल लम्सालले उपन्यासमा मौलिक सामाजिक र यौनमनोवैज्ञानिक आख्यान लेखनलाई नै प्राथमिकता दिएका छन् । उनले विषय वासनाप्रतिको क्षुद्र आसक्तिबाट उत्पन्न हुने मानसिक विकार जस्ता सूक्ष्म मनोवैज्ञानिक विषयलाई सफलता पूर्वक औपन्यासिक रूप दिएका छन् । समाजमा रहेका विकृति, विसङ्गति, राजनीतिक, आर्थिक र सामाजिक कारणले जन्माएका विभिन्न समस्याहरूलाई स्थान दिएका छन् । समाजमा रहेको रुढीवादी अन्धविश्वासी परम्पराको विरोध गर्दै स्वास्थ्य तथा समुन्नत समाजको परिकल्पना गरेका छन् । उनका उपन्यासमा कतै प्रकृतिको चित्रण पान्छ भने कतै राष्ट्रप्रेमको भावना झल्किएको पाइन्छ । लम्सालले पछिल्लो उपन्यासमा भने प्रेम र वासनालाई नै उद्देश्य बनाउने परम्परालाई तोड्दै यिनलाई औपन्यासिक श्रृङ्गार वा साधनको रूपमा मात्र प्रयोग गर्न पनि त्यत्तिकै सिद्धहस्त (भट्टराई, 'पाखे' रमेश. २०६७ : ग) देखिएका छन् । उनी आत्मपरक उपन्यासको माध्यमले प्रयोगात्मक मौलिकतालाई उत्कर्षमा पुऱ्याउन कटिबद्ध भएका छन् ।

### ३.३.२ गीतकार व्यक्तित्व

विश्वगोपाल लम्सालको उपन्यासकार व्यक्तित्व पछि दोस्रो स्थानमा गीतकार व्यक्तित्व रहेको छ । उनले **सपना** र **सपनाको विहे** प्रेमपरक गीति काव्य र **आऊ गला मिलाऊ** समसामयिक दोहोरी गीत प्रकाशन गरी सकेका छन् । यिनका गीत प्रेमका विविध भावलाई प्रकट गर्ने प्रकारका छन् भने जीवनका निराशालाई व्यक्त गर्ने गीतहरू पनि छन् । यस्तै राष्ट्रमा व्याप्त असमानतालाई देखाउने, देशभक्तिको भावनालाई प्रकट गर्ने, वातावरणसम्बन्धी विषयलाई व्यक्त गर्ने तथा जीवनका उज्याला पक्षहरूलाई प्रकट गर्ने प्रकारका गीतहरू पनि उनको सङ्ग्रहमा भेटिन्छन् । **आऊ, गला मिलाऊमा** लम्सालको सम्पूर्ण व्यक्तित्व झल्किएको छ । जस्तै :

विकासको मूल फुटाउँछौ  
हामी हिमाली देशमा ।  
ईश्वरको देन कला हो  
पाएको जन्मजात  
बाच्छौं गला मिलाई  
भन्छौं गलाको साथ  
आऊ, गला मिलाऊ । (लम्साल, २०६६, आऊ, गला मिलाऊ.पृ.३०)

### ३.३.३ खण्डकाव्यकार व्यक्तित्व

विश्वगोपाल लम्सालले आफ्नो विद्यार्थी जीवन देखि नै कविता लेखनको अभ्यास गरेका हुन् । कलेजमा आयोजना गरिएका साहित्यिक कार्यक्रममा निक्कै उत्कृष्ट कविता वाचन गर्ने लम्सालको (२०६६) सालमा **असह्य प्रेम** खण्डकाव्य समेत प्रकाशित भइसकेको छ । साहित्यका अन्य विधामा जस्तै खण्डकाव्यका क्षेत्रमा पनि यिनको योगदान महत्त्वपूर्ण रहेको छ । उनको खण्डकाव्यमा प्रेम सम्बन्धी, पुरुष र नारीका पीडा, गरिबी र बेरोजगारीले जन्माएका समस्या र

समाजका विविध पक्षलाई देखाउन खोजिएको छ । प्रकृतिका विभिन्न रूपको चित्रण गर्दै वैयक्तिक प्रेमको आघात रन्थनिएको पात्रको प्रयोग गरिएको छ । जस्तैः

राक्षसको बास, सहर ठूलो छ

कसरी बचाउली चोखो वदन ?

नीच कर्मको बीच रहेर

कसरी बिताउली दु:खी जीवन ? ( लम्साल, २०६६. पृ. १ )

## ३.३.४ नाटककार व्यक्तित्व

विश्वगोपाल लम्सालले कविता निवन्धका अतिरिक्त नाटक पनि लेखेका छन् । **रसिक बूढो अन्योलमा** २०४१ गीति नाटक प्रकाशित पनि भइसकेको छ । यो नाटक मैथिली भाषामा पनि अनुवाद भएको छ । उनको यस कृतिमा पनि प्रेम र बासनालाई नै विषय बनाइ असफल प्रेममा रन्थनिएका पात्रको मानसिक अर्न्तद्वन्द्वको प्रस्तुति गरिएको छ । जस्तै :

यहाँ सुन्दरी छिन् एउटी

मुसुमुसु हाँस्दै रक्सी दिने

रक्सीको समकक्षी बनेर

असीम साहस-शक्ति दिने । (लम्साल, २०४१. पृ. २२ )

## ३.३.५ मुक्तक व्यक्तित्व

विश्वगोपाल लम्सालले मुक्तकका क्षेत्रमा पनि कलम चलाएका छन् । **मुक्तकै मुक्तक** (२०४५) मुत्तक संग्रह प्रकाशित पनि भइसकेको छ । बहुमुखी प्रतिभाका धनी विश्वगोपाल लम्सालले अन्य विधामा जस्तै मुक्तक विधामा पनि योगदान दिएका छन् । त्यसकारण उनको मुक्तक व्यक्तित्व पनि स्पष्ट रूपमा देखिन्छ ।

### ३.३.६ निबन्धकार व्यक्तित्व

विश्वगोपाल लम्साल निबन्धकार पनि हुन् । विद्यार्थी कालदेखि नै निबन्धलेखन सुरू गरेका लम्सालका निबन्ध संग्रह भने प्रकाशित भएका छैनन् । सुख पाइन्छ कन्दरा नजिकको घोत्ल्याइमा र शान्ति गहन दार्शनिक सास्त्रादिको अध्ययन शीलतामा भनि चक्र शीर्षको निबन्धमा भनेका छन्, 'जीवन एक बृहद् उपन्यास हो' । यस बाट उनको निबन्धकार व्यक्तित्व पनि स्पष्ट रूपमा देखिन्छ ।

## ३.४ साहित्येतर व्यक्तित्व

साहित्य जीवनको एक पाटो हो । यस भन्दा भिन्न व्यक्तिका सामाजिक, राजनीतिक, धार्मिक, शैक्षिक क्षेत्रसँग सम्बन्धित पाटाहरूसँग सम्बद्ध व्यक्तिको व्यक्तित्वलाई साहित्येतर व्यक्तित्वका रूपमा लिइन्छ । विश्वगोपाल लम्सालको साहित्येतर व्यक्तित्वलाई बुँदागत रूपमा अध्ययन गरिएको छ ।

### ३.४.१ शिक्षक व्यक्तित्व

विश्वगोपाल लम्साल शिक्षक व्यक्तित्व हुन् । सप्तरीको राजविराजमा अवस्थित केशो अनिरुद्ध बालिका विद्यालयमा नेपाली विषय पढाउने लम्साल एक असल शिक्षकका परिचायक हुन् । उनले यस विद्यालयमा १८ महिना मात्र शिक्षक भएर काम गरे । लम्सालमा असल शिक्षकमा हुनु पर्ने सम्पूर्ण गुणहरू आकर्षक व्यक्तित्व, मिठो बोली, नैतिक तथा चरित्रवान, सेवाको भावना, विनोद प्रियता, स्पष्टवक्ता, विनयशील र सहयोगी व्यवहार प्रर्दशन गर्ने एक असल शिक्षक व्यक्तित्व पनि हुन् ।

### ३.४.२ प्रशासक व्यक्तित्व

विश्वगोपाल लम्साल एक कुशल प्रशासक व्यक्तित्वका रूपमा देखिन्छन् । प्रशासनिक काम आफैमा महत्त्वपूर्ण हुन्छ । सम्पूर्ण कार्यलयकै जिम्मा लिएर सबैको रेखदेख तथा उनीहरूको इच्छाअनुसार काम गरिदै जाँदा धेरै ठाउँमा व्यवधान पनि उत्पन्न हुने गर्दछ, तर त्यसको उचित समाधान गर्दै व्यवस्थापन र प्रगतिको संयोजन गर्न पनि कम साह्रो विषय भने होइन् ।

वि.सं २०२१ देखि सरकारी नोकरी सुरु गरेका विश्वगोपाल लम्साल ३९ वर्ष सम्म नोकरी गरेर उपसचिव स्तरबाट वि.सं २०६० सालदेखि निवृत्त भएका छन् । नीतिनियम र अनुशासनपूर्वक राष्ट्रियता र जनताप्रति उत्तरदायी रही भ्रातृत्व र भगिनित्वको सम्बध राखेर जनतालाई कुनै किसिमको दुःख नदिई काठमाडौं, विराटनगर, राजविराज आदि क्षेत्रमा कुशल प्रशासकका रूपमा काम गरेका छन् । आफ्नो कामप्रति सधै इमानदार रहने लम्साल सबैलाई प्रेमपूर्वक शिष्ट शब्द प्रयोग गर्दछन् । लम्सालमा कुशल प्रशासनिक व्यक्तित्व प्रभावकारी रहेको छ ।

## ३.४.३ चिन्तनशील व्यक्तित्व

विश्वगोपाल लम्साल चिन्तनशील व्यक्तित्व हुन् । उनका रचनाहरूमा पाइने तार्किकता, बौद्धिकता, कल्पनाशीलता नै चिन्तनशील व्यक्तित्वका परिचायक हुन् । उनका प्रत्येक उपन्यास, गीतिकाव्य, नाटक, तथा खण्डकाव्य खारिएका, माझिएका र चिन्तन मनन गरेरै प्रस्फुटित भएका छन् । चिन्तन विना कुनै किसिमको रचना गर्नु कठिन कुरा हो, चिन्तनका लागि एकान्त, स्वच्छ वातावरण र समयको आवश्यकता हुन्छ । गहिरो चिन्तन नगरी लेखिएका लेख रचना बोक्रे हुन आउँछन् र पाठक अथवा श्रोताका मनमा प्रभाव पार्न सक्दैनन् । बौद्धिकताको चिन्तन भन्दा पनि हृदयबाट गरिएको चिन्तन प्रभावकारी हुन्छ । लम्सालमा पनि यस्तो चिन्तन पाउन सकिन्छ । विभिन्न किसिमका पौराणिक तथा धार्मीक ग्रन्थहरूको अध्ययन गर्ने विश्वगोपाल लम्साल एक चिन्तनशील व्यक्तित्वका रूपमा देखिएका छन् ।

## ३.४.४ बहुभाषी व्यक्तित्व

विश्वगोपाल लम्साल मातृभाषा नेपालीका अतिरित्त हिन्दी, र अङ्ग्रेजी भाषाका प्रवाहमा लेख्न र बोल्न सक्छन् । उनले संस्कृत, हिन्दी तथा अङ्गेजी भाषाका विभिन्न कृतिहरूको अध्ययन पनि गरेका छन् । तिनको प्रभाव उनका कृतिमा पाउन सकिन्छ ।

## ३.५ जीवनी, व्यक्तित्व र साहित्य  लेखनबीच अन्त : सम्बन्ध

विश्वगोपाल लम्सालको ६६ बर्षे लामो जीवन विभिन्न परिवेशका माझबाट गुज्रेको देखिन्छ । यही लामो अवधिको जीवन भोगाइमा आफूले अनुभव गरेका सरल र जटिल परिस्थिति, खोटाङ छोडेर राजविराजमा आएर विद्यार्थी जीवनमा गरेको संघर्ष, जागिरका क्रममा काम गर्दाको क्षण, बाल्यकालदेखि आजसम्मको आरोह-अवरोह, घरायसी वातावरण, साथीभाइको सङ्गत आदिले उनको साहित्यिक व्यक्तित्व निर्माण भएको छ । यिनको जीवन शैलीले निर्माण गरेको सार्वजनिक र पठनपाठनबाट प्राप्त गरेको ज्ञानले साहित्यिक लेखनलाई डोऱ्याएको छ । यिनको साहित्यिक मूलतः उपन्यासकार र अंसतः गीति काव्यकार, नाटककार, खण्डकाव्यकारका रूपमा अघि बढेको देखिन्छ । यिनका उपन्यासमा वैयक्तिक प्रेमको आघात परेका तथा असफल प्रेममा रन्थनिएका पात्रको मानसिक अर्न्तद्वन्द्वलाई उपन्यासका रूपमा प्रस्तुत गरेका छन् । उनका साहित्यिक कृतिहरूमा भोगेकै यथार्थलाई प्रस्तुत गरेको पाइन्छ । लम्साल रोमान्टिक साहित्यकार हुन् । यिनका सिर्जनामा मनोविज्ञान पाइन्छ । यिनका रचनामा देशप्रेमको भाव पोखिएको पाइन्छ । विभिन्न भाषामा लेखिएका अग्रज साहित्यकारहरूका कृतिमार्फत् प्रोत्साहन, जीवनका मोड-उपमोड, उतार-चढाव र देश-विदेशका भ्रमणमा देखापरेका विविध विषयवस्तु नै यिनका लेखनका प्रेरक तRव बनेका छन् । साहित्यका विभिन्न विधाका सर्जक लक्ष्मीप्रसाद देवकोटा, विश्वेश्वरप्रसाद कोइराला, गोपालप्रसाद रिमाल, विजय मल्ल, ध्रुवचन्द्र गौतम, शेक्सपियर, अर्नेस हेमिङवे, स्ट्रिन्डवर्ग, मोपासा, सिन्जु, रवीन्द्रनाथ टैगोर, प्रेमचन्द्र निरौला आदि साहित्यकारहरूप्रति श्रद्धा गर्छन् । यिनले नेपाली, अंङ्ग्रेजी, हिन्दी, संकृत भाषाका पौराणिक तथा धार्मिक ग्रन्थहरूको अध्ययन गरेर प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ ।

गाउँदेखि सहरसम्मको र विभिन्न देश विदेशको सामाजिक जीवन भोगिसकेका विश्वगोपाल लम्साल ग्रामीण एवम् सहरी परिवेश र देशको आर्थिक, राजनीतिक र सामाजिक परिवेशलाई हेरी साहित्य सिर्जना गर्दछन् । यिनी जे देख्छन् र जे भोग्छन् त्यही लेख्छन् । यिनका रचनामा ग्रामीण एवम् सहरीया जीवनको सामाजिक वस्तुस्थिति, नारीप्रति सद्भाव, समाजको तल्लो वर्गप्रति सहानुभूति, समानता, राष्ट्रप्रेम, प्रेमप्रणय, प्रकृति चित्रण, सामाजिक राजनीतिक विकृतिप्रति तीव्र रोष प्रकट गरिएको छ । यिनले पात्रहरूको मनोविश्लेशण गर्दै बाह्य पक्ष भन्दा

आन्तरिक पक्षको दहमा लुकेर बसेका चरित्रलाई उदाङ्ग पार्ने काम गरेका छन् । साहित्य सिर्जनामा भावको सरलता  र सहज अभिव्यक्ति स्पष्ट शैलीमा रोचक ढङ्गले प्रस्तुत गरी आफ्नो छुट्टै वर्चस्व कायम राख्न सफल लम्सालको चार दसक समयावधि सरकारी प्रशासक र साहित्य सिर्जनामा बितेको छ । लम्साल हाल आएर शारीरिक अस्वस्थता र विभिन्न रोगले गाँजेका कारण साहित्य सिर्जना गर्न असमर्थ देखिन्छन् । यसरी आजसम्मको लम्सालको जीवन र व्यक्तित्वलाई हेर्दा साहित्य सिर्जनामा आन्तरिक संयोजन भएको देखिन्छ ।

## ३.६ निष्कर्ष

विश्वगोपाल लम्सालको बाह्य व्यक्तित्व जति आकर्षक छ आन्तरिक व्यक्तित्व पनि त्यति नै मनमोहक छ । बहुमुखी प्रतिभाका धनी लम्सालले नेपाली उपन्यास क्षेत्रमा थुप्रै मौलिक सामाजिक, यौन मनोवैज्ञानिक र आत्मपरक उपन्यास थपेका छन् । (२०२१) सालदेखि नै कविता लेखनमा लागेका लम्साल (२०२८) सालमा **आवरण** उपन्यास प्रकाशित गर्न पुग्छन् । त्यस पछि क्रमस **प्रतिशोध** (२०२९), **अन्तिम परिच्छेद** (२०३६), **कलंकिनी** (२०४२), **सम्बन्ध** (२०६७) साल गरी हालसम्म पाँचवटा उपन्यास प्रकाशित भइसकेका छन् । बहुमुखी प्रतिभाका धनी विश्वगोपाल लम्सालले उपन्यास वाहेक **सपना** (२०३१) गीतिकाव्य, **सपनाको बिहे** (२०३२) गीतिकाव्य, **मुक्तकै मुक्तक** (२०४५) मुक्तक संग्रह, **रसिक बूढो अन्योलमा** (२०४१) गीति नाटक, **आऊ गला मिलाऊ** (२०६६) दोहोरी गीत, **असह्य प्रेम** (२०६६) खण्डकाव्य, प्रकाशित भइसकेका छन् । उनका सबै कृतिहरूमा प्रेमप्रणय, नारीप्रति सद्भाव, बौद्धिकता, व्यङ्ग्यात्मकता, विचारमा सौम्यता, सरलता, सहजता पाइन्छ भने, कतै-कतै पत्रात्मक शैली (**कलंकनीमा**) र काव्यात्मक भाषाको पनि प्रयोग गर्नु उनका साहित्य लेखनका प्रवृत्ति हुन् । साहित्यका विविध विधामा कलम चलाए पनि लम्साल मूलतः उपन्यासकार नै हुन् । लम्सालको **रसिक बूढो अन्योलमा** मुक्तक नाटक मैथिली भाषामा अनुवाद भएको छ । यस कृतिले पटनामा अखिल भारतीय मैथिली नाटकबाट सम्मान पुरस्कार समेत प्राप्त गरेको छ । उनले थुप्रै कविता, गीत, निबन्धहरू पनि लेखेका छन् । कविताको मझौला रूप खण्डकाव्य समेत लेखिसकेका लम्साल जुनसुकै विधामा कलम चलाउन पनि उत्तिकै खप्पिस छन् । बहुमुखी प्रतिभाका धनी

विश्वगोपाल लम्साल मूलतः उपन्यासकार हुन् तापनि यसका अलावा गीतिकाव्यकार, नाटककार, खण्डकाव्यकार व्यक्तित्व पनि उनमा पाइन्छ ।

साहित्यिक व्यक्तित्वका अतिरिक्त विश्वगोपाल लम्सालको साहित्येतर व्यक्तित्व पनि उत्तिकै बहुमुखी छ । उनी समाजसेवी र कुशल सरकारी कर्मचारी पनि हुन् । मूलतः उपन्यासकार, त्यसपछि गीतकार, खण्डकाव्यकार, नाटककार, लम्सालको विगत जीवनचक्रलाई हेर्दा दुःख र सुखको आरोह-अवरोहमा नै बितेको देखिन्छ । उनका कृतिमा उनले देखेका विभिन्न जीवन भोगाइका व्यथा, वेदना, अभाव कुण्ठा वास्तविक रूपमा व्यक्त भएका छन् । उनका कृतिमा ग्रामीण एवम् सहरिया जीवनका सामाजिक वस्तुस्थिति, पात्रहरूको मनोविश्लेषण गर्दै बाह्यपक्ष भन्दा आन्तरिक पक्षको दहमा लुकेर बसेका चरित्रलाई उदाङ्ग पार्ने काम गरेका छन् । साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान र साहित्येतर क्षेत्रमा पुऱ्याएको योगदान बाट विश्वगोपाल लम्सालको व्यक्तित्व निर्माण भएको छ । यसरी आफ्नो जीवनका आरोह-अवरोह आदिको अनुभव एवम् अनुभूतिबीच विश्वगोपाल लम्सालको साहित्य सिर्जनाको पारस्परिक प्रभाव एवम् अन्तर्सम्बन्ध रहेको पाइन्छ ।

# चौथो परिच्छेद

# विश्वगोपाल लम्सालको कृतित्व

## ४.१ विषय परिचय

नेपाली साहित्य जगतमा वि.सं २०२८ सालमा **आवरण** उपन्यास प्रकाशित गरी प्रवेश गरेका लम्साल नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनका पाँचवटा उपन्यासहरू **आवरण, प्रतिशोध, अन्तिम परिच्छेद, कलंकिनी, सम्वन्ध** प्रकाशित भइसकेका छन् भने उनका **असह्य प्रेम** खण्डकाव्य, **रसिक बूढो अन्योलमा** गीति नाट्य, **मुक्तकै मुक्तक**, मुक्तक संग्रह, **आऊ गला मिलाऊ**, दोहोरी गीत, **सपना, सपनाको विहे** गीति काव्य प्रकाशित भइसकेका छन् । यति धेरै कृतिको रचना गरेका लम्सालका सबै कृतिहरू उपलब्ध हुन नसकेका कारण यहाँ विश्लेषण गरिएको छैन । साहित्यका विविध विधामा कलम चलाए पनि मूलतः उनी उपन्यासकार नै देखिन्छन् । उनका सम्पूर्ण रचना सामाजिक परिवेशमा नै आवद्ध छन् । उनले यौनमनोवैज्ञानिक, मौलिक सामाजिक आत्मपरक उपन्यासका माध्यमबाट समाजमा रहेका विकृति, विसङ्गतिको चित्रण गर्दै सरकारी कर्मचारीको भ्रष्ट प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य वाण प्रहार गरेका छन् । रतिरागात्मक विषयवस्तुलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दै व्यक्तिका यौन चाहना, कुण्ठा, प्रेममा हुने छट्टपट्टी, तड्पाइलाई मार्मिक ढङ्गले चित्रण गरेको पाइन्छ ।

## ४.२ विश्वगोपाल लम्सालका उपन्यासको अध्ययन

नेपाली आधुनिक उपन्यासको विकासलाई अगाडि बढाउने एउटा उपन्यासकारको नाम हो विश्वगोपाल लम्साल । नेपाली उपन्यासका क्षेत्रमा वि.सं २०२८ सालमा **आवरण** उपन्यास लेखेर उदाएका लम्सालका एकपछि अर्को गर्दै हालसम्म आउदा पाँचवटा उपन्यास प्रकाशित भइसकेका छन् । साहित्यका अन्य विधामा पनि सशक्त रूपमा कलम चलाउने लम्साल मूल रूपमा उपन्यासकार नै हुन् । **आवरण, प्रतिशोध**, **अन्तिम परिच्छेद**, **कलंकिनी**, **सम्बन्ध** उपन्यास लेखेर पाठक सामु नयाँ रूपमा प्रस्तुत भएका छन् । उनको उपन्यास कारिताको पाठकहरूले प्रशंसा गरिरहेको सन्दर्भ छ । जुन उपन्यासले आख्यानको जगजगी बढेको वर्तमान साहित्यमा अझबढी कलात्मक, रसिलो र पठनीय बनाएको छ । उनका संपूर्ण उपन्यासलाई औपन्यासिक

तत्त्वका (**कथावस्तु, पात्र तथा चरित्र चित्रण, द्वन्द्व विधान, दृष्टिविन्दु, परिवेश, भाषाशैली, उद्देश्य**) आधारमा निम्न अनुसार मूल्याङ्कन गरिएको छ ।

### ४.२ .१ 'आवरण' उपन्यासको विश्लेषण

विश्वगोपाल लम्सालको सर्वप्रथम प्रकाशित उपन्यास हो **आवरण** । वि.सं २०२८ सालको विजयादशमीको दिन राजविराजमा प्रकाशित भएको पाइन्छ । आठौं परिच्छेद सम्म विस्तारित गरिएको यो उपन्यास जम्मा १३८ पृ.सम्म विस्तृत छ । रैखिक ढाँचामा विकास भएको यस उपन्यास आदि, मध्य र अन्त्यको श्रृङखलामा आवद्ध छ ।

### (क) कथावस्तु

विश्वगोपाल लम्सालको सर्वप्रथम प्रकाशित उपन्यास हो **आवरण** । लम्सालको यो उपन्यास यौनमनोविज्ञानको चोटिलो उदाहरण पनि हो । **आवरण** उपन्यासमा यौनमनोविज्ञानका साथै सामाजिक यथार्थवादको पनि प्रयोग गरिएको छ । नेपाली समाजमा रहेको रूढीवादी, अन्धविश्वासी परम्पराको खोइरो खन्दै, समाजमा विवाह पछि सन्तान नजन्मे त्यो दोष नारीहरूको मात्र हुन्छ, भन्ने मान्यताको विरोध गर्दै एउटी विवाहित नारीले छोराछोरी जन्माउन चाहन्छे, यदि उसले जन्माउन सकिन भने अरूका ल्याएर भएपनि तिनीहरूको पालनपोषण गर्न तत्पर हुन्छे भन्ने देखाउन उपन्यासमा चञ्चला र गंगालाललाई आफ्नो घरमा ल्याएर पालनपोषण गरेकी छ, हुर्काएकी छ, पढाएकी छ भने पछि त्यही छोराको रूपमा पालेको गंगालालसँग लहसिन पुग्नु तथा बुढो पनि चञ्चलासँग यौनकृडा गरेको देखाएर समाजमा रहेका निसन्तान आमाबाबुको पीडा र यौनविकृतिको चित्रण गर्नु नै यस उपन्यासको कथावस्तु हो । छोराछोरी नहुने बाबुआमाले अरूका छोराछोरीको पालनपोषण गरे पनि आफूले जन्माएको सन्तानलाई जस्तो सही भूमिका निर्वाह गर्न सक्तैनन् र अरूका बालवच्चाले पनि जतिनै माया दिएपनि आफ्ना छोराछोरीले जस्तो माया गर्दैनन् भन्ने देखाउन उपन्यासमा गंगालाल र चञ्चलाले बूढाबुढीप्रति दया नै नराखी घरछोडेर गएबाट प्रष्ट हुन्छ । जसरी मान्छे धर्तीमा एक्लै जन्मेको हुन्छ मर्दा पनि एक्लै हुन्छ, छोराछोरी, आफन्त भनेका दुई दिनका घामछायाँ मात्र हुन् । यो दुनीयाँ स्वार्थी छ । आफ्नो स्वार्थ पूरा भएपछि अरू कसैको परवाह गर्दैन भन्ने आख्यान नै यस उपन्यासको कथावस्तु हो ।

## (ख) चरित्र चित्रण

**आवरण** चरित्रप्रधान उपन्यास हो । चरित्र व्यक्ति तथा समाजको आन्तरिक तथा बाह्य प्रवृत्तिहरूको प्रस्तुति हो । यस उपन्यासमा पात्रहरूको भरमार प्रयोग गरिएको छैन । यसमा खासगरी म पात्रको प्रयोग गरिएको छ । म पात्र बुढी, बूढो, चञ्चला, गंगालाल, लाटो, शोभा शोभाको बुबा, सान्नानी आदि पात्रहरू रहेकाछन् । उपन्यासकी प्रमुख चरित्र बुढी हो । सहायक चरित्रहररूमा चञ्चला, गंगालाल, बूढो रहेकाछन् । गौण पात्रहरू लाटो, सोभा, सोभाका बाबु, सान्नानी आदि ।

### (अ) मुख्यपात्र

### (i) बुढी

बुढी उपन्यासकी प्रमुख नारीपात्र नायिका हो । बुढीकै सेरोफेरोमा उपन्यासको कथावस्तु मात्र होइन, प्रमुख पुरुष पात्र गंगालाल पनि रिङ्गिएको छ । बुढी बूढाकी पत्नी, गंगालालकी माइजु र चञ्चलाकी आमा बनेकी छ तर बुढी छोराछोरी नभएकी नारी पात्र हो । विवाह भएको सातौं वर्ष वितिसक्ता पनि सन्तान नजन्मिए पछि यो संसार नै निरास र सून्य जस्तो ठान्ने बुढीलाई बूढाले बाझी भनेको सुन्दा ऊ रिसले बूढालाई भन्छे “बीऊ गतिलो भएन बारीले पनि अन्न उकेल्न सक्छ” । खाली मेरो मात्र दोष देख्ने कस्तो उदेक भन्दै रिसाउने बुढीको सन्तान नहुनुमा कुनै कमजोरी देखिदैन् । सुरूमा ऊ एक पतिब्रता नारीका रूपमा देखिन्छे । पछि भान्जो गंगालाल ठूलो भएपछि उसैसँग सल्किन्छे । अर्काको सन्तानलाई पनि आफ्नो जस्तै गरी हुर्काउने, पढाउने सबै काम गरे पनि पछि उसैसँग यौनसम्बध गास्नुले बुढी उपन्यासकी प्रतिकूल चरित्र मानिन्छे । स्वभावका आधारमा ऊ अस्थिर चरित्र हो । शरदको झलक देखाउने रूप भएकी नवयौवना र तृप्ती भएकी स्वडसी हो बुढी । बुढी प्रकृतिकी उत्ताउली खहरे हो । बुढीले आधुनिकता मनपराए पनि परम्परालाई त्यति नै आत्मसात गरेकी छे । परपुरुषसँग यौनसम्ध राख्नु राम्रो होइन भन्दा भन्दै पनि आफ्नो यौनतृप्ति छोराको रूपमा ल्याएको गंगालालबाट पूरा गर्छे । परसेवामा तनमनले लाग्ने बुढी उपन्यासकी स्नेही चरित्र हो । जीवन

चेतनाका आधारमा बुढी अस्थिर स्वभावकी पात्र हो । उपन्यासको आदि देखि अन्त्य सम्म भुमिकामा रहेकी बुढी मञ्चीय र आबद्ध चरित्र हो ।

(आ) **सहायक पात्रहरू**

**( i ) गंगालाल**

सानै उमेरमा आमाबाबुको माया गुमाएको गंगालाल बुढीले छोराको रूपमा पालन पोषणगर्न ल्याएको व्यक्ति हो । एस.एल.सी .मा अत्यन्त राम्रो नम्वर ल्याएको गंगालालले आई.ए.पास गरेको उपन्यासको उल्लेख्य सहायक पात्र हो । पढाइमा निक्कै ध्यानदिने उपन्यासमा एक कामुक पुरुषको रूपमा देखिएको छ । आफ्नो पालनपोषण गर्ने आमा समानकी स्त्रीसँग यौनसम्बन्ध राख्ने प्रतिकूल चरित्र हो । आफूले गर्नुपर्ने  कर्तव्य के हो भनि छुट्टयाउन नसक्ने गंगालाल उपन्यासको मञ्चीय र मुक्त चरित्र हो ।

**(ii) बूढो**

बूढो **आवरण** उपन्यासको सहायक पात्र तथा बुढीको पति हो । सम्पन्न परिवारमा जन्मिए हुर्किए पनि विवाह पश्चात छोराछोरी नभए पछि श्रीमतिलाई दोष थोपर्ने परम्परालाई आत्मसात गर्ने चरित्र हो । बुढीले छोरीको रूपमा ल्याइएकी सानी बालीकालाई माया गर्दै त्यही छोरी समानकी बालिकाको यौनशोषण गर्ने उपन्यासको प्रतिकूल चरित्र हो । कथावस्तुको विकाससँगै देखापर्ने बूढो उपन्यासको  सहायक पुरुष पात्र हो ।

**(iii) चञ्चला**

चञ्चला **आवरण** उपन्यासकी सहायक स्त्री चरित्र बुढीकी बहिनीकी छोरी हो । सानैमा आमाबाबु मरे पछि ठूली आमाको घरमा ल्याइएकी नारी चरित्र हो । सानैदेखि आमा भन्दा बुबासँग बस्न मन पराउने  चञ्चला पछि बूढा बाबुसँग नै यौनसम्बन्ध राख्न पुग्ने उपन्यासकी प्रतिकूल नारी चरित्र हो । चञ्चला उपन्यासको अन्त्यमा गंगालालसँग विवाह गरी उपन्यासको अन्त्य सम्म भूमिका निर्वाहगर्ने मञ्चीय र आवद्ध पात्र हो । बूढा र बुढी बीच आन्तरिक द्वन्द्व उसैका कारण भएकाले ऊ उपन्यासकी उल्लेख्य सहयोगी चरित्र हो ।

## (ङ) गौण पात्रहरू

लाटो, सोभा, सोभाकाबाबु, सान्नानी आदि जस्ता गौणपात्रहरूको भूमिका उपन्यासमा अत्यन्त युक्तिसंगत छ ।

समग्रमा **आवरण** उपन्यासमा पात्र विधान र चरित्रचित्रणको तारतम्यता मिलेको देखिन्छ ।

## (ग) द्वन्द्व विधान

**आवरण** उपन्यासमा आन्तरिक तथा वाह्य दुबै प्रकारका द्वन्द्वको प्रयोग गरिएको छ । बूढाबुढी बीचको द्वन्द्व, चञ्चला र बुढी बीचको द्वन्द्व गंगालाल र बुढी बीचको द्वन्द्व वाह्यद्वन्द्व हो । बुढी भित्र आन्तरिक द्वन्द्व देखिन्छ । बुढी भित्र उत्पन्न हुने आन्तरिक द्वन्द्वै द्वन्द्वबाट निर्मित उपन्यास हो **आवरण** भन्दा अत्युक्ति नहोला । सुरु देखि अन्त्य सम्मनै बुढीको आन्तरिक द्वन्द्व देखिन्छ । जस्तैः

"म किन बारम्बार गंगालालको बढ्दो उमेरदेखि लापरवाही भइरहिछु ? किन म उनी जवान भैसकेको कुरा बिर्सिन्छु" । "उसको कुरा सुनेर मेरो आत्मा सम्मानमा चोट लाग्यो, मानिसलाई धेरै पुल्पुल्याउनु हुदोरहेन छ, नत्र उनीहरू टाउकामा चढ्न पुग्छन् ।"

"संसार जसरी चलिरहको छ, त्यसैगरी मेरो मृत्युपछि पनि चल्नेछ । तब मेरो जीवनको सार ? के मूल्य" ? गंगालाल पनि मनोद्वन्द्वबाट पीडित पात्र हो ।

समग्रमा द्वन्द्व पक्षको उत्कृष्टता यस उपन्यासमा देखिन्छ ।

## (घ) दृष्टिविन्दु

आधुनिक उपन्यासको विकाससँगै उपन्यासमा प्रयोग गरिदै आएको औपन्यासिक तत्त्व हो दृष्टिविन्दु । दृष्टिविन्दु उपन्यासको दृष्टिकोणको प्रतिनिधि तत्त्व हो । **आवरण** उपन्यासमा प्रथम पुरुष दृष्टिविन्दु प्रयोग भएको छ । उपन्यास बुढीका सम्पूर्ण कथावस्तुका दृष्टा हुन् । त्यसैले उपन्यासमा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु यस उपन्यासमा प्रयोग भएको छ । उपन्यासकी आख्याता बुढी 'म' पात्रका रूपमा सम्पूर्ण कथा वाचन गर्दछे । उपन्यासमा आफ्ना

र बूढाका सम्पूर्ण कथा बुढीले प्रस्तुत गरेकी छ । बुढी विश्वगोपाल लम्सालको दर्शन प्रस्तुत गर्ने केन्द्रीय पात्र हो ।

समग्रमा उपन्यासमा उपन्यासकी प्रस्तोता बुढी 'म' पात्रद्वारा प्रस्तुत गरिएको प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । उपन्यासमा ठाउँ-ठाउँमा म, उहाँ, उनीको प्रयोग गरिएको भएपनि सबै घटना उपन्यासकारले बुढी र बूढो मार्फत देखाएका छन् । यस उपन्यासमा उपन्यासकार स्वयं सर्वज्ञाता भएर उपन्यासमा कथावस्तु, चरित्र चित्रण, परिवेश र उद्देश्य प्रस्तुत गरेका छन् ।

## (ङ) परिवेश, देशकाल, वातावरण

उपन्यासमा परिवेश चित्रणले देश, काल र वातावरणलाई समेट्छ । परिवेशका पक्षबाट हेर्दा **आवरण** उपन्यास कमजोर छ । उपन्यासमा परिवेशकै चित्रण गर्ने ध्येयले कुनै उल्लेख्य वर्णन छैन् । समयका हिसाबले यस उपन्यासले २५/२६ वर्षको परिवेश समेटेको छ । यस उपन्यासले विशेष गरी नेपालका भिमनगर, राजविराज, मञ्जुल, विसनपुर, भारतका केही क्षेत्र र नेपालको तराईका बस्तीको चित्रण गरेको छ । बसमा यात्रा गर्दा देखिएका जंङ्गल, तराईको झुप्रे बस्ती, रोडमा केटीले गीत गाएको, विहान र त्यहाँको साँझको दृश्य विशेष उलेख्य छ ।

समग्रमा परिवेशका दृष्टिले **आवरण** उपन्यास कमजोर छ ।

## (च) भाषाशैली

भाषा उपन्यासको घटनावस्तु प्रस्तुत गर्ने माध्यम हो । शैली भाषाको माध्यमले प्रस्तुत गर्ने तरिका हो । **आवरण** उपन्यासको भाषाशैली सरल तथा सुबोध्य शैलीमा प्रस्तुत भएको छ । सरल तथा सुबोध्य भाषा र वर्णनात्मक शैलीले उपन्यासलाई सुसंगठित, कमवद्ध र सङ्गतिपूर्ण बनाएको छ । यसमा अंग्रेजी, हिन्दी, तथा संस्कृतका तत्सम् शब्दहरूको प्रयोग छ, तापनि यसमा ठेट नेपाली भाषाको प्रवलता छ । जस्तै अंग्रेजी शब्दहरू सेक्स फ्री, रिपोर्ट, कृतिम, पेन्डोरा आदि । संस्कृत शब्दहरू निकट, पिता, पुत्री, मुग्ध, प्रौढ, पाठशाला, अँगालो आदि । उपन्यासमा टुलुटुलु, क्वारक्वारर्ति, मुसुक्क जस्ता कृयाविशेषणको प्रयोग, विशेषण, अर्कमककृया,

विभिन्न उखान टुक्काहरूको प्रयोग गरिएको छ । यसमा उपन्यासकार स्वयं कथावाचक बनेका छन् । आकारमा लघु भएपनि उपन्यासले सामाजिक यथार्थ र छाडायौन प्रवृत्तिको चित्रण गर्नु यसका सबल शैली पक्ष हुन् भन्न सकिन्छ ।

### (छ) उद्देश्य /प्रयोजन

बिना उद्देश्य कसैले पनि कुनै कार्य गर्दैन् । साहित्य सिर्जनाका कुनै न कुनै प्रयोजन हुन्छ । उपन्यासकार विश्वगोपाल लम्साल ले **आवरण** उपन्यासका माध्यमबाट समाजमा रहेका निसन्तान दम्पतीको मानसिक पीडा र यौनविकृतिको चित्रण गर्नु नै हो । बाह्य पक्षको उद्घाटनले मानिस सम्पूर्ण रूपमा उद्घाटित हुन सक्तैन्, सामाजिक वातावरण अनुसार नै मानिसको मनस्थितिको विकास हुन्छ भन्ने देखाउनु नै उपन्यास लेखनको प्रयोजन हो । **आवरण** उपन्यासमा विवाहित दम्पतीको सन्तान नजन्मिए त्यो दोष महिलालाई थोपर्ने प्रवृत्तिको चित्रण, महिलामा हुने सन्तान प्रतिको चाहानाले गर्दा बूढाबुढीले अर्काका छोराछोरी घरमा ल्याउनु, हुर्काउनु, पढाउनु गर्दछन् तर आफ्ना छोराछोरीसँग फेरी यौनसम्बध राख्नुले बाबुआमाले खेल्नु पर्ने जुन भूमिका हो त्यो दुर्घटित भएको छ र अन्त्यमा ती केटाकेटी नै घरबाट निस्केर जानुले जसरी मान्छे धर्तिमा एक्लै जन्मेको हुन्छ, मर्दा पनि एक्लै हुन्छ, । छोराछोरी भनेका दुई दिनका घाम छाँया हुन्  जसरी आएका थिए त्यसरी नै बूढाबुढी प्रति कुनै दयामाया नराखी घर छोडेर हिड्नुले यो दुनियाँ स्वार्थी छ । आफ्नो स्वार्थ पूरा गर्नु छ भने अरू कसैको परवाह नगरी आफ्नो स्वार्थ पूर्ति गर्न तिर लाग्छ मान्छे भन्ने देखाउन खोजिएको छ ।

## ४.२.२ 'प्रतिशोध' उपन्यासको विश्लेषण

### (क) कथावस्तु

वि.सं २०२९ सालमा प्रकाशित **प्रतिशोध** उपन्यास मौलिक सामाजिक उपन्यास हो । यस उपन्यासको कथावस्तु पुस्तकको १५५ पृ.मा समेटिएको छ । यो परम्परागत ढाँचा र शैलीमा लेखिएको उपन्यास हो । सुरु देखि अन्त्य सम्म श्रृङ्खलित रूपमा विकास भएको यस उपन्यासको कथावस्तुको विकास रैखिक ढाँचामा भएको छ । **प्रतिशोध** उपन्यास काठमाडौँको सामाजिक पृष्टभूमिमा एउटा समाजमा अपहेलित, नौली र लाटाले भोग्नु परेका दुःख र

दर्दहरूको विषय नै यस उपन्यासको कथावस्तु हो । समाजमा धनी वर्गका मानिसले नोकर चाकरलाई निर्दयी भएर कति सम्म यातना दिन तयार हुन्छन् भन्ने आख्यानलाई वेदनामयी तरिकाले उपन्यासमा प्रस्तुत गरिएको छ । निर्दोष व्यक्तिलाई पीडा र दुःख दिएर त्यसको ज्यान लिदा नोकरले पनि प्रतिशोधको भावना लिएर धनी तथा सम्पन्न व्यक्तिलाई पनि अनेक अपराधिक जालरची त्यस्तै पीडा र दुःखद परिस्थिति सिर्जना गरी आफै मर्न विवश बनाउछ र हत्या गर्न पनि पछि पर्दैन भन्ने आख्यान यस उपन्यासमा प्रस्तुत भएको छ । परम्परागत नेपाली समाजमा रहेको दाइजो दिने प्रचलनको उल्लेख गर्दै धनी तथा सम्पन्न परिवारका युवतिले खराव कर्म गरेपनि दाइजो दिएर गरीब व्यक्तिलाई भिराएर ढाकछोप गर्ने प्रवृत्ति, गरीब व्यक्तिले धनीकी छोरी विवाह गर्दाको परिणाम, नारीले गरीब पतिलाई कतिसम्म मानसिक पीडा र दुःख दिन्छन्, अपमान गर्दछन् भन्ने आख्यानलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । परम्परागत नेपाली समाजमा रहेको बालविवाह गर्ने प्रचलन, र विवाह गरेको चौबिस घण्टामा विधवा हुँदा पनि अर्कोसँग विवाह गर्नबाट वञ्चित हुनु परेको दुःखद स्थिति, जवानी र यौनचाहनाको नियन्त्रण गर्न नसक्दा हुने दुर्घटना उपन्यासमा प्रस्तुत गरिएको छ । गरीब नोकरले प्रतिशोधको भावना लिएर आफ्नी आमाको जसरी हत्या गरेको थियो, त्यसैगरी अनेक जालरची परिवारका सम्पुर्ण सदस्यको हत्या गर्दा आफूमा पनि सान्ति हुँदैन् अरूलाई पीडा र दुःख दिएर हत्या गर्ने व्यक्तिले आफूले त्यो भन्दा बढी पीडा र दुःख सहेर तड्पिदै मर्नुपर्छ भन्ने आख्यान नै यस उपन्यासको कथावस्तु हो ।

## (ख) **चरित्रचित्रण**

विश्वगोपाल लम्सालको **प्रतिशोध** उपन्यासमा थोरै पात्रहरूको प्रयोग गरिएको छ । यो उपन्यासमा दुई प्रमुख पात्रको प्रयोग छ । ती हुन् बुढी र लाटो । सहायक पात्रहरूमा कनक, किशोरी, कविराज, नौली, कमल, हुन् भने गौणपात्रहरू, भाऊजुका बाबु, केटाकेटीहरू, बाहुनी धन्दे, युवक, मलामीहरू आदि देखिन्छन् ।

### (अ) प्रमुख पात्र

### (i) बुढी

**प्रतिशोध** उपन्यासको प्रमुख नारी पात्र नायिका हो । उसैको सेरोफेरोमा उपन्यासको कथा मात्रहोइन, उपन्यासको प्रमुख पात्र लाटो तथा अन्यपात्र पनि रिङ्गिएका छन् । बुढी युवकको प्रेमिका, कविराजकी श्रीमति, किशोरीकी आमा, कनकको भाउजु, लाटोकी मालिक्नी बनेकी छ । बुढी सम्पन्न परिवारमा जन्मेकी चेली तर माइतमा कन्याकेटी हुँदा नै गर्भवति भएकी र उसको प्रेमी जात नमिल्ने भएका कारण बाबुआमाले जवरजस्ती एउटा गरीब ब्राह्मण कविराजसँग विवाह वन्धनमा बाँधिएकी नारी चरित्र हो । मन पराएको प्रेमीसँग विवाह गर्ने मन हुँदाहुदै पनि अर्को गरीब वाहुनसँग विवाह वन्धनमा बाँधिन विवश नारी पात्र हो । धनी सम्पन्न परिवारकी परी भएका कारण बाबुआमाले प्रसस्त धनसम्पती दिनुका साथै काठमाडौंमा घर जग्गा नोकरचाकर पनि दाइजो दिएका थिए । त्यसै हुँनाले उसले परिवारका सबै सदस्यलाई आफ्नु अधिनमा राखेकी थिई । श्रीमानलाई पनि अपमान गर्ने बुढी निर्दयी, कुर र अपराधी नारी चरित्र हो । उसले नै कुटपिट गरेर, दु:ख र पीडा दिएर, जिर्ड भएकी नौली घर्तिनी अन्त्यमा रगत छादेर मर्दा पनि कुनै दया नदेखाउने पात्र हो । सुरुमा त लाटोलाई कठोर दु:ख र यातना दिने ऊ लाटो जवान हुँदै गएपछि लाटालाई एकाएक माया गर्न थाल्नु र लाटासँग यौनसम्बध गास्नुले बुढी उपन्यासकी प्रतिकूल चरित्र हो । स्वभावका आधारमा बुढी अस्थिर चरित्र हो । जीवन चेतनाका आधारमा बुढी अस्थिर स्वभावकी पात्र हो । शरदको झलक देखाउने रूप भएकी नवयौवना र तृप्ति भएकी स्वडसी हो । बुढीले आधुनिकता मनपराए पनि परम्परालाई त्यति नै आत्मसात गरेकी छ । पर पुरुषसँग पनि यौनसम्बन्ध राख्न पछि नपर्ने बुढी अन्त्यमा आफ्नै घरको नोकर लाटोसँग लहसिन थाल्ने खराब चरित्र हो । माइतमा नै पेट बोक्ने बुढी प्रकृतिकी उत्ताउली खहरे हो । अरूलाई अत्यन्तै पीडादिने अन्त्यमा आफू पनि पीडैपीडामा परेर त्यो सहन नसकी वाग्मती नदीमा हामफालेर देहत्याग गर्न विवस नारी चरित्र हो । उपन्यासको आदिदेखि अन्त्य सम्म भूमिकामा रहेकी बुढी मञ्चीय तथा आवद्ध चरित्र हो ।

## (ii ) लाटो

सानै उमेरमा आमाको माया गुमाएको तथा बाबु को हो, भन्ने नै टुङ्गो नलागेको नौली घर्तिनीको छोरो, बुढीको नोकर हो । सानो छदा अत्यन्त अटेरी तथा सोजो देखिएको 'लाटो' कनकसँग पढ्न थालेपछि  अनुशासित र सुन्दर तथा आज्ञाकारी बन्दै परिवारका सबै सदस्यसँग प्रतिशोध लिने चरित्र हो । रूपमा अत्यन्त सुन्दर लाटो मालिक्नी प्रति क्रमस आकर्षित हुने र मालिक्नीको मन जित्न सक्ने चरित्र हो । ऊ क्रमस बुढीको घरमा मालिकको स्थान जमाउने प्रयास गर्दै आफ्नी आमालाई कसरी चोट र पीडा दिएर मारेऊ म पनि तिमीहरू सबैलाई त्यसरी नै मार्छु भन्ने अठोट लिएर पहिले अनेक जालजेल रची किशोरीलाई हत्या गर्ने पात्र हो । कनकलाई यौनको रापमा जलाएर आत्महत्या गर्न विवस बनाउछ भने बूढोलाई गलत औषधी गलत समयमा खुवाएर हत्या गर्दछ र अन्त्यमा आफूले प्रतिशोध लिएको पश्चाताप गर्दै तड्पिएर मर्न तयार हुन्छ । लाटो उपन्यासमा एक कामुक र फटाहा पुरुषको रूपमा देखिएको प्रतिकूल चरित्र हो । कहिले किशोरी, कहिले बुढी, कहिले कनकसँग यौनसम्बन्ध राख्ने कामुक पुरुष पात्र हो । उपन्यासका सुरुदेखि अन्त्यसम्म सक्रीय रहने 'लाटो' मञ्चीय र आवद्ध चरित्र हो ।

## (आ) सहायक पात्रहरू

## (i) किशोरी

**प्रतिशोध** उपन्यासकी सहायकपात्र 'किशोरी' बुढीकी एकमात्र छोरी, स्कुल पढ्ने अल्लरे ठिटी हो । उपन्यासमा उसको भूमिका थोरै भएपनि उपन्यासलाई दुःख तिर मोड्न महत्त्वपूर्ण भूमिका खेलेकी छ । ऊ कनकलाई माया पनि गर्छे, इर्ष्या पनि गर्छे । उपन्यासमा कनकको नकरात्मक भूमिका भएकाले ऊ उपन्यासकी प्रतिकूल चरित्र हो । किशोरी अस्थिर स्वभाव भएकी केटी हो । लाटोले किशोरीलाई कमलसँग फसाउदा सजिलै फस्छे र अन्त्यमा माइतमा नै गर्भवति हुन पुग्ने चरित्र हो । आफूले मनपराएको व्यक्तिलाई विवाहको प्रस्ताव राख्दा कोठा नै छोडेर भागेपछि आफूले गरेको कूकर्म सहन नसकी गोली खाएर आत्महत्या गर्ने किशोरी उपन्यासकी उत्ताउली नारी चरित्र हो । उसमा द्वैद मानसिकता छ । कहिले लाटोसँग, कहिले

कमलसँग यौनक्रिया गर्ने उपन्यासकी प्रतिकूल चरित्र हो । व्यक्तिगत जीवन चेतना भएकी किशोरी उपन्यासकी मञ्चीय र बद्ध पात्र हो ।

**(ii ) कनक**

कनक **प्रतिशोध** उपन्यासकी केशवकी बहिनी हो भने, बुढी की नन्द हो । सानैमा बाबुआमा गुमाएर टुहुरी बनेकी  तथा विवाह गरेकै दिन विदुही बन्न पुगेकी नारी चरित्र हो । ऊ बी.ए पढेकी शिक्षित नारी भएपनि आफू समानको योग्य वर खोजेर आफै विवाह गर्न नसक्ने, आधुनिकता मनपराए पनि परम्परालाई त्यति नै आत्मसात गर्ने नारी चरित्र हो । ऊ एकदमै अनुशासित तथा इमानदार छे । घरमा राखेर नोकर लाटोलाई  पढाएर शिक्षित, अनुशासित, बुद्धिमान बनाउँने कनक निस्वार्थ सेवागर्ने असल चरित्र हो । उसमा मनोवैज्ञानिक दृष्टिले एकल मानसिकता छ । ऊ सबैलाई माया गर्छे । ऊ गरीब परिवारकी चेली हो । कनक उपन्यासकी मञ्चीय तथा बद्ध चरित्र हो । कनक इमानदार हुँदाहुदै पनि एका-एक लाटोप्रति आकर्षित भइ उसैसँग समागम गरेर आनन्द लिन चाहने नारी हो । उसले समागम गर्न लाटोलाई अनुरोध गरे पनि लाटाले वेवास्ता गरेपछि क्रोधले बौलाएर आफ्ना शरीरका सारा कपडा च्यातेर लाटाको कोठामा फाली नाङ्गै भएर आफ्नै कोठामा आत्महत्या गर्न पुग्ने चरित्र हो । सुरुमा उपन्यासमा अनुकूल चरित्रका रूपमा देखिए पनि अन्त्यमा भने प्रतिकूल चरित्रका रूपमा देखिएकी छ । ऊ स्त्री मध्यप्रमुख पात्र हो । उपन्यासलाई गति दिनका साथै निष्कर्षमा पुऱ्याउने कार्यमा उसको भूमिका महत्त्वपूर्ण छ ।

**(iii) नौली**

लाटाकी आमा, बुढीको माइतिबाट दाइजो दिएकी नोकर्नी नौली घर्तिनी, उपन्यासकी स्त्री पात्र हो । ऊ रूपमा अत्यन्तै नराम्री तथा कुरूप भएपनि अत्यन्तै सरल सोझी इमानदार नौली उपन्यासकी अनुकूल चरित्र हो । घरकै मालिक कविराज तथा घरमा आउने अन्य पाउँना र छरछिमेकका पुरुषहरूद्वारा समेत बलत्कृत हुन पुगेकी नौली उपन्यासकी एक निरीह पात्र हो । घरकी मालिक्नी बुढीले अत्यन्तै कठोर यातना, कूटपिट गरी खान नदिएर रोगी बनेकी नौली उपन्यासको दोस्रो पच्छिेदमा नै रगत छादेर मर्दछे । नौलीको उपन्यासमा मञ्चीय भूमिका छ ।

### (iv) कमल

कमल +२ पढ्ने अल्लरे ठिटोको रूपमा उपन्यासमा देखिएको छ । किशोरीलाई फकाएर यौनक्रिया गरी पेट बोकाएपछि एकाएक कोठा छोडेर भाग्ने उपन्यासको प्रतिकूल चरित्र हो । आफ्नो मात्र स्वार्थ हेर्ने ऊ वैयक्तिक जीवन चेतना भएको व्यक्ति हो । ऊ मञ्चीय तर कथावस्तु मुक्त पात्र हो । उपन्यासमा थोरै भूमिका भएपनि उसको भूमिका उल्लेख्य छ ।

### (v) कविराज

प्रतिशोध उपन्यासको सहायक पात्र भएर पनि उल्लेख्य पात्र हो । गरीब परिवारमा जन्मेका कविराज सानै उमेरमा बाबुआमा गुमाएपछि अत्यन्त दुःखपूर्ण जीवन विताउने चरित्रका रूपमा देखिएका छन् । गरीब भएकै कारण धेरै दाइजो र सम्पति दिने धनी बाबुकी माइतमा नै गर्भ बोकेकी केटीसँग उनको विवाह हुन्छ । विवाह पश्चात पनि पत्नीबाट हेपिएका कविराज नौली घर्तिनीसँग सहवास गर्न पुग्छन् । कविराज एकठाउँमा दुर्घटित भएपनि ऊ उपन्यासको अनुकूल चरित्र हो । सधै साहित्य सिर्जना गर्ने, तर विभिन्न रोगबाट पीडित कविराज उपन्यासको मञ्चीय पात्र हो । कविराज कथावस्तुसँग आवद्ध चरित्र हो । छोरीको असाध्यै मायाँ गर्ने कविराज आफ्नी विदुही वैनीको दुःखी जीवन देखेर निक्कै पिरोलिने, अन्त्यमा किशोरीको आत्महत्या र बैनीको आत्महत्या पछि त्यो दुःख सहन नसकेर त्यसैदिन प्राण त्याग्न विवश पात्र हो ।

उपन्यासमा अन्य गौणपात्रहरू युवक, भाउजुका दाजु, बाहुनी, धन्दे, केटाकेटीहरू, मलामीहरू आदिले पनि उपन्यासलाई गति दिन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### (ग) द्वन्द्व विधान

द्वन्द्व उपन्यासको पात्रको आन्तरिक मनमा र पात्र-पात्र बीच हुने गर्दछ । यसले उपन्यासको घट्ना वस्तुलाई गति दिन्छ । **प्रतिशोध** उपन्यासमा आन्तरिक तथा बाह्य दुबै प्रकारको द्वन्द्व पाइन्छ । उपन्यासको प्रमुख पात्र लाटो आफ्नी आमाको मृत्यु भएपछि प्रतिशोधको भावना लिएर भित्रभित्रै जल्न थाल्छ । यही कुण्ठाका कारण ऊ खराब काममा प्रवृत हुन्छ ।

उसमा चेतन मनले जितेका बेला त्यसप्रति पश्चाताप पनि गर्दछ, तर मौका परेका बेलामा त्यस्ता नीच कार्य गर्न पछि पर्दैन् । किशोरीलाई कमल जस्तो फटाहा केटासँग फसाएर अन्त्यमा आत्महत्या गर्न विवश पार्छ, त्यस्तै कनकलाई भोग गर्न भनेर जानु, तर आन्तरिक मनोद्वन्द्वका कारण भोग नगरी फर्कनु, कविराजलाई टायम अनुसार औषधी नखुवाउनु, बुढीलाई खुकुरीले काट्न खोज्नु, तर नसक्नु, बुढीसँग प्रतिशोधको भावनालिई हरेक काम गर्दा लाटाभित्र आन्तरिक मनोद्वन्द्व उत्पन्न भएको छ । अन्त्यमा परिवारका सम्पूर्ण सदस्य मरेपछि पनि लाटो भित्र आन्तरिक द्वन्द्वै द्वन्द्व उत्पन्न भएको छ । उसमा चेतन मनले जितेका बेला त्यसप्रति पश्चाताप गर्दै उपन्यासको अन्त्य हुन्छ । त्यस्तै कनक र किशोरीमा पनि आन्तरिक द्वन्द्व पाउन सकिन्छ । उपन्यासकी प्रमुख पात्र बुढी पनि आन्तरिक द्वन्द्वबाट पिल्सिएकी छ । कविराज भित्र पनि प्रसस्त आन्तरिक द्वन्द्व पाउन सकिन्छ । उपन्यासका सबैपात्रहरूमा आन्तरिक द्वन्द्व पाइने भएका कारण आन्तरिक द्वन्द्वका आधारमा **प्रतिशोध** उपन्यास  सवल मानिन्छ ।

**प्रतिशोध** उपन्यासमा बाह्यद्वन्द्व पनि पाइन्छ । बुढी र कविराज बीच भएको द्वन्द्व, बुढी र लाटो बीच भएको द्वन्द्व, किशोरी र कनक बीचभएको द्वन्द्व लाटो र कनकबीच भएको द्वन्द्व आदि । लाटो र कनक बीचको विचारको सबल द्वन्द्व छ । कनक आदर्शवादी छिन्, लाटो अवसरवादी छ । कनकको इमानदारीता र लाटाको अवसरवादीता बीच द्वन्द्व छ । कनकले घर छोडेर भागौं भनी अनुरोध गर्दा लाटो मान्दैन् । उसले बुढीसँग प्रतिशोधको बदला लिन, तर अन्त्यमा बुढीले नदीमा हामफाले पछि प्रतिशोध लिन नपाइ लाटो आन्तरिक मनोद्वन्द्वमा फस्नु ले प्रतिशोध उपन्यासमा आन्तरिक द्वन्द्व नै सबल मानिन्छ । समग्रमा उपन्यासको द्वन्द्व पक्ष सबल देखिन्छ ।

## (घ) **दृष्टिविन्दु**

उपन्यासमा पात्रको भूमिका वा स्थानलाई दृष्टिविन्दु भनिन्छ । उपन्यासमा केन्द्रीय पात्रको कुन स्थान छ, त्यसै आधारमा दृष्टिविन्दुलाई छुट्टयाइन्छ । **प्रतिशोध** उपन्यासको कथा वाचक वा समख्याता उपन्यासकारले ऊ, त्यो प्रयोग गरी उपन्यासका सम्पूर्ण पात्रको वर्णन गरिएको छ । उपन्यासको केन्द्रीय पात्र लाटो सम्पूर्ण घटनाको सर्वदर्शी पात्र हो, तरपनि उपन्यासमा उसको भूमिका 'म' पात्रका रूपमा छैन् । उपन्यासको केन्द्रीय पात्र लाटो आफूले

भोगेका घटनालाई दीप्ति प्रणालीका आधारमा प्रस्तुत गर्दछ । तर यो पात्र घटना प्रति निरपेक्ष रहेर 'ऊ' वा 'त्यो' पात्रका रूपमा घटनाको वर्णन गर्दछन् । उपन्यासको कथ्यको विकाससँगै कथावाचक लाटो कथावस्तुबाट अलग रहेर घटनाको सर्वदर्शी भएर वर्णन गर्दछ । यस आधारमा उपन्यास बाह्य दृष्टिविन्दुमा संरचित छ । यसको दृष्टिविन्दुमा उपन्यासकारको हस्तक्षेप देखिन्छ । जस्तैः उपन्यास यसरी सुरू हुन्छ, लाटोका बाबुको टुङ्गो लाग्न सकेन । नौलीको शरीरको अध्ययन गर्दा निक्कै विचित्रता पाइन्थ्यो । उसका ओठहरू..........। लाटाको मस्तिस्कमा अचेल ठूलो उथल पुथल मच्चिरहेको थियो । ऊ निकैदिन देखि ......।. यसरी यस उपन्यासको दृष्टिविन्दु स्वयं उपन्यासकार हुन् । उपन्यास पात्रको नाम तोकेर बाह्य दृष्टिकोण अर्थात अन्य पुरुष शैलीमा लेखिएको छ । उपन्यासमा ऊ र त्यो को सादृश्य नाम मार्फत कथावस्तुलाई अघि बढाइएको छ । यहाँ उपन्यासकार सर्वद्रष्टा भएर नौली, लाटो, कनक, बुढी किशोरीका जीवनमा घटेका सम्पूर्ण घटनाहरू लाटो मार्फत व्यक्त गर्न लगाउँछन् । तर यहाँ उपन्यासकार स्वयंले घटनाको वर्णन गर्दैछन् भन्ने भान पाठकमा पर्दछ । समग्रमा उपन्यास वर्णनात्मक र संवादात्मक छ । **प्रतिशोध** उपन्यासको दृष्टिविन्दु अन्य पुरुष 'ऊ' र 'त्यो' अर्थात बाह्यपुरुष नै हो । उपन्यासको दृष्टिविन्दु 'त्यो' वा 'लाटो' घटनाको सर्वदर्शी हो र ऊ कथावस्तु सापेक्ष हो ।

### (ङ) **परिवेश /देशकाल/वातावरण**

परिवेशले उपन्यासले समेटेको स्थान, समय र परिस्थितिलाई बोध गरउँछ, अर्थात जुनसुकै घटनाहरू कुनै न कुनै स्थान, समय र वातावरणमा घटित हुन्छन्, त्यसका पात्रहरू पनि कुनै न कुनै परिवेशको धरातलमा आश्रित हुन्छन् । प्रतिशोध उपन्यासमा, लेख्दाको समय २०२८ सालको र त्यस भन्दा अगाडिको काठमाडौं शहरको प्राकृतिक सौन्दर्यता त्यतिखेरको काठमाडौँको धनी वर्गहरूको पारिवारिक गतिविधि, नोकर चाकरलाई गर्ने व्यावहार, मानवीय सोचका कुरूपता प्रस्तुत भएका छन् । मानवीयता सून्य रहेका सम्पन्न परिवारका व्यक्तिका कियकलाप, सम्पन्न परिवारका बालबच्चाका कियकलाप, गरीब भएकै कारण हेपिनुपरेको, मानसिक यातना भोग्नु परेको स्थितिको चित्रण उपन्यासमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासमा नौली, लाटो, धन्दे, बाहुनीहरूको माध्यमबाट, त्यहाँको समाजमा रहेका नोकर चाकर, अपाङ्गहरूका दयनीय स्थिति, कुल्ली, मजदुरका आर्थिक अवस्था, नेपालको परम्रागत

दाइजो दिने प्रचलन र त्यो दाइजो गएकी नोकर्नीले, भोग्नु परेका यौनदुर्व्यवहार, धनीका छोराछोरीले जस्तोसुकै आपराधिक कार्य गरेपनि धनसम्तीले ढाकछोप गर्ने प्रवृति, र वर्षा, गर्मी यामको हुरी, झरी, सबै उपन्यासका परिवेश रूपमा चित्रित भएका छन् । उपन्यासमा नौली, लाटो र बुढीका दैनिक जीवनचर्या मार्फत काठमाडौँको पच्चिस /छब्बिस बर्षको प्रत्यक्ष परिवेश चित्रण भएको छ । यस उपन्यामा गरीबहरू प्रति पूँजीवादी चिन्तनले विकृत बनाएको आम समाजको मनोवृत्तिलाई परिवेशको रूपमा यथार्थ चित्रण गरिएको छ । यसले काठमाडौँको आम सेरोफेरो, राष्ट्रिय नाचघर, वाग्मतीको तीर, घुमेको नयाँ सडक, नैनीताल, चोक, बजार र नौली, लाटाले विताउने दर्दनाक र कारुणिक जीवनलाई उपन्यासको परिवेशका रूपमा जीवन्त तरिकाले उतारिएको छ । अल्लरे ठिटी, उच्छृङखल केटाकेटी, धन्दे, बाहुनी, विदुही युवती र श्रमजीवी वर्गको जीवन्त प्रस्तुति उपन्यासमा चित्रित भएका छन् ।

निष्कर्षमा उपन्यासको नायक लाटोले आफ्नी आमालाई मारेको प्रतिशोध लिएर परिवारका सदश्यलाई दुर्गति तिर धकेली मृत्युको मुखमा पुऱ्याइ दिएको र आफू पनि छट्टपट्टिएको परिवेशको चित्रण छ । लाटाको र अन्य पात्रको अवस्था अनुसार प्रकृतिलाई सामान्जस्य गरेर उपन्यासमा परिवेशको सफल चित्रण गरिएको छ ।

## (च) भाषाशैली

भाषा र शैली दुई शब्दको समस्त रूप नै भाषाशैली हो । भाषा उपन्यासकारको विचार वा दृष्टि प्रस्तुत गर्ने माध्यम हो भने शैली त्यसलाई प्रस्तुत गर्ने तरिका हो । भाषाशैलीका दृष्टिले **प्रतिशोध** उपन्यास सरल तथा सुबोध्य नै छ । उपन्यासमा पदसंगति मिलेका वाक्यको प्रयोगको आधारमा कहि कहि काव्यात्मक भाषाको प्रयोग पनि पाइन्छ । उपन्यासमा धेरै उखानटुक्काको प्रयोग गरिएको पाइन्छ । जस्तै एक पन्थ दुई काज पृ. २६, चिन्नु न जान्नु घचेडी माग्नु पृ. ६, विहे गर्ने हतारमा केटी माग्न बिर्सिनु, तँ चिता म पुऱ्याउँछु आदि । परम्परागत उक्तिको प्रयोग पाइन्छ । जस्तै गोरु बूढो भएपछि भीर खोज्छ, मानिस बूढो भएपछि निहुँ खोज्छ, कोशिश गरे के हुदैन, इन्द्रेका बाबु चन्द्रे आए पनि आदि । उपन्यासमा संस्कृत तथा अंग्रेजी भाषाको प्रयोग पनि प्रसस्तै छ ।

जस्तै संस्कृत शब्दहरू..लड्का, पति, श्रृगार, चेला, अमृत, दण्ड, मुग्ध, मन्त्र आदि ।

अंग्रेजी शब्दहरू ..श्लोप्वइजन, सेकेण्ड हेन्ड, लेफराइट आदि । उपन्यासमा ठेट नेपाली शब्दहरूको प्रयोग पनि प्रसस्तै पाइन्छ । समाजमा जस्तो घटना घटेको छ त्यसलाई मौलिकता दिएर प्रस्तुत गरेका छन् । **प्रतिशोध** उपन्यासमा पात्र अनुसारको भाषाशैलीको प्रयोग गरिएको  छ । तृतीय पुरुष शैलीमा प्रस्तुत उपन्यासमा पात्रपात्रा बीचका सरल सम्वादले अघि बढेको देखिन्छ भने कहि कतै साहित्यिक शैलीका आधारमा उपन्यास चेतनप्रवाह शैलीको प्रयोग पनि छ । उपन्यासको कथ्य आदि, मध्य र अन्त्य मिलेको छ ।

समग्रमा उपन्यासको भाषाशैली पक्ष सबल छ ।

### (छ) उद्देश्य

विना उदेश्य कसैले कुनै कियाकलाप गर्दैन भन्ने हो भने **प्रतिशोध** उपन्यास लेखनको आफ्नै उद्देश्य छ । विना उद्देश्य कुनै पनि साहित्यिक सिर्जना हुदैन । **प्रतिशोध** उपन्यासको मुख्य उद्देश्य उच्च, निर्मल, तथा अनुकरणीय, स्वास्थ्य समाजको अवि पस्कनु नै उपन्यास लेखनको उद्देश्य हो । यस उपन्यासमा उपन्यासकार विश्वगोपाल लम्सालले धनाड्य व्यक्तिले गरीब नोकरलाई जसरी दुःख पीडा दिएका हुन्छन् त्यसरी नै धनीहरूलाई दुःख दिनकोलागि प्रतिशोधको भावना बढ्दै जान्छ र अन्त्यमा दुःख पीडा दिएरै छाडछन् भन्ने देखाउन उपन्यासमा लाटाले किशोरी, कनक र कविराजलाई आफै मर्न विवश बनाएको सन्दर्भ छ र बुढी पनि त्यो पीडा सहन नसकी आफै नदीमा हाम फालेको उपन्यासमा देखाइएको छ ।

परम्परागत नेपाली समाजमा भएको मानवीय कुसस्कारलाई व्यंग्य प्रदान गर्नु उपन्यास सिर्जनाको अर्को महान उद्देश्य हो । लम्सालले असन्तुलित सामाजिक संरचनाको चित्रण गर्दै गरीब तथा निम्न वर्गका व्यत्तिले सहनु परेको मानसिक यातना, श्रीमतिको दाइजो दिएको सम्पति खाएर वाच्नु पर्दाको पीडा, उपन्यासको कविराज पात्रबाट पुष्टि भएको छ । नेपाली समाजमा विधुवा चेलीले भोग्नु परेका पीडा र विवाह भएको चौबिस घण्टा नबित्तै श्रीमानको मृत्यु हुँदा पनि जीवन भरी विवाह नगरी बस्नुपर्ने नेपाली चेलीको दुर्रदशा चित्रणगर्दै युवतिहरू जवानीको यौनआवेश नियन्त्रण गर्न नसकेर आत्महत्या समेत गर्न पुग्छन् भन्ने

देखाउन उपन्यासमा कनक नाम गरेकी नारी पात्रको प्रयोग गरी पुष्टि गरेका छन् । घरमा दाइजो दिएकी नोकर्नी माथि पनि यौन दुर्व्यवहार गर्न पछि नपर्ने पुरुषहरूको खराब आचरण प्रति उपन्यासमा व्यंग्य प्रहार गरिएको छ । धनी तथा सम्पन्न परिवारका छोराछारीले घृणित कार्य गरेपनि सम्पतिको थुप्रोले पुरेर ढाकछोप गर्ने कुप्रवृत्तिको वर्णन गरेर आजको सभ्य र सम्भ्रान्त समाज प्रति उपन्यासमा व्यंग्य प्रदान गरिएको छ । उपन्यासको अन्त्यमा लाटाको छट्टपटाइ र कारुणिक जीवन भोगाइको चित्रण गरेर मानिसमा त्रासदीको अन्त्य गर्नु र उसमा मानवतावादी भावनाको  विकास गराउनु उपन्यास लेखनको उद्देश्य हो ।

## ४.२.३ 'अन्तिम परिच्छेद' उपन्यासको विश्लेषण

### (क) कथावस्तु

**अन्तिम परिच्छेद** उपन्यासको कथावस्तु काल्पनिक भएर पनि पारिवारिक, सामाजिक प्रकृतिका छन् । उपन्यासको कथावस्तु म पात्र सुरू र सन्तोषका विभिन्न क्रियाकलापको वर्णन गर्न थालेपछि सुरू हुन्छ । सुरू सन्तोष र कविकी छोरी हुन् । सन्तोष झयालमा बसेर रूमालमा बुट्टा भरी छिन् । उनले रूमालमा बुट्टा भरेको हाकिमलाई हेर्ने बाहना हुन सक्छ, अहिले रूमालको के आबश्यकता परेको भन्ने अनेक प्रश्न गर्दै म पात्र मनमा कुरा खेलाइ रहेका छन् । सन्तोषका चालचलनको चियोगर्दै नाना शंका उपशंका गर्न थाल्छ । म पात्र कहिले एकदमै दुःखी हुन्छ भने कहिले एकदमै खुसी । हाकिम र म पात्र एउटै कार्यलयमा काम गर्ने कर्मचारी हुन् । हाकिम भर्खर सरुवा भएर आएका हुन्छन् ।  म पात्र तल्लो तहको कर्मचारी भएका कारण भनेका बेलामा सरुवा बढुवा गर्न तथा हाकिमको मान्छे भनेर अन्य कर्मचारी लगायत सर्वसाधारण जनताको अघि आफ्नो कदर हुने जस्ता फाइदा पनि हुन्छन् । तर रिसाए भने, विरमी विदा पनि झुट्टा हुन्छन् अरू सुविधाको उपभोग गर्न त कुरै छोडौ, भनेर म पात्र आफ्नी श्रीमतिलाई लिएर हाकिमका घरमा टिका लगाउन जान्छन् । टिका लगाउन गएदेखि नै सन्तोषको हाकिमका घरमा जाने आउने कम बढ्छ । कवि भित्र भित्रै तड्पिन थाल्छन् तर न हाकिमलाई केही भन्न सक्छन्, न श्रीमतिलाई नै । कविलाई हाकिम खराब चरित्र भएको मानिस हो भन्ने पहिले नै थाहा हुन्छ । कवि सन्तोषलाई त्यहाँ जादै नजाऊ भन्न पनि सक्तैनन्, उनी अनेक संकाउपसंका  गर्दै जान्छन् । सन्तोष पनि बारम्बार हाकिम हाकिमनीका कोठामा जाने

गर्दछिन् । हाकिमले कार्यलयमा कविलाई निक्कै सुविधा दिन्छ । एकदिन कवि विरामी पर्दा पनि निको भएपछि गएर हाजिर दन्काए पनि हुन्छ, नत्र विरामी विदा मिलाइ दिउँला भनी आस्वासन दिन्छ र भित्रभित्रै सन्तोषलाई फकाउन थाल्छ । हाकिमकी बुढी विहेमा गएको मौका पारेर हाकिमले कविलाई बिराटनगर पठाउछ । तर कवि सन्तोष र हाकिमको चाला हेर्न रातभरी नसुति डेरा नजिक आएर विचार गर्दछ । राति दस बजेपछि हाकिम सन्तोषको कोठामा आउँछ र सन्तोषलाई जबरजस्ति गर्न थाल्छ । सन्तोषले प्रतिकार गर्न थाल्छिन् । अन्त्यमा सन्तोषले हाकिमको हातमा खुकुरी प्रहार गर्दछिन्, उपन्यासकार सन्तोषलाई खराब सोचिरहेका थिए, तर सन्तोषले खुकुरी प्रहार गरेपछि  हाकिम त्यहाँबाट जान्छन् अनि उनी कोठाभित्र पस्छन् । सन्तोषले त्यहाँबाट कोठासर्न आग्रह गर्दछिन, कविले हुन्छ भन्ने आश्वासन दिदै उपन्यासको अन्त्य हुन्छ ।

उपन्यासकारले **अन्तिम परिच्छेद** उपन्यासमा समाजको यथार्थ घटनालाई कल्पनाले रङ्गाएर प्रस्तुत गरेका छन् । तल्लो तहका कर्मचारीका परिवारको समस्या र माथिल्लो तहका सरकारी हाकिमको सौखिन प्रवृत्ति, उसको व्यवहार र वास्तविक दिनचर्यालाई **अन्तिम परिच्छेद** उपन्यासले कथावस्तुको रूपमा संगठित गरेको छ । उपन्यासको कथावस्तु रैखिक ढाँचामा, आदि मध्य र अन्त्यको श्रृंखलामा अघिबढेको छ ।

## (ख) पात्र तथा चरित्र चित्रण

पात्र तथा चरित्र कथावस्तुलाई गतिदिने वाहक हुन् । **अन्तिम परिच्छेद** उपन्यासको श्वैर कल्पनात्मक कथावस्तुलाई चरित्र चित्रणकै माध्यमले अघि बढाइएको छ । उपन्यासका सबै पात्रका कार्यव्यापारको माध्यमबाट कथ्यलाई कलात्मक रूपमा अघि बढाइएको छ । उपन्यासमा पात्र दुई प्रकारका छन् । १.स्वार्थी अवसरवादी २.सरल र इमानदार

अवसरवादीहरू मौका पाउने बित्तिकै सामान्य पात्रलाई आफ्नो सिकार बनाउँछन् । उपन्यासमा रहेका पुरुष तथा स्त्रीपात्रहरूको निम्न अनुसार चरित्र चित्रण गरिएको छ ।

(अ) **प्रमुख पात्रहरू**

## (i) कवि

कवि अन्तिम परिच्छेद उपन्यासको प्रमुख पुरुष पात्र हो । पढेलेखेको उमेरले नढल्केको उपन्यासकारको रूपमा आफूलाई परिचित गराउन चाहने, सन्तोषको प्रेमी तथा सुरूको बुबा हो । ऊ उपन्यासको कथावाचक अथवा समख्याता पनि हो । कार्यलयको हाकिम आफ्नो हातमा पार्न पाए भनेको बेलामा सरुवा गर्न, विदा लिन र कार्यलयका अनेक सुख सुविधा उपभोग गर्न पाइन्छ, भन्ने आशले हाकिम खराब प्रवृत्तिको मान्छे हो भन्ने थाहा पाउँदा पाउदै पनि दशैको टिका लगाउन आफ्नी श्रीमतिलाई लिएर हाकिमको घरमा जाने ऊ हाकिम पतित पात्र हो । सन्तोषले हाकिमका सुख सुविधा प्रति मोहित भएर हाकिमको प्रसंसा गर्दा सन्तोषलाई गाली नगरी आफू मात्र भित्रभित्रै तड्पिने पात्र हो । उसले आफ्नै श्रीमतिलाई पनि खराब चरित्र भएकी भन्ने सोच्छ तर भन्न भने सक्तैन । हाकिमले श्रीमतीका लुगा लिन विराटनगर पठाउदा रातभरी लुकेर हाकिमको चियोचर्चो गर्ने कवि हाकिम आफ्नो कोठामा आएर सन्तोषलाई बलत्कार गर्दा पनि प्रतिकार गर्न नजाने कवि नितान्त व्यक्तिगत जीवन चेतना भएको पात्र हो । ऊ सन्तोषले हाकिमको हात काटेपछि उनलाई सम्मान गर्दछ । कवि सन्तोषले भनेको कुरा नकाट्नुले नारीको सम्मान गर्ने पात्र हो ।

उपन्यासको समख्याता समेत रहेको कवि कथावस्तुसँग क्षणिक पनि हटाउन नमिल्ने आवद्ध पात्र हो । आफ्नै हाकिमले कुकृत्य गरेको टुलुटुलु हेर्न बाध्य कवि उपन्यासको मञ्चीय चरित्र हो भने उपन्यासको अन्त्यका हिसाबले केन्द्रीय चरित्र हो । अनुकूल प्रवृत्तिलाई कायम राखी जीवनभर संघर्ष गर्ने कवि उपन्यासको एक सबल र महत्त्वपूर्ण चरित्र हो । उसमा इमानदार र सहयोगी भावना छ ।

## (ii) हाकिम

हाकिम्नीको श्रीमान, अग्ला, हँसमुख भएका, राँगाका जस्तै आँखा भएका तिस /एकतिस वर्षका लालवर्णका केही पातला कार्यलयका हाकिम हुन् । राम्रा केटी देखेपछि आफ्ना बसमा पारी हाल्ने, स्त्रीलम्पट चरित्र हो । कार्यलयमा हाकिमले जे गरेपनि हुन्छ, भन्ने भावना उनको

छ । उनको कार्यलय जाने कुनै समय छैन, मनलागेका बेलामा जान्छन्, कहिले काही १२ नबजी घर फर्किन्छन् । उसलाई कसैको डर छैन् । ऊ सँग कार्यलयका सबै कर्मचारी डराउछन् । ऊ आफूले मनले खाएको कर्मचारीलाई भनेको समयमा विदा मिलाइ दिने हाकिम उपन्यासको सुरुदेखि अन्त्य सम्मनै कथावस्तु सँग हटाउन नमिल्ने आवद्ध पात्र हो । सन्तोष र आफ्नी श्रीमतिलाई आफ्नो गाडीमा घुम्न लैजाने हाकिम अन्त्यमा हाकिम्नी नभएको मौका पारेर सन्तोषलाई बलत्कार गर्न जाने उपन्यासको प्रतिकूल चरित्र हो । ऊ उपन्यासको असत् प्रवृत्तिको गतिशील चरित्र हो । उपन्यासलाई गति दिन उसको भूमिका महत्त्वपूर्ण छ ।

**(iii) सन्तोष**

**सन्तोष** अन्तिम परिच्छेद उपन्यासकी कविकी श्रीमति, सुरुकी आमा, र उपन्यासकी प्रमुख नारी चरित्र हो । ऊ रूपमा अत्यन्तै राम्री छ । रुमालमा बुट्टा भर्नु, खाना पकाउनु, घरका सम्पूर्ण काम गर्नु, सुरुको हेरविचार गर्नु उसको दिन चर्या हो । सन्तोष सरल स्वभाव भएकी इमानदार नारी चरित्र हो । ऊ हाकिम हाकिम्नीका कोठामा जाँदा सुरु-सुरुमा लजाउँदै जान्छे । कतै घुम्न जाँदा सोधेर मात्र जाने सन्तोष हाकिमनी बिरामी भएका बेला हाकिमको घरमा गएर सम्पूर्ण काम गर्न सघाउने चरित्र हो । हाकिमका घरको सुखसुविधा प्रति आकर्षित भएकी सन्तोष, हाकिमले सन्तोषलाई भोग गर्न खोजे पछि हाकिमको कोठामा नै जानछोडि दिने उपन्यासकी अनुकूल चरित्र हो । कविले सन्तोष प्रति नराम्रो संकागरी लुकेर उसको बानीव्यावाहारको चियो गर्दा ऊ जहिलै असल मात्र भेटिइ । जस्तै एकदिन हाकिमसँग समागम गर्दै होली भनेर कवि घर आउदा ऊ उपन्यास पढीरहेकी थिई । सन्तोष उपन्यासको सुरुदेखि अन्त्य सम्म मञ्चीय रूपमा भूमिका निर्वाह गर्ने प्रमुख नारी चरित्र हो । ऊ कथावस्तु आवद्ध चरित्र हो । हाकिमको खराब बानी व्यवहार थाहापाए पछि हाकिम आफ्नो कोठामा आउँदा उसलाई खुकुरी हानेर प्रतिकार गर्ने साहसी नारी चरित्र हो । उपन्यासलाई गति दिनका साथै निष्कर्षमा पुऱ्याउने कार्यमा उसको भूमिका महत्त्वपूर्ण छ ।

(आ) **सहायक पात्रहरू**

**(i) सुरू**

कवि र सन्तोषकी छोरी सुरू उपन्यासकी सहायक नारी चरित्र हो । ऊ कहिले पुतलीसँग खेल्छे, कहिले सहनाइको श्वर निकाल्दै उपन्यासको प्रमुख पात्र कविलाई आकर्षित गर्ने पात्र हो । ऊ सानी बालीका भएपनि चक्चक नगरी बस्ने, कविलाई जिज्ञासाले भरिएका प्रश्न शोध्ने उपन्यासकी बालीका हो । उपन्यासको सुरूदेखि अन्त्यसम्म नै रहेपनि उपन्यासबाट यसलाई हटाउदा पनि खासै फरक पर्दैन । सुरू उपन्यासकी अनुकूल चरित्र हो । उपन्यासको आसन्नताका आधारमा मञ्चीय पात्र हो । सुरू कथावस्तु मुक्त पात्र हो ।

**(ii) हाकिमनी**

कपाल काटेर छोटो पारेकी शारीरिक वनावटको हकमा गहुँगोरी, होची र केही मोटी, छिन्-छिनमा एक न एक अंग्रेजी शब्दको उच्चारण गरेर हुं हुं गर्दै हास्ने, अनुहारको श्रृगार र वस्त्र पनि किमति देखिने हाकिमनी उपन्यासकी सहायक पात्र हुन् । छोराछोरी नभएकी हाकिमनी सानैदेखि सुखसयलमा हुर्केकी, नयाँ-नयाँ ठाउँ घुम्न मन पराउने सौखिन प्रवृत्ति भएकी नारी चरित्र हो । उपन्यामा ठाउँ-ठाउँमा मात्र देखिने ऊ उपन्यासकी अनुकूल नारी चरित्र हो । कथावस्तुबाट झिकिदिए पनि फरक नपर्ने कथाबस्तु मुक्त पात्र हो ।

उपन्यासमा अन्य गौण पात्रहरूको प्रयोग पनि छ । ती गौणपात्रहरूमा धन्दे, रामु, बैरो, फुटपाथमा हिड्ने मानिसहरू आदि जस्ता थुप्रै गौणपात्रहरूको प्रयोग गरिएको छ । उपन्यासमा गौण पात्रहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको छ ।

(ग) **द्वन्द्व विधान**

द्वन्द्व उपन्यासको पात्रको आन्तरिक मनमा र पात्र पात्रबीच हुने गर्दछ । यसले उपन्यासको घटना वस्तुलाई गति दिन्छ । **अन्तिम परिच्छेद** उपन्यासमा आन्तरिक तथा वाह्य दुबै प्रकारको द्वन्द्व पाइन्छ । आन्तरिक द्वन्द्वका दृष्टिले उपन्यास निक्कै सबल छ । उपन्यासको वर्णन कर्ता कविमा विशिष्ट प्रकारको मनोद्वन्द्व छ । कवि हाकिमले सन्तोषप्रति गरेको व्याहार

देखि भित्रभित्रै तड्पिन थाल्छ । सन्तोष हाकिमको कोठामा जान थालेपछि नाना संका गर्न थाल्छ । उसलाई सन्तोषले राम्रै व्यावहार गर्दा पनि हाकिमक लहसिए पछि मलाई यस्तो व्यावहार गरेकी होला भनी संका मात्रै गरिरहन्छ । नत सन्तोषलाई केही भन्न सक्छ नत हाकिमलाई नै, अन्त्यमा ऊ उनीहरूको चियोचर्चो गर्न थाल्छ । कवि मलाई विराटनगर पठाउँनुमा केहीकारण छ यिनीहरूको भनी लुकी-लुकी तिनीहरूको चर्तिकला हेर्दछ । उसले गरेका नाना तर्क विर्तकले नै उपन्यासको निर्माण भएको छ । हाकिमलाई सन्तोषले प्रतिकार गरेपछि सन्तोष प्रति गरेको नराम्रो संका वेकार रहेछ, सन्तोष त इमानदार रहिछन्, भन्ने थाहा पाउछ र सन्तोषसँग मनमनै क्षमा पनि माग्छ । उपन्यासमा कविको आन्तरिक द्वन्द्व सबल छ । उपन्यासकी नारी पात्र सन्तोषमा पनि आन्तरिक द्वन्द्व देखिन्छ । जस्तैः कसले ढोका हानेको हो । उहाँ आइपुग्नु भयो भने के भन्नु हुन्छ होला ? ।

उपन्यासमा बाह्यद्वन्द्वको प्रयोग पनि छ । जस्तै हाकिम र सन्तोष बीच भएको द्वन्द्व, त्यस्तै हाकिमका बूढा बुढी बीच पनि सामान्य द्वन्द्व देखिन्छ । सन्तोष र कविको पनि ठाउँ- ठाउँमा द्वन्द्व देखिन्छ । समग्रमा उपन्यासको द्वन्द्व पक्ष सबल देखिन्छ ।

### (घ) दृष्टिविन्दु

**अन्तिम परिच्छेद** उपन्यासको दृष्टिविन्दु कर्ता यसको प्रमुख तथा केन्द्रीय पात्र कवि हो । उपन्यासको सम्पूर्ण कथावस्तु उसैले वर्णन गरेको छ । उपन्यासमा कवि ‘म’ पात्रका रूपमा र आफ्नो जीवनमा घटेका घटना, सन्तोषको जीवनमा घटेका घटनालाई ऊ पात्रका रूपमा वर्णन गरेको पाइन्छ । उपन्यासको सम्पूर्ण घटनाको द्रष्टा वा सर्वज्ञाता कवि हो । उपन्यासमा आन्तरिक तथा बाह्यदुबै दृष्टिविन्दुको प्रयोग गरिएको छ । कविले म पात्रका रूपमा कथालाई अघि बढाउदा प्रथम पुरुष सर्वज्ञाता दृष्टिविन्दुको प्रयोग भएको छ । कविले कथावस्तुको वर्णन गर्दा आन्तरिक केन्द्रीय दृष्टिविन्दु छ । उपन्यासको सुरूबाट नै कवि उपन्यासको कथावस्तुलाई अँगाल्छ र वर्णन गर्छ । उपन्यासमा म पात्रले आफ्ना कार्यव्यपारका साथै उपन्यासमा ऊ पात्रको पनि वर्णन गरेको देखिन्छ । बाह्यपुरूषको रूपमा आएको ऊ कमजोर छ र यसमा उसले गर्ने सम्पूर्ण कार्यव्यपारलाई पनि उपन्यासकारको मुखपात्र कविबाटै अभिव्यक्त भएका छन् ।

उपन्यासको अन्त्यतिर प्रथम पुरूष म आर्थात कवि प्रत्यक्षदर्शी भएर घटनाको वर्णन गर्दछ । यसको एउटा उदाहरण यसप्रकार छ ।

म छाँगोबाट खसे झै भएं । मुटुको ढुकढुकी टट्कालै सुनियो । मेरा क्षणीक आशालाई चकनाचुर पार्दै शिरमा इन्द्र वज्र खसे झै वातावरणमा कोठाभित्रबाट आएका शब्दहरू गुन्जिए । " नाई .नाई ! मलाई छोडि दिनोस् !" ।

उपन्यासमा 'ऊ' पात्रको वर्णन सर्व द्रष्टा अर्थात् त्यो र ऊ पात्रहरूको कार्यव्यपारलाई नजिकबाट अवलोकन गर्ने कविले सबै कथाको वर्णन गरेका कारण उपन्यासको वर्णन प्रथम पुरुष अर्थात आन्तरिक सर्वज्ञ दृष्टिविन्दुका अधारमा गरिएको छ । निष्कर्षमा उपन्यासको दृष्टिविन्दु आन्तरिक, केन्द्रीय नै हो भन्न सकिन्छ ।

### (ङ) परिवेश/देशकाल/वातावरण

परिवेशले उपन्यासले समेटेको स्थान, समय र परिस्थितिलाई बोध गराउँछ । **अन्तिम परिच्छेद** उपन्यासको परिवेश ठयाक्क यहि समयको हो भनेर उल्लेख छैन । २०३२/३३ सालतिरको राजविराज सहरको हो भन्ने अनुमान लगाउन सकिन्छ । यसले नेपथ्य परिवेशका रूपमा कविले पहिले जागिर खाएको ठाउँ, सन्तोषको माइति गाउँ  खाटाङ्गको नौला, कोशीको किनार, सावखोला परिवेशको रूपमा आएका छन् । उपन्यासमा स्थानका रूपमा सन्तोष र कवि डेरा बस्ने राजविराज सहर, त्यहाँको कर्मचारी बस्ने आस पासको क्षेत्र, बसबिसौनी, होटल, पसल, प्रहरीकार्यलय भएको क्षेत्र, सडक, थोत्रा सरकारी कटेरा भएको स्थानलाई परिवेशको रूपमा समेटेको छ । त्यस्तै विराटनगर, धरान, पनि उपन्यासमा परिवेशका रूपमा आएका छन् । समग्रमा उपन्यासले राजविराज नगर र यस वरिपरीका क्षेत्रलाई परिवेशका रूपमा समेटेको छ । उपन्यासले समेटेको बाह्य परिवेशमा कोशी नदीको किनार, रातको समय, वत्तिको पिलिक-पिलिक, दशैको टिका लगाउन गएको प्रसङ्ग, बृक्षहरू, चरचुरुङ्गी, ढकमक्क फूल फूलेको, कोइलीले गीत गाएको प्रसङ्ग, परिवेशको रूपमा आएका छन् । पञ्चायत कालीन अञ्चलाधीसहरूका सकरात्मक र नकरात्मक कियाकलाप खोतल्दै सप्तरी जिल्लाको सजीवतालाई परिवेशका रूपमा उतारेका छन् । हाकिमले तल्ला तहका कर्मचारीका श्रीमतिलाई

पनि अनेक लान्छना र प्रलोभनमा पारेर यौनशोषण गर्ने विकृत संकृतिको उपन्यासमा चित्रण गरिएको छ ।

परिवेश चित्रणले उपन्यास सबल छ । प्रत्यक्षतः उपन्यासले निश्चित देश, काल र वातावरणको चित्रण गरे पनि यसले परोक्ष रूपमा व्यापक परिवेशलाई समेटेको छ । उपन्यासमा छ वर्षको समयलाई समेटेको अनुमान गर्न सकिन्छ ।

## (च) भाषाशैली

भाषा र शैली उपन्यासका दुई तत्त्व हुन् । तर यी दुबै तत्त्वलाई एकै ठाउँमा राखेर अध्ययन गर्न सकिन्छ । शैली यसको प्रस्तुतिको तरिका हो । भाषा विचार अभिव्यक्तिको माध्यम हो । **अन्तिम परिच्छेद** उपन्यासको भाषा सरल र स्वभाविक नै छ । मानसिक अर्न्तद्वन्द्वको अभिव्यक्ति नै सशक्त रूपमा गरेका छन् । उपन्यासमा आदि मध्य र अन्त्य मिलेको छ । पाँचौ परिच्छेद पूर्वदीप्ति शैलीको प्रयोग गरिएको छ । उपन्यासमा संकृत, अङ्ग्रेजी भाषाका शब्दको प्रसस्तै प्रयोग पाइन्छ । जस्तै : संस्कृत शब्दहरू- लौलुप, राक्षस, गगन पृ.१६ श्रृङगार, केशरानी, वृक्ष, पवन पृ.१८ अरण्य पृ. ४ ।

अंग्रेजीशब्दहरू - एक्सट्रीम्ली, वन्डर फूल पृ.३ गुड, इनोसेन्ट, कलेज, फ्रेण्ड, प्रेइज, सेन्ट, पाउडर, थ्याङस गड आदि । उपन्यासमा प्रसस्तै उखान टुक्काको प्रयोग पनि गरिएकोछ । जस्तै नजिकको तीर्थ हेला पृ.१९ खुकुरी भन्दा कर्द लाग्ने, मरेको बिरालो काखी च्याप्नु पृ.६४ । उपन्यासमा प्रयुक्त संवादहरू प्रत्यक्ष कथनमा छन् । यस प्रकारको प्रयोगले उपन्यासलाई दृश्यात्मक बनाएको देखिन्छ । उपन्यास पन्ध्रौ परिच्छेद सम्म विन्यस्त छ । उपन्यासको वर्णन चेतनप्रवाह शैलीले ढाकेको छ ।

समग्रमा उपन्यासमा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको छ । यसमा सबल र प्रभावकारी भाषाको प्रयोग गरिएको छ ।

### (छ) उद्देश्य

संसारमा विना उद्देश्य कुनै पनि काम हुँदैन । उपन्यास लेखनको पनि कुनै न कुनै उद्देश्य हुन्छ । उपन्यासकार विश्वगोपाल लम्सालले प्रेम र वासनालाई नै उद्देश्य बनाउने परम्परालाई तोड्दै यिनलाई औपन्यासिक श्रृङ्गार वा साधनको रूपमा प्रयोग गर्दै व्यक्तिका विविध मानसिक अर्न्तद्वन्द्वात्मक अभिव्यक्ति मार्फत पञ्चायत कालीन अञ्चलाधीस र हाकिमहरूका सकरात्मक र नकरात्मक कियाकलाप खोतल्दै तिनीहरूको कूप्रवृत्ति प्रति व्यंग्य प्रहार गर्नु नै यो उपन्यास लेखनको उद्देश्य हो । ठाउँ-ठाउँमा प्रकृतिको चित्रण गर्दै प्रेमिकाको सौन्दर्यको वर्णन गर्ने लम्साल पति पत्नीमा अपराध महसुस भएपनि चुपलागेर सही हो वा गलत छुट्याएर मात्र भन्नु पर्छ, नत्र त्यसले दुर्घटना निम्त्याउँछ भन्ने देखाउनु यस उपन्यास लेखनको अर्को उद्देश्य हो । धन सम्पति हुदैमा सुख र शान्ति हुन्छ भन्ने छैन भन्ने देखाउनु अर्को उद्देश्य हो । जस्तो हाकिम हाकिमनी ।

सरल मान्छेले पनि विबेकहीन व्यक्तिको सङ्गत पायो भने उसलाई विबेक हीन बनाइ दिन्छ, त्यसकारण खराब मान्छेको सङ्गत गर्नु हुँदैन भन्ने देखाउनु उपन्यास लेखनको अर्को उद्देश्य हो । हाकिमको अनैतिक र भ्रष्ट प्रवृतिप्रति व्यंग्य प्रहार गर्नु उपन्यास लेखनको अर्को उद्देश्य हो । एक अबला नारीको युवा शरीर नै तुच्छ हुन्छ भन्दै नारीले आफूमाथि आइलाग्ने माथि जाइलाग्नु पर्छ भन्ने देखाउनु उपन्यास लेखनको अर्को महत्त्वपूर्ण उद्देश्य हो ।

## ४.२.४ 'कलंकिनी' उपन्यासको विश्लेषण

### (क) कथावस्तु

विश्वगोपाल लम्सालको यौनमनोबैज्ञानिक उपन्यासको चोटिलो उदाहरण हो, **कलंकिनी** उपन्यास । नेपाली समाजमा रहेको रूढीवादी, अन्धविस्वासी परम्पराको खोइरो, खन्दै समाजमा नारीको अस्थित्व भनेको पुरुषको यौनसन्तुष्टि पूरा गर्नु हो भन्ने मान्यताको विरोध गर्दै वीष वर्षे नलिनीको विहे पचास वर्षे बूढो व्यापारीसँग तेइ पनि चौथी पत्नीको रूपमा गरेको देखाई एउटी नारीको भविश्य माथि उसका बाबुआमाले कति सम्म खेलवाड गर्न सक्छन् भन्ने कुराको ज्वलन्त उदाहरण व्यंग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । धन सम्पतिको लोभमा परेर आफ्नी

२० वर्षे वैसालु छोरी ५० नाघेको सेतै फुलेको बूढोलाई भिराएर छोरीको इच्छा, आकांक्षा र चाहनाप्रति कुठाराघात पुऱ्याउने बाबुआमाप्रतिको व्यंग्य प्रहार हो । एउटी नारी विवाह गरेपश्चात कस्ता पीडा सहन बाध्य हुनुपर्दछ, त्यस्तै नेपाली समाजका धनाड्य, इज्जतदार कहलिएका पुरुषहरू कतिसम्म क्रुर, निर्दयी र फटाहा हुन्छन् । भन्ने देखाउन उपन्यासमा ससुरा पात्रको प्रयोग गर्नु, तथा छोरो नभएको बेलामा घरमा कृष्णमायाको दिनदिनै यौनशोषण गर्नु, कृष्णमाया काठमाडौँ गएपछि पनि ससुराले बलत्कार गर्नु, र कृष्णमायाले घरै त्यागेर हिडेको देखाउनु उपन्यासको कथावस्तुमा देखिएका सम्पूर्ण परिघटनाहरूले पाठकलाई विषयवस्तुमा आलोचनाका शब्दहरू पोख्न मुस्किलै देखिन्छ ।

**कलंकिनी** उपन्यासमा यौनमनोविज्ञान, परम्परागत नेपाली समाजको चित्रण जस्ता धेरै घटना परिघटनालाई विषय वस्तु बनाएको देखिन्छ । कलंकिनी उपन्यासको आख्यान सबल छ । साधुबाबा र कमलको भाषामा तारतम्यता नदेखिनुको कारण उनीहरूको व्यक्तिगत स्वभावलाई लिन सकिन्छ । कथावस्तुको विन्यास पाँचौ परिच्छेद सम्म विन्यस्त छ । उपन्यासको कथावस्तु यथार्थ तिर ढल्केको छ । किनकी सम्पूर्ण कथावस्तु कृष्णमायाको जीवन भित्रैका जिउँदा घटनाहरू भएर आएका छन् । कमलको जीवनका घटना चाँहि काल्पनिक पो हुन् की भन्ने भान पाठकमा नहुने होइन् । उपन्यासको कथवस्तुलाई यौनमनोविज्ञानको संगालो भनी दिदा फरक नपर्ला । नारीलाई माया गरेको बाहना गर्दै भित्रभित्रै यौनशोषण गरी आफ्नो घरै परित्याग गरी निरस जीवन बाच्न विवस बनाएको विषय वस्तु छ ।

## (ख) पात्र तथा चरित्र चित्रण

**कलंकिनी** उपन्यासमा मुख्य, सहायक र गौणपात्रहरूको प्रयोग गरिएको छ । प्रमुख पात्रमा कृष्णमाया र कमल हुन् भने कमलका बाबु, आमा, साधुबाबा, सहायक पात्र हुन् । गौणपात्रका रूपमा कृष्णमायाको घरका नोकर्नी, सुसारेहरू, मन्दिरमा भजन गर्ने भक्तहरू आदि । हरेक पात्रहरूले आफ्नो भूमिकालाई सफल पर्दारोपण गरेका छन् । स्वाभावका आधारमा कमल गतिशील पात्र हो, भने कृण्णमाया अनुकूल देखिन्छे । कमल सुरुमा प्रतिकूल देखिए पनि पछि अनुकूल देखिएको छ । कृष्णमाया एक असल सत् चरित्र भएकी नारी हो । ऊ पुरुषलाई हेरेर नै उसको मनोविज्ञान थाहा पाउँछे । कमलले “मैले के अन्याय गरे तपाई माथि ?” मेरो

पाप बताइदिनु हुन्छ कि ? भन्ने प्रस्न गर्दा कृष्णमाया भन्छिन्- "तपाइको पाप तपाइ कै आँखामा हेर्नुस्, तपाइ कै मनमा खोज्नुस् । तपाइको आशत्ति के म बाट छिपेको छ । तर आसक्ति के का लागि ? आँखा च्यातेर हेर्नोस्, म सँग के बाँकी छ ? (लम्साल, कलंकिनी पृ.१९)

कमल पनि प्रतिकूलबाट अनुकूल तर्फ मोडिएको यस भनाइबाट प्रष्ट हुन्छ । हठात् बसेर मैले उनका पाऊ समाएँ अनि अबरुद्ध गलाको साथ भने, "मलाई माफी दिनुस् देवी । तृष्णाको तुच्छ जालो लागेर म अन्धो भएँ । मेरो कारणले अब तपाइलाई कुनै दुःख हुने छैन म वचन दिन्छु । (लम्साल, कलंकिनी पृ.२० ) कमलले कृष्णमायासँग माफी मागेको छ ।

सहायक पात्रहरूले पनि उपन्यासलाई गति दिन महत्त्वपूर्ण भूमिका खेलेका छन् । समग्रमा पात्र विधान र चरित्र चित्रणको तारतम्यता मिलेको देखिन्छ ।

### (ग) द्वन्द्वविधान

**कलंकिनी** उपन्यासमा आन्तरिक तथा वाह्य दुबै प्रकारका द्वन्द्वको प्रयोग पाइन्छ । कृष्णमाया र कमल बीचको द्वन्द्व, साधुबाबा र कमल बीचको द्वन्द्व, साधुबाबा र कमल बीचको द्वन्द्व, ससुरा र कृष्णमाया बीचको द्वन्द्व, बाह्य द्वन्द्व हो भने कृष्णमाया भित्र समय-समयमा आन्तरिक द्वन्द्व देखिन्छ । कमल भित्र पनि आन्तरिक मनोद्वन्द्व देखिन्छ । जस्तैः कृष्णमायाले एकपल्ट पुलुक्क हेर्दा त्यो क्षणिक दृष्टिपात ले चारसय चालीस बाट विद्युत-शक्तिको स्पर्श भए झैं मेरो सर्वाङ्ग झन झन्यायो (लम्साल, कलंकिनी, पृ.१३) भन्दै आफैं तर्क वितर्क गर्नु कमलमा उत्पन्न मनोद्वन्द्व हो । त्यस्तै कमलकी आमा पनि मनोद्वन्द्वबाट पीडित पात्र हो । समग्रमा द्वन्द्व पक्षको उत्कृष्टता देखिन्छ ।

### (घ) दृष्टिविन्दु

दृष्टिविन्दु आधुनिक उपन्यासको विकाससँगै उपन्यासमा प्रयोग गरिदै आएको औपन्यासिक तत्त्व हो । उपन्यासमा प्रथम पुरुष आन्तरिक दृष्टि विन्दु र तृतीय पुरुष बाह्य दृष्टिविन्दु गरी दुई प्रकारका दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसमा कुन पात्र कस्तो छ, कहाँ के घटना घट्छ ? ती सबैको प्रस्तुति उपन्यासकारले आफू समालोचक जस्तो भएर प्रस्तुत गरेका छन् । यसले उपन्यास वर्णनात्मक बन्न पुगेको  देखिन्छ । उपन्यासमा ठाउँ ठाउँमा म,

उनी, प्रस्तुत भएपनि सबै घटना उपन्यासकारले कमल र कृष्णमाया मार्फत देखाएका छन् । यस उपन्यासमा उपन्यासकार स्वयं सर्वज्ञाता भएर उपन्यासमा कथावस्तु, चरित्र चित्रण, परिवेश, उद्देश्य प्रस्तुत गरेका छन् । समग्रमा **कलंकिनी** उपन्यासमा प्रथम पुरुष दृष्टिविन्दुको नै प्रयोग गरिएको छ ।

## (ङ) परिवेश/देशकाल र वातावरण

परिवेशका दृष्टिले **कलंकिनी** उपन्यासमा काठमाडौँको परिवेश, त्यहाँ रहेका युवाहरू, खराब चरित्र, जाड, रक्सी, धुम्रपान, मध्यपान्क, जुवा तास, खेल्ने, कयौ सोझासिधा युवतिलाई वलत्कार गर्ने, दिनै पिच्छे तरुनी फेर्ने खराब युवाहरू खराब युवहरूको चित्रण उपन्यासमा गरिएको छ । झाडु लिएर चर्पी-चर्पी चाहार्ने मेहतर्नीलाई समेत यौन शोषणको सिकार बनाउँने प्रवृतिको चित्रण गरिएको छ । परम्परागत रूढीवादी अन्धविस्वासी प्रवृतिको चित्रण, सम्पतिको लोभमा आफ्नी वीषवर्षे छोरी चार-चारजना सौता माथि पचास वर्षे बूढोलाई भिराउँने प्रवृतिको चित्रण, नारीले भोग्नु परेका दुःख, पीडा, शोषण, अन्याय, अत्याचार, आदिको सिकार हुनुपरेको स्थितिलाई देखाउँन कृष्णमाया चरित्रलाई उभ्याएर प्रमाणित गराइएको छ । वानेश्वर, पशुपति नाथको मन्दिर, त्यस वरपरको जंगल, आश्रम क्षेत्र, वृन्दावन, पूर्वीपहाडी जिल्लाका विभिन्न स्थान, काठमाडौँका युवतिको सतित्त्व लुटिएको प्रसङ्ग, पूर्वीपहाडका धनाड्य परिवार भित्रको चालचलनलाई परिवेशको रूपमा देखाइएको छ ।

धनाड्य परिवारको ससुराले बुहारीलाई यौनशोषणको सिकार बनाएको परिवेश, धनीको घरमा बसेका नोकर, नोकर्नीले भोगेका दुःख, पीडा र पहाडी परिवेशको सौन्दर्यता देखाइनु यस उपन्यासको अर्को महत्त्वपूर्ण पक्ष बनेको छ । समग्रमा यस उपन्यासको परिवेश नेपाल भित्रकै छ भन्न सकिन्छ ।

## (च) भाषाशैली

**कलंकिनी** उपन्यासमा संवादात्मक तथा दृयात्मक शैलाको प्रस्तुति पाइन्छ । उपन्यासको भाषाशैली मिश्रित छ । भाषाका सन्दर्भमा हेर्दा अंग्रेजी भाषा, संस्कृत र नेपाली भाषाको प्रयोग छ ।

जस्तै संकृत भाषाका शब्दहरू परम्, वृक्ष, नर, हस्त, जल, बालिके आदि ।

अंग्रेजी भाषाका शब्दहरू ह्यान्डसम, सेकेण्ड, टयाक्सी, टेलीफोन, आदि । शब्दहरूको आवृत्ति र पुनरावृत्तिले उपन्यासमा झनै रोचकता र मिठास थपेको छ । जस्तो पिलिक-पिलिक, ढयाउँ-ढ्याउँ, त्यसै-त्यसै, पृ.६ चर्पी-चर्पी, पृ.७ आदि । समग्रमा **कलंकिनी** उपन्यासको भाषाशैली सरल, सहज, सुबोध्य र रोचक रहेको छ ।

## (छ) उद्देश्य

**कलंकिनी** उपन्यास लेखनको उद्देश्य नेपाली समाजमा महिलाहरूले भोग्नु परेका पीडा, उनीहरू माथि हुने गरेको यौन शोषणको चित्रण गर्नु नै हो । धनी तथा सम्पन्न परिवारमा महिलाहरूको शोषण कसरी भएको छ, चित्रण गर्नु साथै, एउटी महिलाले विवाह पश्चात पनि आफ्नै ससुराबाट कसरी बलत्कृत हुनु परेको छ ? प्रतिकार गर्दा गदै पनि अनेकौ धम्की र सम्पतिको घमण्ड देखाउदै उसलाई नारकीय जीवन बाच्न विवस बन्नु परको स्थितिको मार्मिक ढङ्गले चित्रण गर्नु नै उपन्यास लेखनको अर्को उद्देश्य हो । काठमाडौँमा बस्ने फटाहा युवाहरूको चित्रण गर्नु, धनाड्य व्यापारीकी श्रीमति देखि झाडु लिएर चर्पी-चर्पी चाहार्ने मेहतर्नी समेत यौन शोषणको सिकार भएको देखाउदै, त्यस्ता फटाहा युवावर्ग प्रति व्यंग्य प्रहार गर्नु हो । धनसम्तिको लोभले चार-चार वटी सौता माथि आफ्नी २० बर्षे छोरी पचास बर्षे बूढासँग विवाह गरिने सामाजिक कूप्रवृतिको विरोध गर्दै यस्तो जबरजस्ति विवाहले नारी सन्तुष्ट हुदैनन् भन्ने देखाउन, उपन्यासमा ऊ अर्कैसँग प्रेम गरेर हिड्न थालेको देखाइएको छ । यसबाट के प्रष्ट हुन्छ भने एउटी नारी आफू समानको पुरुषसँग विवाह गर्दा मात्र यौन सन्तुष्टि हुन्छे भन्ने देखाउनु उपन्यास लेखनको अर्को उद्देश्य हो ।

नारी माथि हुने अन्याय अत्याचारको सीमा नाघेपछि ऊ सहन नसकेर संघर्षको लागि घरै समेत परित्याग गर्न तयार हुन्छे भन्ने देखाउन उपन्यासमा कृष्णमाया पात्रको प्रयोग गरेका छन् । कमलले गरेको अन्याय अत्यचारको ऊ आफै पश्चाताप गर्दै उपन्यासको अन्त्यमा भन्छ । 'उनको निम्ति म एउटा अर्को नर-राक्षसको रूपमा प्रकट भएँ' । पृ. ६० मा भने बाट सत्य

डग्दैन, झुटो टिक्दैन भने झैं ऊ आफै अनुकूल चरित्रको रूपमा प्रस्तुत भएको देखाउनु नै उपन्यास लेखनको उद्देश्य हो ।

## ४.२.५ 'सम्बन्ध' उपन्यासको विश्लेषण

### (क) कथावस्तु

सम्बन्ध उपन्यासको कथावस्तु काल्पनिक भएर पनि सामाजिक प्रकृतिको छ । उपन्यासको कथावस्तु चञ्चलाले अहँ मलाई पोइ नै भएन भन्दै एक्लै आत्मलाप गरेबाट सुरु हुन्छ । चञ्चलाकै केन्द्रीयतामा घुमेको छ । यस उपन्यासको कथावस्तुले पञ्चायत कालीन अञ्चलाधीसहरूका सकारात्मक र नकरात्मक कियाकलाप खोतल्दै सप्तरी जिल्लाको सजीवता प्रकाशित गर्ने घटना कमलाई समेटेको छ । चञ्चला चञ्चले उमेर १७ बर्षमा नै भिनाजुसँग विवाह हुन पुग्छ । उसलाई त्यो बूढो पोइ मन पर्दैन, छोरा पाउने उद्देश्यले मलाई विवाह गरेका भनी अनेक आरोप लगाउदै चञ्चला अर्को जवान सुन्दर तिर आँखा लगाउँन थाल्छे । सुन्दर नायब सुब्बा थिए । ऊ एक सरल, इमानदार, स्वभावका थिए । कार्यलयमा हुने अनियमितता घुसपेट, भ्रष्टचारको विरोध गर्दै सुटुक्क अञ्चलाधीसलाई जानकारी दिएर त्यस्ता फटाहा कर्मचारीलाई कारबाही गर्न सहयोग गर्छ । तर पछि जुन जोगी आएपनि कानै चिरेको भने झैं कार्यलयका तल्ला तहका कर्मचारी देखि लिएर माथिल्ला तहका सबै कर्मचारी घुसपेट गर्ने नै थिए, सुन्दर एक्लैको केही चलेन् उनी वल्लो घाट न पल्लो तीरको स्थितिमा रहन बाध्य हुन्थे । अञ्चलाधीसको चाकरी नगरे सामान्य अधिकार र सुविधाबाट पनि वञ्चि हुनुपर्ने र कर्मचारीहरूलाई हातलिन नसके अपमानित हुनु पर्ने स्थिति भएका कारण उनको मनोवल घटेको थियो । उनी वरन्डामा उभिएर हेर्ने युवतिसँग निक्कै प्रभावित भएका थिए । सुन्दरको सहायताबाट भ्रष्टचार हुनबाट दुई/तीन पल्ट सम्म कार्यलयलाई बचाउने अजयदत्त सुन्दरका साथी हुन् । खाऊ पिऊ र मोज गर यसैमा छ जीवनको सार्थकता भन्ने मान्यता भएको अजयदत्त सेवकरामसँग सम्बन्ध राख्दै पाहुँना घरमा युवतीहरूसँग रात विताउन पनि पछि नपर्ने पात्र हो । सेवकरामले पाउँनाघर खोलेर सोझा सिदा युवति, प्रभावशाली नेता, व्यापारी, अधिकृतलाई मिलाई दिन्छ र स्त्रीबाट कमिसन खान्छ । आफू पनि युवतीको बलत्कार गर्छ । सेवकराम तथा अजयदत्त पाँचसय भन्दा बढी युवती चाखी सक्ता पनि चञ्चला प्रति लोभिने

कामुक पुरुष हुन् । सहरका ठूला व्यक्तिका श्रीमति पनि यस्ता यौनकार्यमा सहभागी हुन्छन् । सुन्दर जस्तो इमानदार व्यक्ति पनि चञ्चलालाई पेट बोकाउन सफल हुन्छ । समाजमा बालमुकुन्द जस्ता नोकर ठूला व्यत्तिले गल्ति गरेपनि त्यसलाई ढाकछोप गर्न तत्पर रहन्छन् । समाजमा महिलाले महिला कै हिम्सा गरिरहेका हुन्छन् । समाजमा कुलानन्द शर्मा जस्तो इमानदार व्यक्ति पनि हुन्छन् । तर त्यस्ता व्यत्तिलाई टिक्न मुस्किल पर्दछ । उपन्यासमा समाजका यथार्थ घटनालाई कल्पनाले रङ्गाएर प्रस्तुत गरेका छन् । देशका नेता, कर्मचारी, सहरका धनाड्य महिला, सौखीन युवतीहरू, विदेश गएर फर्केका लाहुरे, सोझो व्यवहार गरेर खाने सामान्य कर्मचारीहरूको वास्तविक दिनचर्यालाई सम्बन्ध उपन्यासले कथावस्तुको रूपमा संगठित गरेको छ ।

## (ख) पात्र तथा चरित्र चित्रण

पात्र तथा चरित्र कथावस्तुलाई गति दिने बाहक हुन् । **सम्बन्ध** उपन्यासको श्वैर कल्पनात्मक कथावस्तुलाई चरित्र चित्रण कै माध्यमले अघि बढाइएको छ । उपन्यासमा सबै पात्रका कार्यव्यपारको माध्यमबाट कथ्यलाई कलात्मक रूपमा अघि बढाइएको छ । उपन्यासमा दुई प्रकारका पात्रको चित्रण छ । समाजमा देखिने विकृति, विङ्गति र सन्त्रासमा बाँचेका इमानदार तथा संघर्षशील व्यक्ति र समाजको बदलिदो परिस्थितिसँगै छेपाराले रङ्गफेरे झै रूप बदलल्न सिपालु स्वार्थी अवरववादी चरित्रहरू मौका पाउने वित्तिकै सामान्य पात्रहरूलाई आफ्नो सिकार बनाउँछन् । उपन्यासमा संख्याका आधारमा गौणपात्रहरू प्रसस्तै छन् तर तिनीहरूको अस्थित्व नगन्य छ । समाजका विसङ्गति र विकृतिले शीर उठाउन नदिएका कमजोर पात्रहरूले आफ्नो अस्तित्त्व खोज्नु भन्दा दासता स्वीकार्न मञ्जुर गरेका छन् । **सम्बन्ध** उपन्यासमा सिर्जना गरिएका मुख्य पात्र-पात्राहरू एक्लै आफूभित्र सिङ्गो औपन्यासिक कथानक समेट्न पर्याप्त छन् । उपन्यासमा अवस्थित प्रमुख, सहायक तथा गौण पात्रहरूको निम्न अनुसार चित्रण गरिएको छ ।

(अ) **प्रमुख पात्रहरू**

## (i) चञ्चला

चञ्चला सम्बन्ध उपन्यासकी प्रमुख नारीपात्र कुलानन्द शर्माकी श्रीमति हो । उसैको सेराफेरोमा उपन्यासको कथावस्तु र प्रमुख पुरुष पात्र कुलान्द शर्मा पनि रिङ्गिएको छ । १७ वर्षको उमेरमा नै उमेर छिप्पिएको भिनाजुसँग विवाह बन्धनमा बाँधिन पुगेकी चञ्चला सानैमा आमा गुमाउन पुगेकी गरीब परिवारमा जन्मिएकी नारीपात्र हो । कुलानन्द शर्माले आफ्नी कूरूप दिदी विवाह गरेपछि बूढाबाबु र चञ्चला पनि भिनाजुको घरमा नै बस्न पुग्छन् । चञ्चलाको जस्तो नाम छ, त्यस्तै चञ्चल स्वाभावकी भएकाकारण इस्कुल पढ्दा नै विभिन्न केटाहरूसँग यौनकृया गर्न पछि नपर्ने ऊ प्रकृतिकी एक उत्ताउली खहरे हो । मकैबारी काण्ड भएपछि चञ्चलाका बाबुले उसको प्रेमी तामाङ्सँग जिम्मा लाउँन खोज्दा तामाङ्की आमाले अस्विकार गरेपछि गाउँभरी उसको नराम्रो हल्ला फिजिन्छ, । इस्कुलबाट समेत निकालिन्छे त्यसपछि जवर्रजस्ती भिनाजुकी श्रीमति हुनपुग्छे । ऊ आफ्नो श्रीमानको हरेक कृयाकलापमा खोट लाउँछे र सधै सरापी रहन्छे । ऊ रूपमा अत्यन्त राम्री स्वर्गकी उर्वर्शी जस्तै छे, जसले गर्दा उसका सहपाठी मित्रदेखी लिएर कार्यलयका ठूल्ठूला कर्मचारी पनि चञ्चला प्रति लोभिन्छन् । गोरु खोज्ने गाई माथि आफूपनि चढ्न सक्तैन अरूलाई पनि चढ्न दिदैन भन्ने चञ्चला, सुन्दर नाम गरेको कर्मचारीलाई मायाजालमा फसाउन पुग्छे र बूढो नभएको मौका छोपेर पेट बोक्न पुग्ने उपन्यासकी प्रतिकूल चरित्र हो । स्वभावका आधारमा ऊ अस्थिर चरित्र हो । जीवन चेतनाका आधारमा चञ्चला अस्थिर स्वाभावकी पात्र हो । उपन्यासको आदिदेखि अन्त्य सम्म भूमिकामा रहेकी चञ्चला मञ्चीय तथा आवद्ध चरित्र हो ।

## (ii) कुलानन्द शर्मा

**सम्बन्ध** उपन्यासको प्रमुख पुरुष पात्र हो । भिखारीको छोरो, आफू जन्मदै आमा गुमाउन विवस ६ वर्षको कलिलो उमेरमा नै बाबु पनि गुमाउन पुगेको पात्र हो कुलानन्द शर्मा । सानैमा टुहुरो भएपछि उसले अनेक दुःख कष्टहरूको सामना गर्दै, गाँउलेहरूका जुठाभाँडा माज्दै, गाउँ भरीका केटाकेटीहरूको मनोरञ्जनको साधन हुँदै बाल्यकाल विताउँन

विवस पात्र हो । जुठा भाँडामा औलाले कोरेर अक्षर लेख्न सिकेको कुलानन्द शर्मा जोगीबाबाको सहायता पाएर पूर्वमध्यमा परीक्षा समेत उतीर्ण गरेको पात्र हो । लोक सेवापास गरी स्थानीय वनकार्यलयमा जागिर खाने ऊ एक इमानदार व्यक्ति हो । अध्यात्म दर्शनमा समेत रूचि राख्ने कुलानन्द शर्मा सरकारी कर्मचारीले गरेको अनैतिक काम र घुसपेटको विरोध गर्दछ तर 'बढ्ता नबोल्नोस' पृ.३६ भन्दै हप्काएपछि आफूले अन्जानमा गरेको अपराध महसुस गर्दछ । ऊ समाजमा रहेका गरीब कृषक, वृद्धवृद्धा, निमुखा दीन दुःखीहरूको उद्धार गर्ने सहयोगी पात्र हो । गाउँकी गरीब की कुरूप भैसकेकी बृद्धबाबुकी छोरी विवाह गरी बाबु र सालीलाई समेत पाल्ने उपन्यासको अनुकूल पात्र हो । चञ्चलाको मकैबारी काण्डपछि बाबु पिरले मर्न लाग्दै विवाह गर्न आग्रह गरेपछि चञ्चलालाई श्रीमति बनाउन पुगेको कुलानन्द शर्मा उपन्यासको प्रमुख तथा सत् पात्र हो । चञ्चलाले अर्काको पेट बोकेर आफ्नो अपमान गर्दा पनि पतिपत्नी भएपछि केही न केही कमजोरी त भइहाल्छनी भन्दै आफ्नो जागिर नै सरुवा मिलाएर धुलिखेल आउने ऊ कथास्तुबाट एकछिन पनि छेऊ लगाउन नमिल्ने आवद्ध पात्र हो । उपन्यासको अन्त्यका हिसाबले कूलानन्द शर्मा केन्द्रीय चरित्र हो । अनुकूल प्रवृत्तिलाई कायम राखी जीवनभर संघर्ष गर्ने कुलानन्द शर्मा उपन्यासको एक सबल र महत्त्वपूर्ण चरित्र हो । छोराछोरीमा कुनै भेदभाव नराख्ने कुलानन्द शर्मा सुरुमा सहायक पात्र जस्तो देखिए पनि ऊ उपन्यासको प्रमुखपात्र भएर पनि नियतिद्वारा थिचिएको पात्र हो । कथावस्तुको विकासमा कुलानन्द शर्माको महत्त्वपूर्ण भूमिका छ ।

### (आ) **सहायक पात्रहरू**

### (i) सुन्दर

सुन्दर **सम्बन्ध** उपन्यासको सहायक पुरुष चरित्र हो । भोजपुरमा जन्मेर घर परिवार त्यागी विराटनगरमा आएर आफ्नो अध्ययनलाई निरन्तरता दिने सुन्दर खरिदार सरकारी नोकरी गर्दै स्नातकको उपाधि हासिल गर्न सफल चरित्र हो । नायवसुब्बा पदमा बढुवा भएर परिवारसँग समेत सम्पर्क नराखी जनसेवा गर्दै आत्मज्ञान प्राप्त गर्ने ध्याउन्नमा लाग्ने सुन्दर भ्रष्टचार र अनियमितताको विरोध गर्दै गैरकानुनी कार्य भएमा वा हुन लागेमा विभिन्न स्रोतबाट जानकारी लिई ठाडै अञ्चलाधीसबाट हस्तक्षेप गराउन सफल चरित्र हो । पछि अञ्चलाधीस

फेरिएपछि अनैतिक कामगर्ने कर्मचारीलाई समेत जोगाएकाले अघिका तुलनामा ज्यादै गिरेको छ । कसैले फुर्क्याउँदैमा नफुर्किने र कसैले होच्याए पनि वास्ता नगर्ने सुन्दर पछि चञ्चलाको मायाजालमा फस्न पुग्छ । चञ्चलालाई गर्भवति बनाएर ऊ देखि टाढिनुले उपन्यासको प्रतिकूल प्रवृत्तिको चरित्र हुन पुगेको छ । अनिता र बालमुकुन्दको कुरा सुनेर चञ्चलालाई आपत कालीन स्थितिमा कुनै जानकारी नगराई छाड्नु उसको कमजोरी हो । अरू सम्पूर्ण रूपमा ऊ अनुकूल चरित्रकै रूपमा देखिएको छ । आफूले गरेको अपराधको पश्चाताप गर्दै चञ्चलालाई भेटेर नै समस्या समाधान गर्ने निश्चय गरी चञ्चलाको निवासमा पुनः फर्किने सुन्दर उपन्यासमा मञ्चीय रूपमा भूमिका निर्वाह गर्ने चरित्र हो । त्यसैले ऊ कथावस्तु आवद्ध चरित्र हो ।

### (ii) अजयदत्त

अजयदत्त जनकपुरमा जन्मिएको, तीलक प्रथाको विरोध गर्दै सामान्य घरकी, सुन्दर र सुशील कन्यासँग विवाह गर्ने उपन्यासको सहायक चरित्र हो । धन सञ्चय तिर ध्यान नदिने पराइको खानपिन मनपराउने सुन्दरसँग असाध्यै मिल्ने चरित्र हो । तासजुवा, खेल्न पनि पछि नपर्ने, खाऊपिऊ र मोजगर यसैमा जीवनको सार्थकता ठान्ने पात्र हो । नभएका कार्यको बिल बनाएर पैसा खाने, सडक निर्माण गर्ने ठेकेदारको चाकरी गर्ने, आफ्नो अपराध बाहिर थाहा नदिन घुससमेत दिनपछि नपर्ने उपन्यासको प्रतिकूल चरित्र हो । परस्त्रीको तिर्खालाग्दा पाहुँना घरमा रात विताउने, अजयदत्त वनकार्यलयले अतिक्रमण गरेर ओगटेको भवन खाली गराउन जाँदा परम्रूपवति युवति बसेको देखेर फर्किने स्त्री लम्पट चरित्र हो । पाँच सयको हाराहारीमा सुन्दरीहरूको रसास्वादन गरिसकेको बताउने अजयदत्त राम्रा सुन्दरी भोग्न ५० हजार खर्च गर्न पनि तयार हुने व्यक्तिगत जीवनचेतना भएको पात्र हो । उपन्यासमा मञ्चीय रूपमा भूमिका निर्वाह गरेको अजयदत्त कथावस्तु आवद्ध चरित्र हो । अजयदत्त इमान जमान सबै पैसामा बेच्ने पात्र हो ।

### (iii) सेवकराम

**सम्बन्ध** उपन्यासको सहायक पात्र हो । आई.ए पास गरेको सेवकराम सरकारी जागिरको खोजीमा भौतारिन्छ । सरकारी जागिर आकाशको फलआँखा तरी मर जस्तै भएपछि

हिम्मत नहारीकन मालिस गर्ने काम लिएर बजारका सडक-सडकमा डुल्न थाल्छ । गाउँका सोझा सिधा कन्या र सहरकै पनि आफ्नो श्रीमानदेखि सन्तुष्ट नभएका नारीहरूसँग कन्ट्याकगरी, सरकारी कर्मचारी, ठूला नेता, व्यापारीहरूलाई ग्राहक उपलब्ध, गराउने र उनीहरूबाट पैसा लिनेगर्छ । सोझासिधा कति युवतिलाई त पैसा नै नदिई रित्तै पढाइदिने उपन्यासको प्रतिकूल चरित्र हो । ऊ ठूला-ठूला मन्त्री र नेताको विश्वाशिलो पात्र बन्न पुगेको छ । सेवकराम पैसाकानिम्ति मरिमेट्ने द्रव्य पिशाच नै हो । राम्रा-राम्रा सुन्दरीको सबैभन्दा पहिले आफू भोगगरी पाहुँनाको लागि मिलाउने सेवकराम आफ्नो स्वार्थकोलागि कोरीको पनि पाऊ मोल्ने र दुधलाई पानि बनाउँने पानिलाई दुध भनेर बेच्ने यो पात्र व्यक्तिगत जीवन चेतना भएको पात्र हो । उपन्यासमा मञ्चीय रूपमा भूमिका निर्वाह गर्ने सेवकराम उपन्यासको कथावस्तुसँग आवद्ध चरित्र हो ।

उपन्यासकी अत्यन्त सुन्दरी नारी चरित्र चञ्चलालाई फसाउन खोज्दा चञ्चलाले सुन्दरलाई भनेपछि उसको त्यो व्यवसाय बन्द हुन पुग्छ र उसको उठिबास लाग्छ । सुन्दर चञ्चलाको कोठामा गएको बेला गुण्डा पठाउने सेवकराम अरूलाई अघिसारेर आफ्नो स्वार्थ पूरा गर्ने पात्र हो । मान्छेलाई ठग्नु उसको पेसा नै हो ।

## (iv) बालमुकुन्द

**सम्बन्ध** उपन्यासको सहायक पुरुष पात्र हो । खोटाङमा जन्मेर आफ्ना वृद्ध बाबुआमालाई रुवाउदै विदेश जान भनेर घर छोडेर हिडेको अल्लरे ठिटो हो । विदेश गएर फर्केका लाहुरेहरूले अल्लरे ठिटी घुमाएको आरिसले, आफूपनि विदेशगएर लाहुरे हुने, अनि अल्लरे ठिटी पछिलाग्ने सपना बोकी हिडेको तर भर्तिकेद्र खुलेको हल्लामात्र भएकाले ऊ राजविराजमा सहायक अञ्चलाधीसको मूल ढोकामा उभिएर बस्न विवश पात्र हो । सहायक अञ्चलाधीसलाई चिठी पुऱ्याउन जादा पिटाई खाएपछि निर्दोश व्यक्तिलाई पो पिटेछु भन्दै माफी माग्दै आफ्नो कार्यलयमा अस्थायी परिचरका रूपमा नियुक्त खान, बस्न व्यबस्था मिलाई दिएपछि एकवर्ष सम्म प्रजिअकी श्रीमति, छोरी र स्वयं प्र.जि.अ.बाट पीडित पात्र हो । नोकरी स्थाइ भएपछि सुब्बा साहेबको घरमा बस्न थालेपछि दशैंमा घरजाँदा गाउँका तरूनीलाई लाहुर गएर आएको भनि ढाट्ने उपन्यासको प्रतिकूल पात्र हो । नारीलाई हेलाको दृष्टिले हेर्ने

बालमुकुन्द चञ्चलाई बोक्सीको संज्ञा दिन्छ । सुन्दरको नराम्रो कामको पक्ष लिएर सेवकरामलाई धम्की दिन्छ भने, चञ्चलाले पेट बोकिसकेपछि सुन्दरलाई भगाएर राख्ने र चञ्चला सुन्दरको कोठामा जाँदा सातो खाएर उसको बेइज्जत गर्ने उपन्यासको गतिशील पात्र हो । सुन्दरलाई आफ्नो इसारामा नचाउने बालमुकुन्द उपन्यासको कथावस्तुसँग आवद्ध पात्र हो । नीच र प्रतिगामी चरित्र बालमुकुन्द उपन्यासको महत्त्वपूर्ण खल पात्र हो । उसले उपन्यासलाई गति दिने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## (v) अनिता

**सम्बन्ध** उपन्यासकी सहायक नारी चरित्र हो । जतिखेर पनि हाँसिरहने अनिता ओभरसियरकी श्रीमति हुन् । आफ्ना श्रीमानको भोगविलासमा सधैं साथ दिन्छे । ऊ आफ्ना दाजुले विदेशी केटी विवाह गरेर उसैको नोकर जस्तै भएर बस्नु भन्दा आफ्नै देश नेपाल फर्कनुनी भन्ने अनिता देशप्रेमको भावना भएकी नारी चरित्र हो । अनिता उपन्यासकी स्थिर स्वभावकी नारी चरित्र हो । कर्मचारीको कट्ेल भोजमा पनि सामेल हुने अनिता सरकारी कर्मचारीकी बेरोजगार श्रीमति हो । समाजका बेरोजगार महिला जस्तै अर्काको चियोचर्चो गर्ने र आफू भन्दा ठूला दर्जाका कर्मचारीका श्रीमतिका कुरा काट्ने र आफू भन्दा तल्ला तहका कर्मचारीका बुढीसँग सङ्गत गर्ने र उनिहरूबाट विभिन्न सामान उपहार ग्रहण गर्ने उपन्यासकी प्रतिकूल चरित्र हो । आफू जस्तै नारीलाई पेट बोकाएर भाग्ने पुरुषको पक्षमा लागेर चञ्चलालाई तथानाम गाली गर्ने उपन्यासकी मध्य प्रमुख स्त्री पात्र हो । ऊ उपन्यासकी मञ्चीय तथा बद्ध चरित्र हो । उपन्यासलाई गति दिनका साथै निष्कर्षमा पुऱ्याउने कार्यमा उसको महत्त्वपूर्ण भूमिका छ ।

## (इ) गौण पात्रहरू

उपन्यासमा आवश्यकता अनुसार गौणपात्रहरूको प्रयोग गरिएको छ । गौणपात्रहरूले पनि उपन्यासमा उल्लेख्य भूमिका खेलेका छन् । उपन्यासका गौण पात्रहरूको सूची निम्न अनुसार गरिएको छ । बुबा, दिदी, दिलिप, आमा, चौकिदार, कमला, मैयासाहेब, हाकिमनी, अञ्चलाधीस भट्टराई, प्रहरी निरीक्षक कुमार, चिन्डे मुन्द्रे, अञ्चलाधीस पत्नी, मिश्र, मिश्रकी

श्रीमति, प्र..जि.अ..एस.पी.डी.एस्.पी.कार्यलयका एकाउन्टेन, मदनकुमार, मनमिल्ने साथी, ठेकेदार, अग्रवाल, पोखेल, प्रो..्यादव, बाल ब्रह्मचारी, केटाहरू, अङ्गरक्षक, आदि थुप्रै गौणपात्रहरूको प्रयोग गरेका छन् । यी गौणपात्रहरूले पनि उपन्यासमा उल्लेख्य भूमिका खेलेका छन् । उपन्यासको सुरूदेखि अत्य सम्म प्रशस्तै स्त्री तथा पुरुष र सत्-असत् पात्रको भूमिका छ । यी पात्रहरूले प्रमुख तथा सहायक पात्रको कार्यव्यापारमा सहयोगको भूमिका निर्वाह गरेका उपन्यासमा आएका हरेक पात्र अनावश्यक जस्तो लाग्दैनन् । उपन्यासमा उल्लेखित सबै पात्रको भूमिका युक्तिसंगत छ ।

## (ग) **द्वन्द्वविधान**

**सम्बन्ध** उपन्यासमा आन्तरिक तथा बाह्य दुबैप्रकारको द्वन्द्व पाइन्छ । चञ्चला र कुलानन्द शर्मा बीचको द्वन्द्व, सुन्दर र अजयदत्त बीचको द्वन्द्व, सेवकराम र चञ्चला बीचको द्वन्द्व अनिता र अजयदत्त बीचको द्वन्द्व बाह्यद्वन्द्व हुन् भने चञ्चला भित्र समय-समयमा देखिने द्वन्द्व, सुन्दर भित्र उत्पन्न भएको द्वन्द्व, सेवकराम, बालमुकुन्द, अनिता, अजयदत्त, कुलानन्द शर्मा, आदि सबै पात्रमा समय समयमा आन्तरिक मनोद्वन्द्व देखिन्छ । जस्तै चञ्चलाले म जस्ता परिवन्दमा परेका लाचार महिलाले भनौन । एउटाले भए भरका दुःख कष्ट दिने अनि अर्काले मरीमरी सहनु पर्ने भन्दै आफै तर्क विर्तक गर्नु आन्तरिक मनोद्वन्द्व हो । कुलानन्द शर्मा चञ्चलाले अर्कैको पेट बोके पछि उनी तर्क विर्तक गर्दै भन्छन् । “मानिसले जीवनमा कुनै न कुनै भूल अवस्य गर्छन् । पति-पत्नी पनि मान्छे नै भएकाले कहिले काहीं आपसी समन्धलाई पनि आघात पार्न सक्ने उनीहरूबाट गल्ति हुन सक्छन् भन्दै तर्क विर्तक गर्नु आन्तरिक मनोद्वन्द्व हो । त्यस्तै सुन्दर पनि मनोद्वन्द्वबाट पीडित पात्र हो । उपन्यासमा सुन्दरको आर्दशवादी विचारसँग अञ्चलाधीस र अरू भ्रष्टचारी कर्मचारीका अवसरवादी विचारका बीच द्वन्द्व देखिन्छ । आन्तरिक र बाह्य द्वन्द्वका विभिन्न मोड र उपमोड पारगर्दै उपन्यास अघि बढेको छ  समग्रमा द्वन्द्व पक्षको उत्कृष्टता यस उपन्यासमा देखिन्छ ।

### (घ) दृष्टिविन्दु

दृष्टिविन्दु उपन्यामा पात्रको स्थान वा भूमिकालाई दृष्टिविन्दु भनिन्छ । सम्बन्ध उपन्यासमा सृजना गरिएका मुख्य पात्र-पात्राहरू एक्लै आफूभित्र सिङ्गो औपन्यासिक कथानक समेट्न पर्याप्त छन् । उपन्यासका प्रमुख पात्रदेखि सहायक पात्रहरूले पनि उपन्यासको सम्पूर्ण कथावस्तु आफै वर्णन गरेका छन् । उपन्यासमा चञ्चला म पात्रका रूपमा आफ्नो जीवनमा घटेका घटनाहरूको वर्णन गरेकी छ । त्यस्तै सुन्दरले पनि म पात्रका रूपमा आफ्नो जीवनमा घटेका सम्पूर्ण घटनाको वर्णन गरको छ । सुन्दरले आफ्नो कार्यालयमा काम गर्ने कर्मचारीहरूको ऊ पात्रका रूपमा वर्णन गर्छ । त्यस्तै कुलानन्द शर्माले आफ्नो जीवनमा घटेका घटनाको वर्णन गर्दा म पात्रका रूपमा र कार्यलयका अन्य कर्मचारी, गुरुब्रह्मचारी लगायतका अन्य पात्रहरूको जीवनमा घटेका घटनालाई ऊ पात्रका रूपमा वर्णन गरेको पाइन्छ । उपन्यासको सुरुबाटै चञ्चला कथावस्तुलाई अँगाल्छे र वर्णन गर्न थाल्छे । उपन्यासको यस वाक्यले प्रथम पुरुष अर्थात् आन्तरिक केन्द्रीय दृष्टिविन्दुलाई प्रष्ट पार्दछ । जस्तैः

अहँ मलाई पोइनै भएन । कहाँ म यति सुशील, कोमलाङ्गी युवती, कहाँ पेट्टै कालो, मुखै कालो पोइ । उपन्यासको यस शैलीले करिब सम्पूर्ण आख्यानलाई समेटेको छ । उपन्यासमा म पात्रले आफ्ना कार्यव्यपारका साथै उपन्यामा 'ऊ' पात्रको पनि वर्णन गरेको देखिन्छ । बाह्यपुरुषको रूपमा आएको ऊ कम्जोर छ । यसमा उसले गर्ने सम्पूर्ण कार्यव्यापार लाई पनि उपन्यासकारका मुख पात्रबाटै अभिव्यक्त भएका छन् ।

निष्कर्षमा उपन्यासको दृष्टिविन्दु आन्तरिक, केन्द्रीय नै हो ।

### (ङ) परिवेश/देशकाल र वातावरण

परिवेशले उपन्यासले समेटेको स्थान, समय र परिस्थितिलाई बोध गराउछ । **सम्बन्ध** उपन्यासको परिवेश सामान्यतः २०४६ सालअघि र पछिको पञ्चायत कालीन राजविराज सहरको हो भन्ने प्रष्टै छ । यसले नेपथ्य परिवेशका रूपमा चञ्चला, सुन्दर, अजयदत्त, बालमुकुन्द, कुलानन्द शर्मा, सेवकराम, अनिता लयातका अन्य पात्रहरूले बाल्यकालमा बिताएको गाउँ छ र कामको शील-शीलामा बिताएका ठाउँको परिवेश छ । उपन्यासमा

स्थानका रूपमा कुलानन्द शर्मा, रूपा, चञ्चला बस्ने धुलिखेल, त्यस वरपरको क्षेत्र, जागिर खान बसेको ठाउँको परिवेश छ । नेपालका विभिन्न ठाउँहरू प्रासङ्गिक रूपमा आएका छन् । समग्रमा यस उपन्यासले राजविराज नगर र यस वरपरका क्षेत्र, काठमाडौँका विभिन्न स्थान, नेपालको पूर्वीपहाडी भेगका विभिन्न क्षेत्रलाई परिवेशका रूपमा समेटेको छ । उपन्यासले समेटेको वाह्यपरिवेशको नमुना - "तीन पटकको उडान र अवतरणको प्रयत्न पछि चौथो पल्टमामात्र हाम्रो जहाज भिरालो चौरीमा बस्न सकेको थियो । यस्तो डरलाग्दो ठाउँमा किन एरपोर्ट बनाएको होला भन्ने प्रश्न मनमा उठिरह्यो । इलाम नजिर्कको रक्सेडाँडामा झैं यहाँ पनि मान्छे उडाउने खालको हावा-हुरी चल्दो रहेछ ।" पृ.२२ उपन्यासले पञ्चायत कालको चरम अवस्थाको ज्वलन्त परिवेशको चित्रण गरेको छ । पञ्चायत व्यवस्थाका छोटा सामन्तहरू दरबार बनाएर भरौटे पालेर बसेको, सरकारी कर्मचारीहरूले गर्ने अनैतिक काम, घुसपेट, कर्मचारीको भ्रष्टचारी प्रवृत्ति, नैतिक पतनको चित्रणगर्दै इमानदार र गरिखाने व्यक्तिकालागि यो समय उपयुक्त नभएको कुरा परिवेशले समेटेको छ ।

सम्बन्ध उपन्यासमा सरकारी कर्मचारीले आफ्ना भरौटेहरूलाई टन्न मासुभात खुवाएर मोज-मज्जा गर्ने, समाजमा योग्यताका आधारमा कसैको क्षमता मूल्याङ्न नहुने, चाकडी र चाप्लुसीका भरमा व्यक्तिले हैकम चलाउने परिस्थितिका साथै बाच्नकालागि पतित हुनु पर्ने आजको बाध्यतालाई उपन्यासले समेटेको छ । पाश्चात्य अर्थव्यवस्था र विकृत संकृतिको प्रभावमा विग्रेका आजका युवाहरू र विदेशजाने र उतै पलायन हुने प्रवृतिलाई पनि उपन्यासले परिवेशका रूपमा चित्रण गरेको छ ।

परिवेश चित्रणका आधारमा लम्सालका अन्य उपन्यास भन्दा यो उपन्यास निक्कै उत्कृष्ट छ । प्रतक्षत : उपन्यासले निश्चित देश, काल र वातावरणको चित्रण गरे पनि यसले परोक्ष रूपमा व्यापक परिवेशलाई समेटेको छ ।

## (च) भाषाशैली

भाषा विचार अभिव्यक्तिको साधन वा माध्यम हो । शैली यसको प्रस्तुतिको तरिका हो । **सम्बन्ध** उपन्यासको भाषा सरल र सहज छ । शैलीले परम्परालाई तोडेको छ । यसमा

नवीन शैलीको प्रयोग गरी उपन्यासलाई विशेष आकर्षक बनाउँन खोजिएको छ । पूर्व दीप्ति शैलीमा वर्णन भएको उपन्यासमा विभिन्न उखानटुक्का, संकृत तथा अंग्रेजी भाषाका शब्दहरूको प्रयोग पनि पाइन्छ । जस्तैः

सर्प पनि मर्ने लौरो पनि नभाचिने पृ.१२, खाइ नपाइ छालको टोपीलाई, पृ.१७ खुकुरी भन्दा कर्द लाग्ने पृ. ६५, आकाशको फल आँखा तरीमर पृ.६३ आदि । अंग्रेजी शब्दहरू अर्थो पेडिक्स, हाफ पेन्ट, नो अब्जेक्सन, सर्टिफिकेट आदि । प्रसस्तै सस्कृत श्लोकहरूको प्रयोग पनि उपन्यासमा गरिएको छ । जस्तै

देह वासनया ज्ञानं यथावन्नैव जायते

लोकवासनया जन्तो : शास्त्रवासनयापिच

यथापकृष्टं शौवाल् क्षणमात्रंन तिष्ठति

आवृणोति तथा माया प्राज्ञंवापि पराङ् मुखम  आदि । (लम्साल, २०६७. पृ.२०)

उपन्यासमा ठेट नेपाली भाषाको प्रयोग पनि गरिएको पाइन्छ । उपन्यासमा चञ्चलाका व्यंग्यात्मक अभिव्यक्ति, बालमुकुन्दका व्यंग्यात्मक अविव्यक्ति र त्यस्तै संवादले यसको भाषाशैली पक्षलाई नै जोड दिएको छ । भाषाको खँदिलो प्रस्तुतिका कारण उपन्यास सरल देखिन्छ । **सम्बन्ध** उपन्यासमा सृजना गरिएका मुख्य पात्र-पात्राहरू एक्लै आफूभित्र सिङ्गो औपन्यासिक कथानक समेट्न पर्याप्त छन् । पृथक-पृथक विचारले पाठकको मनस्थितिमा हलचल पैदागरेर चेतनालाई सम्वेदनशील बनाउँन सबै पात्रपात्रा जागरुक देखिन्छन् । पात्र अनुसारको भाषा शैलीको प्रयोगले उपन्यास निक्कै रोचक र आकर्षक बनेको छ । समग्रमा **सम्बन्ध** उपन्यासको भाषाशैली सबल र प्रभावकारी छ ।

### (छ) उद्देश्य

संसारमा विना उद्देश्य कुनै पनि काम हुँदैन । उपन्यास लेखनको कुनै निश्चित उद्देश्य हुन्छ । जीवन जगतलाई विभिन्न कोणबाट चित्रण गर्दै प्रयोगात्मक शैलीको प्रयोग गरी आत्मपरक उपन्यास लेख्नु नै यो उपन्यासको उद्देश्य हो । उपन्यासकारले यस उपन्यास मार्फत

पञ्चायत कालमा पञ्चायत व्यवस्थाको आड र भरोसामा गरिएका देश घाती, जनघाती कार्य, यस व्यवस्थाका हाली मुहाली गर्ने अवसरवादी व्यक्तिहरूको नीच कार्यलाई स्पष्टसँग देखाउनु उपन्यासको महत्त्वपूर्ण उद्देश्य हो ।

उपन्यासमा पञ्चायत व्यावस्थामा सरकारी कर्मचारीले गरेको अनैतिक काम, घुसपेट, भ्रष्टाचार, देशविकास गर्न खर्चेको रकमले सहरीक्षेत्रमा आफ्नो घर बनाउने, आफ्ना आफन्तहरूलाई उकास्ने, प्रवृत्तिको चित्रण गर्दै सडक विभाग, वनकार्यलयमा कामगर्ने कर्मचारीको अनैतिक भ्रष्ट र छाडा प्रवृत्तिको चित्रण गर्नु उपन्यास लेखनको अर्को महत्त्वपूर्ण उद्देश्य हो । देश विकास र निर्माणमा राजनीति घुसेर आफ्नो स्वार्थ पूर्तिगर्न देखावटी रूपमा गरेका केही कामले पनि सर्वसाधारण जनतालाई झन् सास्तिखेप्न वाध्य बनाएको छ भन्ने देखाउन उपन्यासमा खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा सर्नाले आज कसरी थला परेको छ, र सर्वसाधारणले कति सास्ति खेप्न विवस हुनु परेको छ भन्ने देखाउनु उपन्यास लेखनको अर्को उद्देश्य हो । धेरै बद्मासका बीचमा एउटा सज्जनको बेहाल हुन्छ भन्ने देखाउनु उपन्यास लेखनको अर्को उद्देश्य हो । जस्तै सुन्दर जस्तो इमानदार व्यक्ति पनि गलत भ्रष्टचारी व्यक्तिको सङ्गतले जनतालाई न्याय दिन नसक्नु ।

यौनआवेशलाई नियन्त्रण गर्न नसके त्यसको परिणाम दुःखदायी हुन्छ । जस्तो चञ्चला । विवाह गर्ने श्रीमान, श्रीमतिको उमेरमा धेरै अन्तर भयो भने पारिवारिक सुख तथा यौन सन्तुष्टि हुन सक्तैन भन्ने देखाउनु, प्रेममा ठूलो सानो जात भात केही हुँदैन् भन्ने देखाउनु उपन्यास लेखनको अर्को उद्देश्य हो । ठूला मान्छेहरूले जस्तै अपराध गरेपनि घुस खुवाएर ढाकछोप गर्दछन्, ठूला व्यक्ति स्त्री लम्पट हुन्छन् भन्ने देखाउनु अर्को उद्देश्य हो । नेता कर्मचारीहरूको यौनशोषण गर्ने र उनीहरूका भरौटेहरू र यौनव्यवसाहीहरूले युवतिहरूलाई ठगी गर्ने प्रवित्तिको चित्रण गर्नु उपन्यास लेखनको अर्को महत्त्वपूर्ण उद्देश्य हो । नेपालीहरूको विदेश भासिने प्रवृत्ति र जतिनै दुःख भएपनि विदेशमा नै सहेर बस्ने, नेपाल नफर्किने प्रवृत्तिको व्यङ्ग्य गर्दै राष्ट्रप्रेमको भावना जागरण गराउनु उपन्यास लेखनको अर्को महत्त्वपूर्ण उद्देश्य हो ।

समग्रमा इमानदारीता र राष्ट्रप्रेमको भावना जगाउदै भ्रष्टचार रहित स्वास्थ्य समाजको परिकल्पना गर्नु नै यस उपन्यास लेखनको उद्देश्य हो ।

## ४.३ विश्वगोपाल लम्सालको खण्डकाव्यको अध्ययन

वि.सं २०६६ सालमा वाणी प्रकाशन विराटनगरद्वारा प्रकाशित भएको **असह्य प्रेम** खण्डकाव्य पाँचौ परिच्छेदमा संरचित लम्सालको एकमात्र काव्य हो । यस काव्यमा पनि लम्साललाई रतिरागी कै रूपमा चिनाउन सकिन्छ । खण्डकाव्यमा समाजको डरले आफूभित्र रहेको पवित्र प्रेमलाई कुन्ठित पार्दै नायक नायिको वियोग भएको सन्दर्भ छ । नायकले आफ्नी प्रेमीकाको विछोडको पीडा सहन नसकेर प्रस्तुत असह्य प्रेम लेख्ने अनुमति माग्छ । यस काव्यको विश्लेषण शीर्षक, मूलभाव, कथावस्तु पात्र वा चरित्र चित्रण, परिवेश, भाषाशैली, जस्ता साहित्यिक कवितात्मक अभिव्यक्तिका घटक तत्त्वहरूको उपयोग गरी प्रस्तुत खण्डकाव्यको विश्लेषण गरिएको छ ।

### ४.३ .१ 'असह्य प्रेम' खण्काव्यको विश्लेषण

### (क) शीर्षक

**असह्य प्रेम** खण्डकाव्यको शीर्षक नायकको नाम र उसभित्रको सहनै नसक्ने पीडाबाट राखिएको छ । यसमा प्रेमलाई प्रियाले छोडेर गएदेखि कथावस्तु आरम्भ भएको छ । प्रेम र प्रियाबीच पवित्रप्रेम बसीसकेपछि, समाजको दृष्टिबाट खसिने डरले आफ्नो ( प्रेम ) को पबित्रताको रक्षागर्नका लागि आफू स्वयं चारीत्रिक दृष्टिले भ्रष्ट भएको अभिनय गर्दै झापा छोपेर काठमाडौँ हुँदै विदेश जाने निश्चय गर्छे । प्रेम मनमनै कुण्ठित हुन्छ र नायिका ( प्रिया ) लाई सम्झेर उक्तकाव्य ( असह्य प्रेम ) लेख्ने अनुमति माग्छ । यसरी असह्य प्रेमकै सेरोफेरोमा यस खण्डकाव्यको विषयबस्तु प्रस्तुत भएकाले विषयवस्तु अनुसार शीर्षक सार्थक रहेको छ ।

### (ख) मूलभाव

**असह्य प्रेम** खण्डकाव्यमा श्रृङ्गार भावको प्रधानता छ । यस खण्डकाव्यमा विप्रलम्भ श्रृङ्गार भावका साथै करुण, हास्य, र शान्त भावको अभिव्यक्ति भएको छ । यस खण्डकाव्यमा कसैले निश्चल निर्मल स्वच्छ प्रेममाथि परम्परागत मानसिकता समाजको डरले कुठाराघात गऱ्यो भने त्यसको परिणाम अप्रिय र पश्चातापपूर्ण हुन्छ भन्ने अभिव्यक्ति यस काव्यमा

पाइन्छ । यसमा प्रतिकात्मक रूपमा राष्ट्रप्रेमको भावना व्यक्त गरिएको छ । प्रेम नेपाल राष्ट्रको प्रतीक हो । उनकी विवाहित पत्नी भरखरै समाप्त राजतन्त्रकी प्रतीक हुन् । उनका दुई सन्तान नेपालको भाग्यलाई  जोख्ने तराजुका दुई पल्लाक प्रतीक हुन् । खण्काव्यकी नायिका ( प्रिया ) हालै विभिन्न झमेलामा फसेको नेपाली वस्तुस्थितिकी प्रतीक हुन् । प्रिया सितको प्रेमको आकर्षण करोडौ नेपालीहरूको देशप्रेमको प्रतीक हो । प्रियाको परिवार दरिद्रताबाट सताइएको नेपाली समाजको प्रतीक हो । प्रियाले प्रेमको भलाईका लागि रोजेको विदेश गमन राष्ट्रिय स्वाभिमानको जगेर्नाका लागि अन्तराष्ट्रिय निकायहरूसित मागिएको गुहारको प्रतीक हो । ( पोखरेल बालकृष्ण : २०६६) **असह्य प्रेम** खण्डकाव्यमा प्रेम गर्नका लागि दुबै युवा-युवतिको उमेर मिल्नु पर्छ । अरुलाई धोकादिएर गरेको प्रेम छ, भने त्यो कहिलै सफल हुन सक्तैन, समाजको डरले पनि प्रेमीप्रेमिकाले विछोडिनु पर्ने हुन्छ भन्ने देखाउन नायक नायिकाको विछोडमा तड्पिएको देखाइएको छ ।

## (ग) कथावस्तु

**असह्य प्रेमको** कथावस्तु अति छोटो छ । विराटनगरका प्रेम नाम गरेका एक अधिकृत थिए । उनी प्रेमका मूर्ति नै थिए । प्रेम रसिक कवि थिए । उनकी पत्नी ज्यादै दक्ष भएको हुनाले दुई छोरीको रेखदेख र घरको प्रबन्धमा उनलाई कुनै चिन्ता थिएन् । उनको निरन्तर रूपमा प्रेमभावना भएका लेख लेखिरहन्थे । उनी चालिसवर्ष नाघेपछि सरुवा भएर झापाको चन्द्रगढी पुगे । त्यो कार्यलयमा उनी अधिकृत थिए । त्यस कार्यलयकी कर्मचारी प्रियानाम गरेकी केटी ( असह्य प्रेमकी नायिका) थिइन् । उनीहरूमा गहिरो मायापिरति बस्नपुग्छ । परन्तु यो पवित्रप्रेमले सीमा नाघ्योभने दुबैजना समाजको दृष्टिबाट खसिने डरले नायिका आफ्नो प्रेमीको पवित्रताको रक्षार्थ आफू स्वयंचाहिँ चारित्रिक दृष्टिले भ्रष्टभएको अभिनय गर्दै झापा छोडेर काठमाडौँ हुँदै विदेश जाने निश्चय गर्छे । प्रेम मनमनै कुण्ठित हुन्छ र नायिका प्रियालाई सम्झेर उक्तकाव्य **असह्य प्रेम** लेख्ने अनुमति माग्छ । यसरी खण्डकाव्य टुङ्गिन्छ ।

## (घ) **पात्र वा चरित्र चित्रण**

**असत्य प्रेम** खण्डकाव्यमा प्रेम, प्रिया, पत्नी, अधिकृत, छोरी, जुँघे युवक, हाकिम, दर्शक, माइली, छोरो, ज्वाइ आदि पात्रहरूको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा प्रेम र प्रियाको भूमिका प्रमुख रहेको छ । यहाँ यिनै दुई पात्रहरूको चर्चा गरिएको छ ।

### (अ) **प्रमुख पात्रहरू**

#### **(i) प्रेम**

प्रेम ब्राह्मण, कुलमा जन्मेका व्यक्ति हुन् । उनी बी.ए. पासगरेका शिक्षित व्यक्ति हुन् । प्रेम विराटनगरका अधिकृत हुन । उनी रसिक कवि पनि हुन् । उनका पत्नी र दुई छोरी पनि छन् । उनकी पत्नी ज्यादै दक्ष भएको हुनाले दुई छोरी रेखदेख र घरको प्रबन्धमा उनलाई कुनैचिन्ता थिएन । प्रेम उमेरले चालिसवर्ष नाघेका व्यक्ति हुन् । उनी प्रेम भावनाले ओतप्रोत भएका साहित्य सिर्जना गर्दछन् । उनको जागिर चालिस वर्ष नाघेपछि सरुवा भएर झापाको चन्द्रगढीमा जान्छ । उनले कामगर्ने कार्यलयमा प्रियानामकी उमेरले झन्नै छोरी भन्न मिल्ने केटीसँग उनको मायाप्रिति बस्न पुग्छ । पवित्र प्रेमले सीमा नाघ्योभने दुबैजना समाजको दृष्टिले भ्रष्ट भइन्छ भन्नेडरले नायिका आफू भ्रष्ट भएको अभिनयगर्दै झापा, काठमाडौं हुँदै विदेशजाने निश्चय गर्छिन । प्रेम मनमनै कुण्ठित हुन्छ र आफ्नी प्रेमिका प्रीयालाई सम्झेर उक्तकाव्य लेख्ने अनुमति माग्छ । जस्तै :

अनुपति देऊ रच्छु म काव्य
हाम्रो उदास जीवनी माथि
चित्त बुझाउने यही उपाय
विजयी हुने विरह माथि ( लम्साल, २०६६. पृ. २१ ) ।

ऊ भौतिक रूपमा सम्पन्न छ । प्रेम स्वभावका दृष्टिले अस्थिर प्रकृतिको छन् । आसन्ताका दृष्टिले मञ्च पात्र हो । प्रेमलाई **असत्य प्रेम** खण्डकाव्यबाट झिकिदिने हो भने खण्डकाव्यको संरचना नै भताभुङ्ग हुने भएकाले आबद्धता दृष्टिले बद्धपात्र मान्न सकिन्छ ।

## (ii) प्रिया

प्रिया यस खण्डकाव्यकी नायिका हुन् । रूपमा अत्यन्त राम्री, ठूल्ठूला आँखा, कालो कपाल, भएकी २२ बर्षकी वयस्क युवति हुन् । प्रेम प्रियाको वर्णन यसरी गर्छन् ।

चित्त परेकी युवती एउटी

तन - बदनमा कला भरेकी

नयन ठूल्ठूला, कालो कपाल

एकै झलकमा हिस्सी परेकी । (लम्साल, २०६६ पृ..१२ )

प्रिया झापाको चन्द्रगढीमा रहेको कार्यलयकी कर्मचारी हुन् । प्रेम नामगरेको उमेरले चालीस नाघेको अधिकृतसँग उनको मायापृति बस्न पुग्छ । प्रिया अत्यन्त सरल र इमानदार नारी पात्र हुन् । पवित्र प्रेमले सीमा नाघ्यो भने हामीदुबैजना समाजको दृष्टिबाट खसिन्छ । त्यसैले म झापा छोडेर बाहिर जान्छु भन्दै प्रिया प्रेमबाट टाढाहुने पात्र हुन् । उनी प्रेम समाजको दृष्टिले खसेको हेर्न चाहन्छन् । प्रिया समाजको अभिमानले आफ्नो प्रेम कुण्ठित पार्न विवश नेपाली नारीहरूकी प्रतिनिधि पात्र हुन् । आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा रहेकी छ ।  यस खण्डकाव्यकी नायिका प्रिया आबद्धता दृष्टिले चाहिँ बद्ध पात्र हो ।

## (ङ) परिवेश

यस खण्डकाव्यमा नेपालको पूर्वाञ्चलको मेची, कोशी, अञ्चलमा पर्ने झापा, चन्द्रगढी विराटनगरको भूगोललाई प्रयोग गरिएको छ । जस्तै :

सरकारी जागिर, स्थानान्तर भो

चन्द्रगढी, तराइमा

जानु विवशता, गए एक्लै

साहित्य -सेवाको ध्येयमा । (लम्साल, २०६६ पृ. ६)

खण्डकाव्यमा अन्य भौगोलिक स्थानका रूपमा चन्द्रगढीमा रहेको कार्यलय, झापाछोडेर काठमाडौं हुदै विदेश गएको प्रसङ्गको वर्णन गरिएको छ ।

कालगत दृष्टिले **असह्य प्रेम** खण्डकाव्यमा २०६२/२०६३ को जनआन्दोलन पछिको समय चित्रित छ । प्रियाको परिवार दरिद्रताबाट सताइएको नेपाली समाजको प्रतीक हो । युवा युवती बीच आत्मीय प्रेम हुँदा हुदै पनि समाजको डरले बिछोडिनु पर्ने बाध्यात्मक स्थितिलाई मार्मिक ढङ्गले व्यक्त गरिएको छ । जस्तै :

प्रिया, तिमी गयौ दूर नगरमा

दृढ निश्चय मनमा गरी

मित्र यहाँ छु ट्वाल्ल परेको

अलमल्ल परी, निर्झर बनी । ( लम्साल, २०६६. पृ.१ ) समग्रमा परिवेशमा दृष्टिले यो खण्डकाव्य उत्कृष्ट नै देखिन्छ ।

## ४.४ विश्वगोपाल लम्सालको नाटकको अध्ययन

**रसिक बूढो अन्योलमा** नाटक १ देखि ३५ पृ.मा समेटिएको वि.सं २०४१ सालमा प्रकाशित लम्सालको नाट्यकृति हो । यसमा वैयक्ति प्रेमको आघातमा छट्पटिएको र तडपिएको बूढो अन्योलमा जीवन बिताइ रहेको सन्दर्भ छ । **रसिक बूढो अन्योलमा** नाटको नाटकका तत्त्वहरू कथावस्तु, चरित्र चित्रण, संवाद, वातावरण, भाषाशैली, उद्देश्य, शीर्षक आदि नाट्यतत्त्वका आधारमा निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.४.१ 'रसिक बूढो अन्योलमा' नाटकको विश्लेषण

#### (क) कथावस्तु

रसिक बूढो अन्योलमा नाटक श्रृंगारिक विषयबस्तुमा केन्द्रित मनोविज्ञानिक नाटक हो । यसको कथानकको उठान युवतिको रूप र सौन्दर्यको वर्णनबाट सुरू हुन्छ, त्यसकै वर्णनमा

टुङ्गिन्छ । यसको कथावस्तुको आरम्भ गुरु र शिश्यको वार्तालापबाट कथावस्तुको आरम्भ हुन्छ । बूढोले नारीको रूप र सौन्दर्यको वर्णन गर्दै नाटकको कथावस्तु यसरी आरम्भ हुन्छ :-

यी सुन्दर नयन बजारका

यी गोरो बदन श्रृगारका

भर्खरै ओर्ले जस्ता छन् स्वर्गबाट

मर्त्य - लोकमा उत्पात मच्चाउन (लम्साल, २०४१. दृ. १ )

बूढो युवतिको कटाक्ष हेराइबाट बेहोस हुन् पुग्छ, चेलो के भएको गुरु भन्दै लडनबाट बचाउँछ । बूढो कवि पनि हो । ऊ आफूलाई मनमा लागेका कुरा आफ्ना जीवनमा भोगेका दुःख सुखलाई साहित्य मार्फत व्यक्त गर्दछ । मान्छे बूढोभए पनि मन बूढो हुदैन, भन्नेकुरा नाटकमा यसरी व्यक्त गर्दछ ।

एक मनको जिन्दगीमा

दश मनका दुःख छन्

संघर्ष कराडौं, छल - छाम अरबौं

नगण्य तर सुख छन् ।

दोस्रो परिच्छेद बूढो युवकलाई लिएर केटी माग्न जान्छन् । केटीलाई दुवैजना भएर जिस्काउँछन् । युवति रिसाउछे । युवक म तिमीलाई मायागर्छु भन्ने कुरा व्यक्तगर्छ भने बूढो, युवतिको सौन्दर्यको वर्णन गर्छ, र युवतिलाई अर्तिउपदेश दिन्छ । त्यति नै बेला ठिटोले युवतिलाई सिन्दुर भर्ने कुरा गर्दछ । त्यसपछि दुबैजना भएर ठिटोलाई पिट्न थाल्छन् । त्यहाँबाट भागेर होटलमा जान्छन् र त्यही रक्सी र अन्य परिकार खान थाल्छन् । होटलमा भएकी परिचारिकाको रूप र सौन्दर्य देखेर बूढो मोहित हुदै कविता मार्फत वर्णन गर्न थाल्छ । होटलका अन्य रक्स्याहा पनि रक्सिले मातेर प्रेम सम्बन्धि गफ गर्न थाल्छन् ।

चौथो दृश्यमा बूढो र ठिटो गन्थन गर्न थाल्छन् । यस जीन्दगीमा भौतारिनु बाहेक केही बाँकी रहेन रामु ! इच्छा, आकांक्षा कुण्ठा बनेर रहे हृदयमा संसार सुख्खा मरुस्थल बन्यो । म

रून्नु न हाँस्नु भए । हास्नु त सपना बराबर, रूने पनि हरे ! मौका परेन । बूढो खाली साहित्य सिर्जना गर्नमा मात्र व्यस्त रहन्छ, तर घर परिवार र श्रीमतिको कुनै वास्ता गर्दैन । श्रीमतिले बूढोलाई विवाह गरेको २० औं वसन्त पार भइ सक्दा पनि कुनै सुख, शान्ति र माया नदिएको भन्दै बूढोलाई गाली गर्दछिन् । बूढो आफूलाई मनमा लागेको कुरा कविता मार्फत व्यक्त गरिरहन्छ । बुढीले बूढालाई कुच्चै कुच्चाले कुट्छिन युवकले छेक्छ, तर सक्तैन । उसले पनि कुटाइ खान्छ दुबैजना त्यहाँबाट भाग्छन् र नाटकको कथावस्तुको अन्त्य हुन्छ ।

## (ख) चरित्र चित्रण

### (i) बूढो

सृङ्गारिक विषयवस्तुमा आधारित **रसिक बूढो अन्योलमा** नाटकको केन्द्रीय पात्र  हो । ऊ नाटकको प्रारम्भ देखि अन्त्यसम्म नै देखिन्छ । उमेरका दृष्टिले ऊ परिपक्व छ तर उसमा उत्ताउलो व्यवहार देखिन्छ । बुढो प्रेमबाट बिछिप्त पात्र पनि हो । ऊ निरन्तर साहित्य सिर्जना गरिरहन्छ । आफूले जीवनमा भोगेका दुःख र प्रेममा खाएको धोका, तड्पाइ आदिलाई मार्मिक ढङ्गले कविता मार्फत व्यक्तगर्ने पात्र हो । उसले मनपराएका युवतिहरूले बेवास्ता गरेपछि ऊ जाड रक्सी खादै हिड्न थाल्छ । अर्को शब्दमा भन्ने हो भने उसको प्रेमी, साथी, अरूकोही नभइ रक्सी नै हो । रक्सीको सुरमा अर्धविक्षिप्त झैं भएर कहिलेकाहीँ  युवति र स्त्रीलाई आफ्ना चोट र पीडाहरू एकोहोरो बर्बराउछ । आफ्नो यौन तृष्णा अपूर्ण भएका कारण त्यो पूरा गर्न ऊ सधै रक्सी पिउछ । उसको जीवनमा ठूलो साहित्यकार बन्ने चाहना थियो तर पूरा हुन नसकेका कारण ऊ चिन्तित छ । ऊ जीवनबाट निरास छ र मर्न चाहन्छ । मानिसले मानिस हुनुको कर्तव्यलाई विर्सदा उसले लोकको र नैतिक जीवनको मूल्य र मान्यतालाई पनि बिर्सिएको हुन्छ भन्ने कुराको अभिव्यक्ति बूढोको अस्वभाविक चरित्र र पवृत्तिबाट स्पष्ट हुने भएकाले बूढो व्यक्ति पात्र नभई वर्गीय पात्र हो ।

## (ii) ठिटो

ठिटो बूढोमा आश्रित सदस्य हो । ऊ बूढोका कविता सुन्ने, बूढोलाई लेख्न अझै प्रेरित गर्ने पात्र हो । ऊ अविबाहित युवक हो । ऊ चञ्चले स्वभावको छ । नाटकको सुरूदेखि अन्त्य सम्म नै उसको भूमिका रहेको छ। ठिटो बूढोसँग केटी हेर्न जादा यसो भन्छ ।

तिमीलाई दंग नपारे

मेरो कान काटिदेऊ

खुशीको रंग नभरे

बाँदर सँग साटिदेऊ ( लम्साल, २०६६. रसिक बूढो अन्योलमा. पृ. १३ )

ठिटो आमा छोरीको कुटाइ खाने पात्र हो । बूढोलाई आदर गर्ने ठिटो अन्त्यमा बूढोलाई कुट्नबाट बचाउने गीति नाटकको सहायक पात्र हो ।

नाटकमा थुप्रै अन्य पात्रहरूको पनि प्रयोग गरिएको छ । स्त्री, युवती, ठिटी, दुलही, बालिका, सुश्री बचरी मैया आदि ।

## (ग) वातावरण

वि.सं २०४१ साल भन्दा पहिलेको वातावरण अनुभूत गराउने **रसिक बूढो अन्योलमा** नाटक पारीवारिक परिवेशमा सृजित छ । मध्यम वर्गीय परिवारबाट सृजित, घटित प्रेम प्रसङ्ग र त्यसको भौतिक र मानसिक रूपबाट विकसित घटना सन्दर्भलाई स्मृतिका आधारमा प्रस्तुत गरिएको छ । उक्त वर्गको सामाजिक एवम् त्यसबाट उत्पन्न मानसिक स्थिति नै यस नाटकको वातावरणीय चित्र हो । स्थानका दृष्टिले नाटकमा ठाउँ तोकिएको छैन् तर यहाँ उल्लेख गरिएका बजार, सिनेमाहल, होटल, सडक, बूढाको घरको दृश्य आदिको उल्लेख भएका कारण यो सहरी परिवेश नै हो भनेर अनुमान लगाउन सकिन्छ ।

### (घ) संवाद

प्रस्तुत नाटकको संवाद पात्रको परिस्थिति र मानसिकता अनुरूप उत्पन्न प्रतिक्रिया र सोचमा आधारित छ । पात्रहरूको आफ्नो भाषिक व्यवहारमा जुन किसिमको सहजता देखिनु पर्ने हो त्यो देखिएकै पाइन्छ ।

### (ङ) उद्देश्य

नेपाली सामाजिक परिवेशमा निम्नवर्गको पारीवारिक जीवनमा देखिने अनमेल विवाह र त्यसबाट उत्पन्न हुने खट्पट्टी, त्यसको विकृत परिणामस्वरूप देखिने अपराध, त्यसले जन्माएको दुःख, कष्ट, एवम् पश्चातापपूर्ण जीवन र आश्रित तथा असहाय भएर बाच्नुपर्ने बाध्यताको प्रस्तुति यसमा पाइन्छ । त्यसबाट व्यक्ति-व्यक्तिमा पर्न जाने मनोवैज्ञानिक असर र एउटा व्यक्ति वा ठाउँमा भएको गल्तीले थुप्रैको जीवनमा नकरात्मक प्रभाव पार्दछ भन्ने परिस्थिति वा अवस्था विशेषको चित्रण नै यस नाटकको उद्देश्य हो । मान्छे प्रेममा असफल भयो भने त्यस्तै किसिमका साहित्यिक कृतिको सृजना गर्दछ भन्ने देखाउनु पनि नाटक लेखनको अर्को महत्त्वपूर्ण उद्देश्य हो ।

### (च) भाषाशैली

**रसिक बूढो अन्योलमा** नाटकको भाषागत प्रस्तुति पात्रको भाषिक पृष्ठभूमि अनुरूप भएको छ । बूढो, ठिटो, युवति, र स्त्रीले आफ्नो तहमा रहेर प्रयोग गरेको भाषामा स्वाभाविकता पाइन्छ । सामान्य पाठककालागि पनि भाषा उपयुक्त छ । नाटकको प्रतुतिमा विगतमा घटित घटनालाई स्मृतिमा ल्याएर प्रतुतगरी कमसः अगाडि बढाउदै वर्तमान सम्म जोड्ने काम भएको छ । अत : बूढोका प्रेम सम्वन्धी विभिन्न प्रसङ्गलाई जोड्दै चौथोदृश्य योजनामा नाटक टुङ्गिएको छ । समग्रमा भाषाशैली सरल र पात्र सुहाउदो छ भन्न सकिन्छ ।

### (छ) शीर्षक

नाटकको कथावस्तुको प्रारम्भदेखि अन्त्य सम्मकै संरचना **रसिक बूढो अन्योलमा** घटना - प्रसङ्गमा आधारित छ । रसिक बूढो मायाप्रेममा तड्पिएको छ । ऊ न परिवारको वास्ता गर्दछ न

आफ्नी श्रीमतिको नै । ऊ त रक्सी पिएर निरन्तर साहित्य सिर्जना गरिरहन्छ युवतिको रूप र सौन्दर्य देखेर तड्पिएको बूढो नाटकको अन्त्य सम्म नै भौतारिएको छ । अत : **रसिक बूढो अन्योलमा** नाटकमा बूढो अन्त्य सम्म नै तड्पिएको, भौतारिएकोले नाटकीय शीर्षक उपयुक्त मात्रै होइन पूर्णत : सार्थक रहेको छ ।

## ४.५ **निष्कर्ष** :

उपन्यास क्षेत्रपछि क्रमस : गीत, खण्डकाव्य, नाटक क्षेत्रमा देखापरेका लम्सालको उपन्यास लेखन तीब्र गतिमा अगाडि बढेको देखिन्छ । **आवरण** (२०२८) उनको पहिलो प्रकाशित उपन्यास हो । **आवरण** उपन्यास प्रकाशित गरी नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका लम्सालका हालसम्ममा पाँचवटा उपन्यास प्रकाशित भइसकेका छन् । **आवरण** (२०२८), **प्रतिशोध** (२०२९), **अन्तिम परिच्छेद** (२०३६) ,**कलंकिनी** (२०४२), **सम्बन्ध** (२०६७) हुन् भने साहित्यका अन्य विधामा पनि त्यतिकै सशक्त रूपमा कलम चलाउने लम्सालका **रसिक बूढो अन्योलमा** (२०४१) गीति नाटक, **सपना** (२०३१), **सपनाको विहे** (२०३२) दुई गीतिकाव्य, **मुक्तकै मुक्तक** (२०४५) मुक्तक संग्रह, **आऊ, गला मिलाऊ** (२०६६) दोहोरी गीत **असह्य प्रेम** ( २०६६) खण्डकाव्य कृतिहरू प्रकाशित भइसकेका छन् । उनका सम्पूर्ण कृति प्राप्त नभएका कारण यहाँ सबै प्रकाशित कृतिहरूको विश्लेषण गरिएको छैन ।

साहित्यका विभिन्न विधामा कलम चलाए पनि लम्साल मूलत : उपन्यासकारकै रूपमा चिनिएका छन् । लम्सालका सम्पूर्ण उपन्यास कृतिमा, सामाजिक यथार्थ, प्रेमका संयोग र वियोग अवस्था अनि मानसिक कुण्ठाका विविध अवस्था, देशप्रेम, प्रकृति प्रेम, कारुणिकता, असहाय तल्लो वर्गका नोकरहरूको दु:ख, पीडालाई मार्मिक तरिकाले प्रस्तुत गरेका छन् । उनले यी उपन्यासहरूमा आफूले देखेका, भोगेका, अनुभव गरेका विषयलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । विश्वगोपाल लम्साल मूलत : मनको गहिराइबाट बोल्ने साहित्यकार हुन् । उपन्यासकार खण्डकाव्यकार, गीतिनाटककार, गीतकार भएको नाताले कलात्मक सौन्दर्यको तहमा उक्लेर उनले मानिसको मन भित्रका तमाम संवेदना, चेतना र वृत्तिलाई विभिन्न माध्यमबाट प्रकाशित पारेका छन् ।

लम्सालले उपन्यासमा मौलिक सामाजिक र यौनमनोवैज्ञानिक आख्यान लेखनलाई नै उच्चता दिएका छन् । उनले विषय वासना प्रतिको क्षुद्र आसक्तिबाट उत्पन्न हुने मानसिक विकार जस्ता सूक्ष्म मनोवैज्ञानिक विषयलाई सफलतापूर्वक औपन्यासिक रूप दिएका छन् । समाज रहेको रूढीवादी, अन्धविश्वासी परम्पराको विरोध गर्दै स्वास्थ्य तथा समुन्नत समाजको परिकल्पना गरेका छन् । उनका रचनामा कतै राष्ट्रप्रेमको भावना झल्किएको पाइन्छ भने कतै प्रकृति प्रेम । उनका उपन्यास तथा अन्य कृति समसामयिक समाजका प्रतिविम्व हुन् । लम्सालले पछिल्लो उपन्यास **सम्बन्ध** मा भने प्रेम र बासनालाई नै उद्देश्य बनाउने परम्परालाई तोड्दै यिनलाई औपन्यासिक श्रृङ्गार वा साधनको रूपमा मात्र प्रयोग गर्न पनि त्यत्तिकै सिद्धहस्त देखिएका छन् । उनी आत्मपरक उपन्यासका माध्यमले प्रयोगात्मक मौलिकतालाई उत्कर्षमा पुऱ्याउन कटिबद्ध भएका छन् ।

लम्सालले **असह्य प्रेम** खण्डकाव्यका माध्यमबाट प्रेम हृदयबाट गरिन्छ । मायाप्रेममा आत्माले चायो भने धनी, गरीब, ठूलोजात, सानोजात, उमेर, स्तर आदिकुराको कुनै परवाह हुदैन, भन्ने देखाउनुका साथै युवा-युवतिको आत्मिय प्रेम हुँदाहुदै पनि समाजको डरले विछोडिनु पर्दाको पीडाले कयौं प्रेमी-प्रेमीकाहरू प्रताडित छन् भन्ने वास्तविकतालाई यस काव्यका माध्यमबाट अभिव्यक्त गरेका छन् । **रसिक बूढो अन्योलमा** नाटकमा पनि रतिरागात्मक विषयवस्तुको नै प्रयोग गरिएको छ । लम्सालले यिनै विविध विषयवस्तुलाई आफ्ना कृतिमा गहन तरिकाले प्रस्तुत गरेका  छन् । विश्वगोपाल लम्सालका यी सम्पूर्ण कृतिले नेपाली साहित्यका फाँटमा एउटा स्पष्ट प्रतिष्ठित र उच्च मूल्यको स्थापना गरेको छ । नेपाली माटो, मानव मनका प्रेम, आशा, निराशा र वेदनाको स्वभाविक र ओजपूर्ण अभिव्यक्ति रहेको पाइन्छ ।

# पाँचौं परिच्छेद

## सारांश र निष्कर्ष

### ५.१ सारांश

खोटाङ्गको नौलामा वि.सं २००३ असार १५ गते पिता शिव प्रसाद लम्साल र माता चन्द्रवदना लम्सालका कोखबाट दोस्रो पुत्रका रूपमा विश्वगोपाल लम्सालको जन्म भएको हो । यिनको न्वारनको नाम कुमार लम्साल राखिएको थियो । हाल यिनी विश्वगोपाल लम्सालका नामले चर्चित छन् । मध्यम वर्गीय परिवारमा जन्मेका विश्वगोपाल लम्सालको बाल्यकालमा नै आमाको दुःखद निधन भएका कारण बाल्यकाल सुखपूर्वक बित्न सकेन । बाबुले सौतेनी आमा विवाह गरेपछि सौतेनी आमासँग मिल्न नसकेका कारण सानै देखि उनको स्वाभिमान जुर्मुरायो । उनी १७ वर्षको उमेर देखि नै स्वाभलम्वी बन्दै सङ्घर्षमा होमिएका थिए । उनको उपनयन संस्कार वि.सं २०१५ सालमा १२ वर्षको उमेरमा खोटाङ्गको नौलामा भएको थियो । लम्सालले प्राथमिक शिक्षा र निम्न माध्यमिक भोजपुरमा आएर पूरा गरेका हुन् । माध्यमिक तहको शिक्षा लम्सालले अनौपचारिक शिक्षा मार्फत एस्.एलसी सो सरह शिक्षा हासिल गरेका थिए । त्यसपछि राजविराजमा दर्शनशास्त्र र साहित्यको अध्ययन गरी आई.ए उत्तीर्ण गरेका थिए भने वि.सं २०२६ सालमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकको उपाधि हासिल गरे । स्नातकोतरमा भर्ना गरेका लम्सालले कार्यव्यस्तता र समय अभावका कारण अध्ययन पूरा गर्न सकेनन् ।

यिनको विवाह वि.सं २०३२ सालमा विराटनगर बालिका विद्यालयकी विज्ञान विषयकी शिक्षिका सुशीला शर्मासँग २९ वर्षको उमेरमा भएको थियो । यिनका एक छोरा र दुई छोरी छन् । यिनका आमाको मृत्यु वि.सं २००६ मा र बुबाको मत्यु २०६० मा भएको हो । लम्साल मध्यमवर्गीय परिवारमा जन्मेका भएपनि उनले पैत्रिक सम्पतिको कुनै आड र भरोसा नलिइ आफै सघर्ष गरेर जीवन यापन गरेका हुन् । यिनले जागिरका क्रममा देशका विभिन्न ठाउँहरूको भ्रमण गर्ने अवसर पाएका छन् । यिनले भारत वाहेक विदेशका अन्य ठाउँको भ्रमण गरेका छैन्न । उनी हाल विराटनगर मधुमारा -११ मा आफ्नै मिहिनेत र परिश्रमले कमाएको घरमा बस्तै आएका छन् । वहुमुखी प्रतिभाशाली व्यक्तित्वका धनी विश्वगोपाल

लम्साल मन्त्रालयको उपसचिवमा सेवारत भएका कारणले कुनै पनि सङ्घ-संस्थामा आवद्ध भएका छैनन् ।

विश्वगोपाल लम्साल बाल्यकालदेखि नै विभिन्न साहित्यिक कार्यक्रममा सहभागी हुन्थे । उनले औपचारिक रूपमा वि.सं २०२८ सालमा **आवरण** उपन्यास लेखेका थिए । २०२८ सालबाट नेपाली साहित्यका क्षेत्रमा देखापरेका लम्सालका हालसम्म पाँच उपन्यास **आवरण** (२०२८), **प्रतिशोध** (२०२९), **अन्तिम परिच्छेद** (२०३६), **कलंकिनी** (२०४२), **सम्बन्ध** (२०६७), प्रकाशित भइसकेका छन् । बहुमुखी प्रतिभाका धनी विश्वगोपाल लम्साललले उपन्यास बाहेक **सपना** (२०३१), **सपनाको विहे** (२०३२) गरी दुई गीति काव्य, **रसिक बूढो अन्योल (२०४१)** गीति नाटक, **मुक्तकै मुक्तक** (२०४५) मुक्तक नाटक, **असह्य प्रेम** (२०६६) खण्डकाव्य, **आऊ, गला मिलाऊ** (२०६६) दोहोरी गीत पुस्तककार रूपमा प्रकाशनमा आएका कृतिहरू हुन् । उनका सबै कृतिहरूमा प्रेम, प्रणय, नारीप्रति सद्भाव, वौद्धिकता, व्यङ्ग्यात्मकता, विचारमा सौम्यता, सरलता सहजता पाइन्छ भने कतै-कतै पत्रात्मक शैली (**कलंकिनीमा**) पाइन्छ । साहित्यका विविध विधामा कलम चलाए पनि लम्साल मूलतः उपन्यासकार नै हुन् । लम्सालको **रसिक बूढो अन्योलमा** नाटक मैथिली भाषामा अनुवाद भएको छ । यस कृतिले पटनामा अखिल भारतीय मैथिली नाटकबाट सम्मान पुरस्कार समेत प्राप्त गरेको छ । लम्सालको पहिलो उपन्यास **आवरण** राजविराजबाट वि.सं २०२८ सालमा लेखक स्वयंले प्रकाशनमा ल्याएका हुन् । यो उपन्यास आठौ परिच्छेद र १३८ पृ. मा समेटिएको छ । यौनमनोविज्ञान र सामाजिक यथार्थको प्रयोग गरी लेखिएको **आवरण** उपन्यासमा समाजमा रहेको रूढीवादी, अन्धविश्वासी परम्पराको खोइरो खन्दै निसन्तान आमाबाबुका पीडा र यौनविकृतिको चित्रण गरिएको छ ।

**प्रतिशोध** उपन्यास विश्वगोपाल लम्सालको दोस्रो उपन्यास हो । वि.सं २०२९ सालमा लेखक स्वयंले राजविराजबाट प्रकाशनमा ल्याएको उपन्यास हो । यो उपन्यास २३ परिच्छेदमा संरचित र १५५ पृ. सम्म विस्तृत छ । यस उपन्यासमा काठमाडौंको सामाजिक पृष्ठभूमिमा एउटा समाजमा अपहेलित नौली र लाटोले भोग्नु परेका दुःख र दर्द हरूलाई नै विषयवस्तु बनाएको पाइन्छ । **अन्तिम परिच्छेद** उपन्यास लम्सालमो तेस्रो प्रकाशित कृति हो । पन्ध्रौ परिच्छेदमा संरचित यो उपन्यास ११२ पृ.मा संरचित छ । यस उपन्यासमा उपन्यासकारले

समाजको यथार्थ घटनालाई कल्पनाले रङ्गाएर प्रस्तुत गरेका छन् । व्यक्तिमा उत्पन्न हुने मानसिक, अर्न्तद्वन्द्व, कुण्ठा, आवेश र यौनमनोविज्ञानको कलात्मक ढङ्गले चित्रण गरिएको पाइन्छ । **कलंकिनी** लम्सालको चौथो औपन्यासिक कृति हो । वि.सं २०४२ सालमा विराटनगरबाट प्रकाशित भएको पृ.६० मा संरचित यौनमनोवैज्ञानिक उपन्यास हो । नेपाली उपन्यास क्षेत्रमा एउटा छुट्टै पहिचान स्थापना गर्न सफल लम्सालको पाँचौं प्रकाशित उपन्यास हो । **सम्बन्ध** (२०६७) यस उपन्यासमा प्रेम र वासनालाई नै उद्देश्य बनाउने परम्परालाई तोड्दै यिनलाई औपन्यासिक श्रृङ्गार वा साधनको रूपमा प्रयोग गरी आत्मपरक उपन्यासको माध्यमले प्रयोगात्मक मौलिकतालाई उत्कर्षमा पुऱ्याउन सफल भएका छन् । लम्सालका अन्य उपन्यास कृति भन्दा यो कृति निक्कै उत्कृष्ट रहेको छ । पञ्चायत कालीन अञ्चलाधीसहरूका सकरात्मक र नकरात्मक क्रियाकलाप खोतल्दै पञ्चायत व्यवस्थाको आड र भरोसामा गरिएका देशघाती, जनघाती, कार्य र यस व्यवस्थामा हाली-मुहाली गर्ने अवसरवादी व्यक्तिहरूको नीच कार्यलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

कविताको मझौला रूप खण्डकाव्य समेत लेखिसकेका लम्साल जुनसुकै विधामा कलम चलाउन पनि उत्तिकै खप्पिस छन् । उनको **असह्य प्रेम** (२०६६) खण्डकाव्य वाणी प्रकाशन विराटनगरबाट प्रकाशित भएको कृति हो । यो कृति पाँचौ परिच्छेद र ३१ पृ.मा विस्तरित भएको छ । यस काव्यमा पनि लम्साललाई रतिरागी कै रूपमा चिनाउन सकिन्छ । प्रस्तुत काव्यमा समाजको डरले आफूभित्र रहेको पवित्र प्रेमलाई कुण्ठित पार्दै नायक-नायिकाको वियोग भएको सन्दर्भलाई खण्डकाव्यका रूपमा व्यक्त गरिएको छ । विश्वगोपाल लम्सालको **रसिक बूढो अन्योलमा** नाटक १ देखि ३५ पृ.मा समेटिएको २०४१ सालमा प्रकाशित गीति नाटक हो । यसमा वैयक्तिक प्रेमको आघातमा छट्पट्टिएको र तड्पिएको बूढो अन्योलमा जीवन बिताइ रहेको कुरालाई नाटकीय रूपमा प्रस्तुत गरिएको छ । लम्सालका अन्य कृति पनि वैयक्तिक प्रेमको आघात परेका तथा असफल प्रेममा रन्थनिएका पात्रको मानसिक अर्न्तद्वन्द्व कै कलात्मक प्रस्तुति हुन् ।

नेपाली साहित्यका उपन्यास, गीत, खण्डकाव्य, नाटक लेखन प्रकाशनको गतिलाई निरन्तरता प्रदान गर्ने अन्य साहित्यकारहरू मध्ये विश्वगोपाल लम्साल पनि एक देखिन्छन् ।

उनले साहित्यिक कृतिहरूमा भोगेकै यथार्थलाई प्रस्तुत गरेका छन् । लम्साल रोमान्टिक साहित्यकार हुन् । यिनका सिर्जनामा मनोविज्ञान पाइन्छ । यिनका रचनामा देशप्रेमको भाव पोखिएको पाइन्छ । विभिन्न भाषामा लेखिएका अग्रज साहित्यकारहरूका कृति मार्फत प्रोत्साहन, जीवनका मोड-उपमोड, उतार-चढाव र देश विदेशका भ्रमणमा देखापरेका विविध विषयवस्तु नै यिनका लेखनका प्रेरक तत्त्व बनेका छन् । साहित्यका विविध फाँटमा कलम चलाउने लम्साल मूलतः उपन्यासकार हुन् । उनले उपन्यासबाट नै आफ्नो सिर्जनात्मक लेखन प्रारम्भ गरेको पाइन्छ भने गीत, खण्डकाव्य र नाटक क्षेत्रमा पनि उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ । उनले उपन्यासका क्षेत्रमा नवीन प्रयोग गरेका छन् । उनलाई अखिल भारतीय मैथिली नाटकबाट सम्मान पुरस्कार प्राप्त भएको छ ।

गाँउदेखि सहर सम्मको र विभिन्न देश-विदेशको सामाजिक जीवन भोगी सकेका लम्साल ग्रामीण एवम् सहरी परिवेश, देशको आर्थिक, सामाजिक, राजनीतिक परिवेशलाई हेरी साहित्य सिर्जना गर्दछन् । यिनी जे देख्छन् जे भोग्छन् त्यही लेख्छन् । यिनका रचनाहरूमा सामाजिक जनजीवनको यथार्थ चित्र खिचिएको पाइन्छ । विशेष गरी नेपाली गाउँ, समाज, र राष्ट्रमा व्याप्त राजनैतिक विकृति, विसङ्गति, आर्थिक शोषण, सामाजिक यातना, पीडा, अभाव, महङ्गी, अन्याय, अत्याचारमा पिल्सिरहेका मानव जीवनको मार्मिक अभिव्यक्ति गरिएको पाइन्छ । नारी माथि गरिएका यातना, पीडा, अन्याय, अत्याचार, हेय भाव आदिलाई पनि कडा रूपमा प्रस्तुत गरिएको छ । नेपाली उपन्यास, गीत, खण्डकाव्य, नाटकका इतिहासमा मनोविश्लेषणात्मक तथा यथार्थवादी धारा अन्तर्गत कलम चलाउने साहित्यकारका रूपमा स्थापित भएका छन् । बहुमुखी प्रतिभाका धनी लम्साल नेपाली साहित्यका अध्ययनशील, चिन्तनशील, सिर्जनशील साहित्यकारका रूपमा चर्चित छन् । उनको सिर्जनशील स्रष्टा व्यक्तित्व हालसम्म पनि उत्तिकै उर्वर रहेको छ । पछिल्लो समयमा एकाएक अस्वस्थ हुन पुगेका लम्सालको शीघ्र स्वास्थ लाभको कामना गर्दै लम्सालबाट आगामी साहित्य साधना अझ सिर्जनशील, उर्वर र अझ राम्रा-राम्रा कृतिहरूका आश गर्न सकिन्छ ।

## ५.२ निष्कर्ष

विश्वगोपाल लम्सालको जन्म वि.सं २००३ असार १५ गते खोटाङको नौलामा भएको हो । मध्यम वर्गीय परिवारमा जन्मेका विश्वगोपाल लम्साल ३ वर्षको हुँदा नै आमाको निधन भएका कारण उनको बाल्यकाल सुखपूर्वक बित्न सकेन ।

लम्साल सानै उमेरदेखि नै विभिन्न संघर्ष गर्दै आफ्नो जीवन यात्रालाई अगाडि बढाएका व्यक्ति हुन् । उनी अर्थमन्त्रालयको उपसचिव तहको कार्यभार सम्हाल्दै साहित्य सिर्जनालाई अगाडि बढाएका व्यक्ति हुन् । विश्वगोपाल लम्सालले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् तापनि उनको लेखन गद्य विधातर्फ बढी झुकेको छ ।

**आवरण** उपन्यास लेखेर नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेका लम्सालका हाल सम्ममा पाँचवटा उपन्यास **आवरण, प्रतिशोध, अन्तिम परिच्छेद, कलंकिनी, सम्बन्ध** प्रकाशित भइसकेका छन् भने **सपना**, **सपनाको विहे** दुई गीतिकाव्य, **रसिक बूढो अन्योलमा** गीति नाटक, **मुक्तकै मुक्तक** मुक्तक संग्रह, **आऊ, गला मिलाऊ** दोहोरी गीत, **असह्य प्रेम** खण्डकाव्य कृतिहरू प्रकाशित भइसकेका छन् । साहित्यका विविध विधामा कलम चलाए पनि लम्साल मूलत : उपन्यासकारकै रूपमा चिनिएका छन् । निष्कर्षमा के भन्न सकिन्छ भने उपन्यास, गीत, खण्डकाव्य, नाटक, मुक्तक नाटकका माध्यमबाट नेपाली साहित्यको विकास र उन्नति गर्ने साहित्यकारका रूपमा विश्वगोपाल लम्साललाई लिन सकिन्छ । जहाँसम्म यिनका कमजोरी पक्षलाई केलाउँदा उनका खण्डकाव्य र गीतहरू सैद्धान्तिक मान्यतामा पूर्णतः आधारित हुन सकेका देखिदैनन् । उनको प्रथम प्रकाशित उपन्यास **आवरण** को तुलनामा **सम्बन्ध** उपन्यास निक्कै खारिएको र माझिएको छ । उनको साहित्यिक भविष्य उज्वल देखिन्छ । समग्रमा भन्नु पर्दा विश्वगोपाल लम्साल नेपाली साहित्यको विकासमा हालसम्म पनि साधनारत प्रतिभा हुन् । उनलाई उपन्यास, गीत, खण्डकाव्य, नाटक, मुक्तक नाटक विधामा कियाशील यथार्थपरक मनोश्विलेषणात्मक साहित्यकारका रूपमा चिन्न सकिन्छ ।

## ५.३ अध्ययनका सम्भावित क्षेत्रहरू

(१) विश्वगोपाल लम्सालको उपन्यासकारिताको अध्ययन,

(२) विश्वगोपाल लम्सालको खण्डकाव्यकारिताको अध्ययन,

(३) विश्वगोपाल लम्सालको नाट्यकारिताको अध्ययन ।

# सन्दर्भ सामग्री सूची


कार्की, मदनकुमार. २०६६. 'भूमिका'. **आऊ गला मिलाऊ**. (लेखक. विश्वगोपाल लम्साल). विराटनगर : वाणी प्रकाशन ।

घिमिरे, भरत. २०६९. 'नारायण प्रसाद वाग्लेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित एम्.ए. शोधपत्र. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

जोशी, राजप्रसाद. २०६५. 'राजेन्द्र थापाको जीवनी व्यत्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित एम्.ए. शोधपत्र. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

त्रिपाठी, वासुदेव. २०६७. **नेपाली बृहत् शब्दकोश.** काठमाडौँ : ने.रा.प्र.प्र. ।

दाहाल, विदुरप्रसाद. २०५८. 'यादव खरेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित एम्.ए. शोधपत्र. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पोखरेल, बालकृष्ण. २०६६. 'दुई शब्द साधुवादका'. **असह्य प्रेम.** (लेखक. विश्वगोपाल लम्साल). विराटनगर : वाणी प्रकाशन ।

भट्टराई, घटराज. २०५६. **नेपाली लेखक कोश**. काठमाडौँ : लक्ष्मी प्रसाद देवकोटा प्रकासन प्रतिष्ठान ।

भट्टराई पाखे, रमेश. २०६७. 'भूमिका'. **सम्बन्ध**. (लेखक : विश्वगोपाल लम्साल). विराटनगर : अरनिको छापाखाना ।

लम्साल, पीताम्बर भोला.२०४२. **लम्साल वंशावली, शिवा सन्तति महाकाव्य**. धरान : जगदीश प्रिन्टर्स ।

लम्साल, विश्वगोपाल. २०२८. **आवरण.** राजविराज : सन्मार्ग प्रेस ।

........, ................ २०२९. **प्रतिशोध**. राजविराज : सन्मार्ग प्रेस ।

........., ................ २०३६. **अन्तिम परिच्छेद. राजविराज** : हलेसी छापाखाना ।

........, ................ २०४१. **रसिक बूढो अन्योलमा.** विराटनगर : जनजीवन छापाखाना ।

........, .............. २०४२. **कलंकिनी.** विराटनगर : जानुका पुस्तक भण्डार ।

........., ................ २०६६. **असह्य प्रेम**. विराटनगर : वाणी प्रकाशन ।

........, .............. २०६६. **आऊ गला मिलाऊ**. विराटनगर : वाणी प्रकाशन ।

........., .............. २०६७. **सम्बन्ध**. विराटनगर : अरनिको छापाखाना ।

शर्मा, ज्योति. २०६९. 'चन्द्रप्रसाद भट्टराईको नियात्राकारिता'. अप्रकाशित एम्.ए. शोधपत्र. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शर्मा, तारानाथ. २०२८. 'प्रकाशकीय'. **आवरण**. (लेखक. विश्वगोपाल लम्साल). राजविराज : सन्मार्ग प्रेस ।

साहु, जगदीश. २०३६. 'प्रकाशक'. **अन्तिम परिच्छेद**. ( लेखक. विश्वगोपाल लम्साल). राजविराज : हलेसी छापाखाना ।

सिग्द्याल, सोमनाथ. २०१६. **साहित्य प्रदीप.** काठमाडौँ : नेपाल एकेडेमी ।

सुवेदी, दधिराज. २०३६. 'भूमिका'. **असह्य प्रेम**. (लेखक. विश्वगोपाल लम्साल). विराटनगर : वाणी प्रकाशन ।